# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३५, पूर्णाङ्क ३०५ | २०७८ चैत्र ९ गते बुधबार | Wednesday, 23 Mar 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका युवा नेता बस्नेत ३ वर्षपछि रिहा

**सर्लाही ।**

नेपाल कम्युनिस्ट पार्टी सर्लाहीका पूर्वजिल्ला सेक्रेटरी तथा तत्कालीन जनकपुर ब्युरो सदस्य राजन बस्नेत झन्डै ३ वर्षपछि जेलमुक्त भएका छन् । उनी सोमबार जिल्ला अदालत सर्लाहीको आदेशमा रिहा भएका हुन् ।

नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन ब्युरो सदस्य तथा युवा सङ्गठनका केन्द्रीय सदस्य राजन बस्नेतलाई प्रहरीले सङ्गठनको कामको सिलसिलामा २०७६ साल वैशाख २५ गते बिहान बर्दिबासबाट गिरफ्तार गरेको थियो ।

नेकपाका तत्कालीन जनकपुर ब्युरो इन्चार्ज अरुणले प्रेस विज्ञप्ति प्रकाशित गर्दै उक्त गिरफ्तारीको विरोध गरेका थिए ।

# नेकपाको १२ औँ पूर्ण बैठक जारी

## श्रम उत्पन्न हुने गरी समाचार सम्प्रेषण नगर्न केन्द्रीय कार्यालयको आग्रह

■ रातोखबर संवाददाता/काठमाडौँ

कपिलवस्तु शिवगढीस्थित पार्टी केन्द्रीय सम्पर्क कार्यालयमा शनिबार सुरु भएको नेपाल कम्युनिस्ट पार्टीको १२ औं पूर्ण बैठक चौथो दिन पनि जारी छ । नेकपा केन्द्रीय कार्यालय स्रोतका अनुसार बैठकमा आगामी पार्टी नवौँ महाधिवेशन, एमसीसीविरोधी आन्दोलन र आउँदो स्थानीय निर्वाचन गरी तीन विषयमा छलफल जारी छ । स्थानीय निर्वाचन प्रयोग गर्नेसम्बन्धी पार्टी महासचिवद्वारा प्रस्तुत प्रस्तावमाथि बहस जारी रहेको बताइएको छ । मङ्गलबार अपराह्नसम्म केन्द्रीय सचिवालय सदस्यसमेत पचासजना केद्रीय सदस्यले पार्टी जिम्मेवारीको रिपोर्टिङसहित महासचिवको राजनीतिक प्रतिवेदनमाथि आआफ्नो सुझाव र मत व्यक्त गरिसकेका छन् ।

पार्टी स्रोतले क्रान्तिको नयाँ मार्गका लागि बैठकमा गम्भीर बहस जारी रहेको जनाएको छ । छलफल र बहसमा राष्ट्रिय/अन्तर्राष्ट्रिय दुवै विषय समावेश छन् ।

जनतासँग जोडिएर जानुपर्ने आवश्यकता र औचित्यका विषयमा केन्द्रीय सचिवालय सदस्य र केन्द्रीय सदस्यबीच छलफल बढी केन्द्रित रहेको जनाइएको छ । विभिन्न सञ्चारमाध्यममा पार्टीको बैठकमा कोको चुनावका पक्षमा र कोको चुनावका विपक्षमा छन् भनी आएका टिप्पणी सत्य नभएको केन्द्रीय कार्यालयले जनाएको छ । अड्कलका भरमा, भ्रम उत्पन्न हुने, क्रान्तिकारी शक्तिमा फुट उत्पन्न गर्ने गरी, क्रान्तिकारीहरूबीच वैमनस्य बढ्ने गरी, जान वा अन्जान रूपमा, पार्टी क्रान्तिकारी पङ्क्तिमा फुट पैदा गर्ने षड्यन्त्रस्वरूप, कल्पनाका भरमा सार्वजनिक गरिएका अनर्गल प्रचारको भरमा नपर्न र दिग्भ्रमित नहुन पार्टी केन्द्रीय कार्यालयले आह्वान गरेको छ ।

पार्टीका सम्पूर्ण नेता-कार्यकर्ता क्रान्तिका पक्षमा एक ढिक्का भएर अघि बढ्ने विषयमा बहस र छलफल केन्द्रित रहेको जानकारी बैठकमा सहभागी रातो खबरका निर्देशकसमेत रहेका पार्टी केन्द्रीय सदस्य प्रज्वलनले दिए ।

चुनाव प्रयोग वा बहिष्कार गर्ने विषय कार्यनीतिक विषय भएकाले

... बाँकी पृष्ठ ८ मा




## नेकपा नेता सुनिल १६ महिनापछि रिहा

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीका नेता पेम्बा साङ्गे शेर्पा 'सुनिल' १६ महिनापछि आइतबार जेलमुक्त भएका छन् । उनी २०७७ साल मङ्सिर ७ गते गिरफ्तार भएका थिए । १६ महिनाअघि झापाबाट गिरफ्तार भएका उनी अदालतको फैसलाबाट रिहा भएका हुन् । मोरङ जिल्ला अदालतले उनलाई एक वर्ष ४ महिनाको कारागार सजाय र १५ हजार जरिबाना तोकेको थियो ।

अदालतको फैसलाअनुसार १ वर्ष ४ महिना जेल भुक्तान गर्दै १५ हजार जरिबानासमेत बुझाएर उनी आइतबार रिहा भएका हुन् । जिल्ला अदालत मोरङले गएको पुस ९ गते उक्त फैसला गरेको थियो । फैसलाअनुसार

... बाँकी पृष्ठ ८ मा

## अखिल (क्रान्तिकारी) द्वारा महिला हिंसाविरुद्ध प्रदर्शन

**पोखरा ।** अखिल (क्रान्तिकारी) गण्डकी प्रदेश छात्रा विभागद्वारा मोरङको लेटाङ नगरपालिका वडा नं ५ स्थित शिक्षा विकास माविमा कक्षा ७ मा अध्ययनरत छात्रामाथि आइतबार विद्यालय परिसरमा सोही विद्यालयमा अध्यापन गर्ने शिक्षक मनोज पौडेलले गरेको यौन दुर्व्यवहारलगायत देशैभरि भइरहेको यौनजन्य हिंसाविरुद्ध ऱ्यालीसहित प्रदर्शन गरेको छ ।

पोखराको कन्या क्याम्पसअगाडिबाट सुरु भएको छात्राहरुको विरोध ऱ्याली पृथ्वीनारायण क्याम्पसअगाडि पुगेर सभामा

... बाँकी पृष्ठ ८ मा

# राष्ट्रघाती एमसीसीविरुद्ध देशव्यापी आन्दोलन जारी

■ रातोखबर संवाददाता/काठमाडौँ

नेकपालगायत ६ राजनीतिक दलमा आबद्ध विभिन्न जवस र मोर्चाहरुले राष्ट्रघाती एमसीसीविरुद्ध काठमाडौँलगायत देशव्यापी आन्दोलन जारी राखेका छन् ।

यसैक्रममा दाङको भालुबाङमा राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध प्रदर्शनसहित कोणसभा सम्पन्न भएको छ । विप्लव नेतृत्वको नेकपा निकट श्रमिक समुदाय मोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा निकट जातीय समता समाज र नेकपा (क्रान्तिकारी माओवादी) निकट दलित मुक्ति मोर्चा नेपालको संयुक्त आयोजनामा राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध प्रदर्शन सम्पन्न भएको हो ।

प्रदर्शनपछि आयोजित कोणसभामा सम्बोधन गर्दै श्रमिक समुदाय मोर्चा नेपालका केन्द्रीय सदस्य सुरजले उत्पीडित जातिले अधिकार प्राप्तिका लागि दलाल पुँजीवादी राज्यसत्तालाई ध्वस्त गर्नैपर्ने बताए । उनले श्रमिक जनताले आफ्नो राज्यसत्ता स्थापना नगर्दासम्म सबैखाले विभेदबाट मुक्त हुन नसक्ने स्पष्ट पारे । नेता सुरजले राष्ट्रघाती एमसीसी सम्झौता कुनै पनि हालतमा लागू हुन नदिने बताए । उनले भने, 'हामी जीवित रहँदासम्म एमसीसी लागू गर्ने सपना नदेखे हुन्छ । हामी मृत्युवरण गर्छौं तर देश बेच्न दिदैनौँ ।'

कोणसभामा जातीय समता समाजका केन्द्रीय सल्लाहकार एवम् लुम्बिनी प्रदेश सदस्य चन्द्रबहादुर नेपालीले एमसीसी पास गरेर राष्ट्रघात गरेका विदेशी दलालहरूलाई गाउँगाउँमा भोट माग्न आए भाटे कारबाही गर्नुपर्ने बताए ।

कोणसभाको सहजीकरण जातीय समता समाजका जिल्ला सचिव बलदेव विश्वकर्माले गरेका थिए ।

... बाँकी पृष्ठ ८ मा

## नेकपा उदयपुरद्वारा खेताला बाप्रति श्रद्धाञ्जली

**उदयपुर ।** नेपाल कम्युनिस्ट पार्टी जिल्ला संगठन समिति उदयपुरले पूर्णबहादुर खत्री (खेताला बा) को निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ । नेपाल कम्युनिस्ट पार्टी उदयपुर सेक्रेटरी लक्ष्मण पौडेलले शोक वक्तव्य जारी गरी उदयपुर को कम्युनिस्ट आन्दोलनका अग्रज पूर्णबहादुर खत्री (खेताला बा) को निधनप्रति दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।

विज्ञप्तिमा उदयपुर कटारी नगरपालिका वडा नं. १० सोरुङ छबिसे वरडाँडामा जन्मिएका खेताला बाले देश र समाजको आमूल परिवर्तन र जनताको अधिकारका लागि निर्वाह गरेको अमूल्य योगदानको उच्च सम्मान गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरिएको छ । 'साथै यस दुःखद् घडीमा शोकमा रहेका सम्पूर्ण आफन्तजनमा गहिरो समवेदना अर्पण गर्दछौँ', जिल्ला सेक्रेटरी पौडेलद्वारा हस्ताक्षरित शोक वक्तव्यमा उल्लेख छ ।

## बालिकालाई क्रूर यातना दिएको घटनाप्रति भर्त्सना

■ रातोखबर संवाददाता/काठमाडौँ

श्रमिक समुदाय मोर्चा नेपालले रामेछापमा १२ वर्षीय बालिका सरिता नेपालीलाई क्रूर यातना दिई जातीय विभेद तथा छुवाछूत गरेको घटनाप्रति घोर विरोध एवम् भर्त्सना गरेको छ ।

श्रमिक समुदाय मोर्चा नेपालका संयोजक विक्रम नेपालीले प्रेस विज्ञप्ति जारी गरी रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नं. ६ मा गत फागुन ३० गते १२ वर्षीया श्रमिक समुदाय (दलित) बालिका सरिता नेपालीलाई कथित उच्च जातको घरभित्र पसी दही चोरेको बहाना बनाएर घरधनी शेरबहादुर श्रेष्ठ र उनकी श्रीमतीले बालिकालाई पिँढीको थाममा बाँधेर सिस्नोपानी लगाउँदै लाठीले पिटेर २१ घन्टा रातभर यातना दिएको घटनाप्रति घोर विरोध गर्दै कुटपिटमा संलग्न दोषीलाई कानुनी कारबाही र पीडितलाई उचित न्याय दिलाउन जोडदार माग गरेका छन् ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस घटनामा शरीर बन्धक बनाई कुटपिट मुद्दा आकर्षित हुने भएकाले सोहीबमोजिम कानुनी कारबाही र पीडितलाई उचित न्याय दिलाउन जोडदार माग गर्दछौं ।'

## नेकपा बैतडीद्वारा अवस्थीको श्रद्धाञ्जलीसभा सम्पन्न

**बैतडी ।**

नेपाल कम्युनिस्ट पार्टी बैतडीले सुर्नयामा डम्बर अवस्थीको श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ । नेपाल कम्युनिस्ट पार्टी बैतडीद्वारा आयोजित श्रद्धाञ्जलीसभामा पार्टी सचिव रामसिंह कुँवर प्रमुख अतिथि रहेका थिए । श्रद्धाञ्जली सभामा प्रमुख अतिथि कुँवरले डम्बर अवस्थीको हत्यामा संलग्न बाँकी हत्यारालाई सम्बन्धित निकायले कारबाही नगरेको र उल्टै संरक्षण गरिराखेको भन्दै त्यस्ता हत्याराहरूलाई पार्टीले कुनै

... बाँकी पृष्ठ ७ मा

## बल प्रयोगबिना जनयुद्धको बाँकी कार्यभार, एकीकृत जनक्रान्ति र सहिदका सपना पूरा हुँदैनन् : एकराज भण्डारी

■ रातोखबर संवाददाता/काठमाडौँ

वरिष्ठ अधिवक्ता एकराज भण्डारीले दलाल संसदीय व्यवस्था ठीक छ भन्नेहरू एकातिर र यसको विकल्पमा क्रान्तिको बाटो रोजेकाहरू अर्कातिर केन्द्रीकृत भएर जनयुद्ध र महान् सहिद तथा बेपत्ता योद्धाका सपना साकार पार्नुपर्ने बताएका छन् । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समितिले काठमाडौँमा शनिबार आयोजना गरेको २४ औँ सांस्कृतिक प्रतिरोध दिवसमा सम्बोधन गर्दै बेपत्ता योद्धा विपीन भण्डारीका बुबा भण्डारीले जनयुद्ध र एकीकृत जनक्रान्तिका उद्देश्यहरू पूरा गर्न सम्झौता, सहमति वा चुनावको बाटोबाट नभएर बल प्रयोगको बाटोमै जानुपर्नेमा पनि जोड दिए । उनले भने, 'सहिदका सपना र जनयुद्ध-एकीकृत जनक्रान्तिको उद्देश्य बल प्रयोगबाटै प्राप्त हुन्छ, सम्झौता, सहमति वा चुनावको बाटोबाट होइन । जनमतसङ्ग्रहको कम क्षतिको बाटो पनि अपनाउन सकिन्छ तर सत्ता कसरी प्रस्तुत हुन्छ, त्यसरी नै जानुपर्छ ।'

महान् जनयुद्धमा योद्धाहरूको हत्या गर्ने शक्तिहरू र विशेषगरी नेपाली काङ्ग्रेससँगै मिलेर एउटै घोषणापत्र तयार पारी चुनावमा जान लागेको भनेर भण्डारीले माओवादी केन्द्र र प्रचण्डको तीक्ष्ण आलोचना पनि गरे । 'जनयुद्ध परित्याग गर्नु, सहिद-बेपत्ता योद्धाका सपनामाथि घात गर्नु र नेपाली काङ्ग्रेससँगै मिलेर एउटै मेनिफेस्टो बनाउनु प्रचण्डको गद्दारी हो', उनले भने । दलाल संसदीय व्यवस्थाले गराउने चुनावले देश र जनताका समस्या समाधन गर्न नसक्ने र कुनै पनि पार्टीलाई चुनावप्रति विश्वास नभएकाले क्रान्तिकारीहरूले त्यो बाटो अनुसरण गर्नु नहुने वरिष्ठ अधिवक्ता भण्डारीको भनाइ थियो । 'नेता भनेकै विचार हो । विचार सही रहेसम्म विचारको विश्वास गर्नुपर्छ र त्यसैलाई आधार मानेर अघि बढ्नुपर्छ', उनले भने ।

जनयुद्ध आरम्भ गर्दाका नेकपा (माओवादी) का केन्द्रीय

... बाँकी पृष्ठ ८ मा

# संसदीय व्यवस्थाप्रतिको दृष्टिकोण

देश/परिवेश

■ विप्लव



संसदीय व्यवस्था पुँजीवादी सत्ताको राजनीतिक स्वरूप हो । लगभग पाँच सय वर्षपहिले पुँजीपति वर्गले सामन्तवादीहरूबाट सत्ता हत्याएपछि 'प्रजातन्त्र' का नाममा संसदीय प्रणाली स्थापना गऱ्यो र त्यसैका नाममा व्यवस्था सञ्चालन गऱ्यो । पुँजीपति वर्ग (जो सामन्त वर्ग वैचारिक-राजनीतिक-आर्थिक दृष्टिले प्रगतिशील र अग्रगामी थियो) ले आफ्नो शासन गर्ने रूपलाई 'प्रजातन्त्र' भन्ने मीठो शब्दद्वारा रङ्ग्याउन पुग्यो । यो निश्चित हो- पुँजीवाद वा पुँजीवादी व्यवस्था सामन्ती व्यवस्थाभन्दा प्रगतिशील र प्रजातान्त्रिक थियो तर यो वास्तविक रूपमा जनताको प्रजातन्त्र थिएन । अर्थात् किसान, मजदुर र श्रमिक वर्गको स्वार्थ र हितमा सङ्गठित र सञ्चालित प्रजातन्त्र थिएन । यो मूल रूपमा पुँजीपति-मालिक वर्गको हितमा सङ्गठित र सञ्चालित पुँजीवादी प्रजातन्त्र थियो । पुँजीपति वर्गको सत्तारक्षार्थ खडा गरिएको प्रजातन्त्र भनेको पुँजीपति वर्गको अधिनायकत्वलाई श्रमिक वर्गमाथि लाद्ने साधन नै थियो अर्थात् यो पनि पुँजीपति वर्गको उत्पीडनको साधन नै थियो र छ । संसदीय प्रजातन्त्र जनताको प्रजातन्त्र बन्न नसकेपछि, पुँजीपति वर्गको उत्पीडन गर्ने साधनमा बदलिएपछि नै कार्ल मार्क्स-फ्रेडरिक एङ्गेल्सले श्रमिक वर्गको प्रजातन्त्रको खोजी गर्नुभयो जसको परिणाम नै वैज्ञानिक समाजवाद थियो ।

'पुँजीवादी संसदीय प्रजातन्त्र' को ठाउँमा किन वैज्ञानिक समाजवाद आवश्यक छ । साथै संसदीय व्यवस्था के हो ? र त्यसले कसको हित गर्छ भन्ने वास्तविकतालाई सबैभन्दा पहिले तथ्य र तर्कहरूद्वारा सशक्त प्रकारले सैद्धान्तिकीकरण गर्ने र स्पष्ट पार्ने कार्य कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले गर्नुभयो । उहाँहरूले संसदीय व्यवस्थालाई स्पष्ट भाषामा भन्नुभयो, 'आधुनिक राज्यसत्ता भनेको तमाम बुर्जुवा वर्गको सामान्य कार्यको प्रबन्ध गर्ने समिति मात्र हो ।'

(मार्क्स-एङ्गेल्स सङ्कलित रचनाहरू, भाग १, बुर्जुवा र सर्वहारा, पृ. ५०) ।

यो विचारलाई धारिलो प्रकारले प्रस्तुत गर्ने र अझ माथि उठाउने कार्य लेनिनले गर्नुभयो र भन्नुभयो, 'संसद्वाद वर्गीय उत्पीडनको उपकरणका रूपमा अधिकतम् जनवादी बुर्जुवा जनतन्त्रहरूको सारलाई मेटाउँदैन बरु बेनकाव गरिदिन्छ । राजनीतिक घटनाहरूमा जो पहिले सक्रिय भाग लिन्थे, त्यसको अपेक्षा बेअन्दाज अधिक विस्तृत बासिन्दालाई प्रबुद्ध तथा सङ्गठित गर्नमा सयोग पुऱ्याएर संसद्वाद सङ्कटहरू तथा राजनीतिक क्रान्तिहरूलाई

... क्रमशः पृष्ठ ७ मा

## सम्पादकीय

# सार्थक बहस

नेपाल कम्युनिस्ट पार्टी यतिबेला केन्द्रीय समितिको १२ औँ पूर्ण बैठकमा छ। कपिलवस्तु शिवगढीस्थित पार्टीको नवनिर्मित केन्द्रीय सम्पर्क कार्यालयमा नेकपाका नेताहरू पार्टीको आगामी नवौँ महाधिवशेन, राष्ट्रघाती एमसीसीविरुद्ध जारी आन्दोलन र संसदीय व्यवस्थाको स्थानीय निकायको चुनावका विषयमा बहसमा छन्। पार्टी महाधिवेशन अनुकूलता मिलाएर गर्ने विषय सबैको सहमतिको विषय हो। दलाल संसदीय व्यवस्थाका मतियार संसद्वादी पार्टीहरूले नेपाल र नेपाली जनतालाई धोका दिँदै संसद्बाट पारित गरेको राष्ट्रघाती एमसीसी सम्झौताविरुद्धको सङ्घर्षलाई निरन्तर अघि बढाउने र त्यसलाई लागू हुन नदिने विषयमा पनि कुनै मतभिन्नता छैन। निरन्तर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा आवाज उठाउँदै, सङ्घर्ष गर्दै र बलिदानसमेत गरेर आएको, नेपालको सबैभन्दा देशभक्त, क्रान्तिकारी पार्टीका रूपमा स्थापित भइसकेको शक्तिका नाताले जनताको सबैभन्दा बढी आशा र भरोसाको केन्द्र पनि नेकपा नै हो। सहिद, बेपत्ता योद्धा, घाइते र श्रमिक जनताको विश्वासको केन्द्र हुनुको नाताले नेकपाको यो १२ औँ पूर्ण बैठकले आफैँले विकास गरेर व्याख्या र प्रयोग गर्दै आएको एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने विषयमा सही निर्णय गर्नेछ र नेपालको कम्युनिस्ट आन्दोलनमा समयसमयमा देखापरेका दुष्परिणामहरूको गलत नजिर दोहोऱ्याउने दिशातर्फ अग्रसर हुनेछैन भन्नेमा हामी विश्वस्त छौँ। देश, श्रमिक जनता, क्रान्ति र परिवर्तनको बाटो हिँड्दै जारी क्रान्ति सफलतामा पुऱ्याउने प्रतिबद्धता जारी गर्ने अपेक्षा गर्दछौँ।

नेकपा पनि कतै चुनावी पार्टी बनेर एमाले, माओवादी केन्द्र वा अरू संसद्वादी पार्टीजस्तै बिग्रिन्छ कि भनेर देश र विदेशबाट चिन्ता र चासोका आवाजहरू आइरहेका छन्। संसद्वाद एक नम्बर दलाल पुँजीवाद हो र यसले देश, श्रमिक जनताका पक्षमा काम गर्दैन भन्ने विषयमा नेकपा प्रस्ट छ। यो पार्टी संसद्वादमा भासिएको र जनयुद्धलाई समाप्त पारेको कृतघ्न इतिहास बोकेको प्रचण्ड समूहबाट २०६९ सालमा विद्रोह गरेर बनेको क्रान्तिकारी पार्टी हो। वैद्य नेतृत्वको नेकपा -(ड्यास) माओवादीले पनि तत्काल क्रान्ति आरम्भ गर्न आनाकानी गऱ्यो। अलमल गऱ्यो। यसरी अलमलिँदै जाने हो भने प्रचण्डहरूले भनेझैँ क्रान्ति सुदूर भविष्यको विषय बन्छ भनेर कमरेड विप्लवलगायत क्रान्तिकारी युवाहरूले विद्रोह गरेर क्रान्तिकारी पार्टी निर्माण गर्दै नयाँ कार्यदिशाका रूपमा एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेको एक दशक पुग्दैछ। विकसित कार्यदिशा कार्यान्वयनकै चरणमा रहेको, २०७० र २०७४ सालका दुवै संसदीय चुनाव सशक्त बहिष्कार र खारेज गरेको, वैकल्पिक जनसंविधानको खाका जारी गरेर कायान्वयन गरिरहेको, दलाल र राष्ट्रघातीहरूलाई कारबाही गरेको सजायस्वरूप दुई वर्षसम्म कम्युनिस्ट नाउँकै पार्टीको सरकारबाट कठोर प्रतिबन्ध झेलेको, १२ जना होनहार योद्धाले क्रान्तिकै प्रक्रियामा बलिदान गरेर रक्तिम इतिहास निर्माण गरेको, हजारौँ योद्धाहरू घाइते, अपाङ्ग, जेल, हिरासत, झूट्टा मुद्दा झेलेर क्रान्तिको बिउ जोगाएको, एक वर्षअघि मात्र दलाल पुँजीवादी संसद्वाको विकल्पमा वैज्ञानिक समाजवाद स्थापनाका पक्षमा जनमतसङ्ग्रह प्रस्ताव गरेको र त्यो कार्यक्रम स्थापित हुँदै गरेको अवस्थामा पार्टी संसद्वादमा जान्छ, फस्छ, सुधारवादी बाटो अवलम्बन गर्छ, क्रान्ति विसर्जन गर्छ र यही सत्ता र संविधान उपयोग गर्दै, स्वीकार्दै अरूजस्तै बन्छ भन्नेमा क्रान्तिकारी कार्यकर्ता र मुक्तिप्रेमी जनताले चिन्ता नलिँदा हुन्छ। देशभक्त र क्रान्तिकारी जनताको माया पाएको पार्टीले एकाएक जनअपेक्षा, आवश्यकता र चाहनाविपरीत जाने कुरा कल्पना पनि गर्न सकिँदैन।

संसदीय व्यवस्थाको असफलता र जनविरोधी चरित्रबारे एकीकृत जनक्रान्तिका प्रणेता महासचिव कमरेड विप्लवले महापतन पुस्तकमा भनेका छन्, 'हामी देख्छौँ, नेपालमा जनताको जीवन पुँजीवादी संसदीय व्यवस्थाको राजनीतिक एवम् आर्थिक सम्बन्धद्वारा बाँधिएको छ र उनीहरू आज पनि पुँजीवादी सत्ताको उत्पीडनबाट सताइएका छन्। किसान, मजदुरहरू उत्पीडित अवस्थामा नै छन्। सुकुमबासीहरूको जीवन विगतमा भन्दा पनि झन् कष्टकर छ, महिलामाथिको उपभोगवादी थिचोमिचो र पितृसत्तात्मक उत्पीडन कायमै छ, दलितमाथिको अमानवीय थिचोमिचो कायमै छ। जनजाति, मधेसी जनतामाथिको उत्पीडन कायमै छ। युवकयुवतीहरू विगतको तथ्याङ्कलाई पनि तोड्दै विश्वभरि गुलामीका लागि बाध्य पारिएका छन् तर प्रचण्डहरू राजनीतिक क्रान्ति पूरा भएको भन्दै यसैबाट सुख-समृद्धि प्राप्त हुने, यही व्यवस्थामा सबै सहभागी बन्नुपर्ने भन्दै उफ्रिरहेका छन्। वास्तवमा यहाँ संसदीय व्यवस्थामा परिवर्तन आएको होइन, प्रचण्डहरूको दिमाग र दृष्टिकोणमा परिवर्तन आएको हो। प्रचण्ड-बाबुरामले संसदीय व्यवस्था मानेको र सघाएको कारणले एमालेलाई प्रतिक्रियावादी, लामाजीलाई दक्षिणपन्थी-विसर्जनवादी र मोहनजीलाई 'प्रतिक्रियावादी उन्मुख' भनेका थिए भने आज उनीहरूले रगतको आहालबाट फर्किएर दलाल पुँजीवादी संसदीय व्यवस्थाकै रक्षा गर्न पुगेपछि के भन्ने ? विषय निकै गम्भीर छ ! तर यतिचाहिँ किटेर भन्न सकिन्छ- प्रचण्डहरूको क्रान्तिकारी रङ पूरै उत्रिएको छ र उनीहरू दलाल पुँजीवादी सत्ताको रक्षकमा पतन हुन पुगेका छन्।'

यसरी जनयुद्धका तथाकथित नायकहरू पुँजीवादका पक्षधर बनेको विषयको प्रतिरोध गर्दै जन्मिएको पार्टी त्यही व्यवस्थाको उपयोग गर्नीतिर जाला भनेर सहजै सोच्नु हुँदैन। नेपाली जनता सधैँ निरन्तर क्रान्तिकै पक्षमा छन् किनकि जनताका सुखका दिन आएका छैनन्। सुखका दिन आउने आशामा जनताले आफ्नो सर्वस्व गुमाएका छन्। तिनले क्रान्ति र युद्धमा सन्तान गुमाएका छन्। धनसम्पत्ति र प्रियजन गुमाएका छन्। व्यक्तिगत सुखसुविधा र व्यक्तिगत जीवन गुमाएका छन्। दलाल संसदीय व्यवस्थामा सीमित पात्रहरूको मात्र जीवन बदलिएको हो। वास्तवमा दलाल पुँजीवादी संसदीय व्यवस्थाले नेपाल र नेपाली जनताको जीवनमा कुनै पनि खुसी र सुखको दिन ल्याएको छैन। यही व्यवस्थाले भर्खरै राष्ट्रघाती एमसीसीजस्तो खतरनाक सम्झौता पारित गरेर जति लिपपोत गरे पनि संसदीय व्यवस्था देश र श्रमजीवी जनताका पक्षमा छैन भन्ने प्रमाणित गरिसकेको छ। त्यसैले बाहिर भ्रम बाँडिएजस्तो नेपाल कम्युनिस्ट पार्टी देश, जनता र क्रान्तिको भविष्य खाडलमा हालेर यो असफल र बदनाम संसदीय व्यवस्था र त्यसको संविधान स्वीकार गरी दल दर्ता गराएर संसदीय व्यवस्थामै विलय हुने गरी चुनावमा सामेल हुन्छ र आफ्नो क्रान्तिकारी विरासत समाप्त पार्ने ध्वंसात्मक निर्णय गरेर फर्किन्छ भन्ने कल्पना पनि नगर्नु राम्रो हुन्छ। एक जीवन्त र क्रान्तिकारी पार्टीभित्र विचारमा बहसहरू भने हुन्छन्। बहस हुँदैमा विचार, पार्टी र क्रान्ति समाप्त हुन्छ भन्ने सोच्नु हुँदैन, बहस भने सार्थक हुनुपर्छ। परिणाममुखी हुनुपर्छ। देश, श्रमिक जनता, एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवाद अर्थात् सहिद-बेपत्ता योद्धाका सपना साकार पार्ने र श्रममिक जनता र देशलाई यो भुक्तमानबाट मुक्त पार्ने दिशामा केन्द्रित हुनुपर्छ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवादको प्रादुर्भाव र सङ्घर्ष



**धर्मेन्द्र बास्तोला 'कञ्चन'**

मार्क्सवादको उदयसँगै मार्क्सवादमा संशोधनवादको विकास भएको देखिन्छ। तर संशोधनवादी अथवा सुधारवादी विचारको जग मार्क्सवादको उदयभन्दा पहिले नै भएको स्पष्ट हुन्छ। युटोपियन कम्युनिज्म एउटा सुधारवादी विचार हो। मार्क्सवादको विकास हुनुपूर्व समानता र न्यायपूर्ण समाजको परिकल्पनाभित्र वर्गसङ्घर्षका विरुद्ध वर्गसमन्वय, क्रान्तिकारी रूपान्तरणका विरुद्ध शान्तिपूर्ण सहअस्तित्व, वर्गविलोपीकरणका विरुद्ध वर्गअस्तित्वका विचारहरू सुधारवादकाविशेषता रहँदै आएका थिए। यद्यपि मार्क्सकै समयमा मार्क्सवादविरोधी विचार र बहस चलिरहेका थिए तथापि मार्क्सवादको उदयपछि संशोधनवादको संस्थागत विकास जर्मन आन्दोलनमा बर्नस्टिन र लासालले गरे। वास्तवमा सुधारवादलाई संशोधनवादको व्याख्या बर्नस्टिनले नै गरेका थिए। सुधारवाद, संशोधनवाद अथवा बर्नस्टिनवाद अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा एउटा मार्क्सवादविरोधी प्रवृत्ति हो जो उन्नाईसौँ शताब्दीको अन्त्यतिर इडवार्ड बर्नस्टिनका नाममा स्थापित भएको हो। बर्नस्टिनले मार्क्सवादको आत्मा वर्गसङ्घर्षलाई भुत्ते पार्दै क्रान्तिकारी आन्दोलनमा बुर्जुवा उदारवादको वकालत गरेका थिए। रुसमा यो प्रवृत्ति मेन्सेबिकहरूमा देखापरेको थियो जसका विरुद्ध बोल्सेभिकहरूले कडा वैचारिक सङ्घर्ष गरेका थिए। बर्नस्टिनवाद वा संशोधनवादका समर्थकहरू, तिनका पिछलग्गुहरू अर्थात् यो मान्यताका अनुयायीहरू विभिन्न देशमा पाइन्छन्। कुनै देशका पार्टीहरूले खुलेआम रूपमा वा घोषित रूपमा संशोधनवाद अङ्गीकार गरेको पाइन्छ र कुनै देशमा छद्म रूपमा अथवा एकै देशका कतिपय पार्टीहरूले खुलेआम बर्नस्टिनवादको वकालत गरेको पाइन्छ र कतिपय पार्टीहरूले छद्म रूपमा। दोस्रो अन्तर्राष्ट्रियमा बर्नस्टिनर काउत्स्कीहरूले पुँजीवादी मुलुकहरूमा उत्पादक शक्तिको विकास भएकै कारणउच्च आर्थिक विकास भएका औद्योगीकृत पुँजीवादी देशहरूमा समाजवादी क्रान्ति हुनेछ भन्ने तर्क गरेका थिए। उनको तर्कअनुसार यस्ता देशहरूमा सशस्त्र विद्रोह वा दीर्घकालीन जनयुद्ध लड्नु आवश्यक थिएन अथवा पुरानो सत्ताकोध्वंसात्मक अन्त्यको आवश्यकता थिएन। यसको तात्पर्य यो पनि हुन्थ्यो कि उत्पादक शक्तिको विकास नभएका अल्पविकसित पुँजीवादी देशहरूमा क्रान्ति सम्पन्न गर्नका लागि पहिलो सर्त उत्पादक शक्ति मजदुर वर्गको विकास हुनु अनिवार्य हुन्छ। यसरी बर्नस्टिनवादले क्रान्तिको आवश्यकतालाई पूर्ण रूपले इन्कार गर्थ्यो। संशोधनवाद जोसुधारवाद वा जुझारु अर्थवाद पनि हो, यसले उत्पादन सम्बन्धले उत्पादक शक्तिको विकासमा प्रभाव पार्छ र आर्थिक आधारमा उपरि संरचनाको प्रभाव पर्दछ भन्ने कुरालाई इन्कार गर्थ्यो। संशोधनवादले ऐतिहासिक भौतिकवादको मान्यतालाई इन्कार गर्छ। ऐतिहासिक भौतिकवादले मान्दछ- वर्गविभाजित समाजमा समाजिक रूपान्तरण केवल भीषण वर्गसङ्घर्षको प्रक्रियाद्वारा मात्र सम्भव हुन्छ। बर्नस्टिनले भनेका थिए, 'हामी चाहन्छौँ- जो जे हो त्यसको स्पष्ट मान्यता होस्, त्यसकारण 'आन्दोलन' कुनै 'अन्तिम लक्ष्यबिना' पवित्र मनसायबाट चलोस्, प्रतिरक्षात्मक कार्यनीतिको स्वीकार गरियोस् जसबाट बुर्जुवा वर्ग यो कार्यनीतिबाट केवल त्रसित मात्र बनोस्।' यसबाट स्पष्ट हुन्छ- बर्नस्टिनले आन्दोलन सबथोक हो र लक्ष्य केही होइन भन्ने मान्यता राख्थे र उनले शत्रुविरुद्धको रणनीति र कार्यनीतिलाई कमसेकम ऊ पछि हट्ने कार्यनीतिसम्म मात्र प्रयोग गर्न चाहन्थे। यसरी संशोधनवादले वर्गसङ्घर्षको बाटो परित्याग गर्छ र वर्गसमन्वयको बाटो समात्न पुग्छ। यसप्रकारको सुधारवादी मान्यता युरोपेली, अमेरिकी, पूर्वी एसियाली तथा भारतीय कम्युनिस्ट आन्दोलनमा समेत प्रचुर मात्रामा देख्न पाइन्छ।

युरोपमा संशोधनवादले गहिरो जरा गाडेको थियो। दोस्रो अन्तर्राष्ट्रियको पतन युरोपेली कम्युनिस्टहरूमा पैदा भएका मतभेद र उनीहरूले अख्तियार गरेको संशोधनवादी कार्यदिशाकै कारण थियो। दोस्रो अन्तर्राष्ट्रियमा युरोपका अधिकांश संशोधनवादी कम्युनिस्टहरूले साम्राज्यवादी युद्धमा पितृभूमिको रक्षाका लागि सङ्घर्षको कार्यनीति अख्तियार गरे जो सर्वहारा अन्तर्राष्ट्रवादका विरुद्ध थियो। संशोधनवाद न केवल राजनीतिक रूपले सुधारवाद हो तथापि यो सामाजिक अन्धराष्ट्रवाद पनि हो। युरोपमा दोस्रो अन्तर्राष्ट्रका अधिकांश नेताहरूले त्यही सामाजिक अन्धराष्ट्रवाद देखाएका थिए जसको मुखमा समाजवाद थियो, विचार र चेतनामा अन्धराष्ट्रवाद जसको कारण साम्राज्यवादी युद्धमा उनीहरूका लागि सर्वहारा वर्गको विजय वा मुक्तिभन्दा पहिले पितृभूमिको रक्षा गर्नु बनेको थियो। लेनिनले पश्चिम युरोप र पूर्वी युरोपका संशोधनवादी कम्युनिस्टहरूका विरुद्ध भीषण सङ्घर्ष गर्नुपरेको थियो। लेनिनको समयमा सर्वहारा क्रान्ति, जनवाद र सर्वहारा अधिनायकत्वको प्रश्न प्रखर रूपमा उठेको थियो। एकातिर ट्राट्स्की जसले निरन्तर क्रान्तिको प्रश्न अगाडि सारेका थिए तिनका विरुद्धको सङ्घर्ष थियो र अर्कोतिर काउत्स्की जसले सर्वहारा वर्गको अधिनायकत्वसम्बन्धी मार्क्सवादी मान्यतालाई परित्याग गरेका थिए, त्यसका विरुद्ध पनि सङ्घर्ष चलाउनुभयो। ट्राट्स्की, बुखारिनलगायत रुसी संशोधनवादीहरूले रुसमा क्रान्ति सम्पन्न गर्नका लागि पहिले उत्पादक शक्तिको विकास हुनुपर्ने कुराको माग गर्दथे। ट्राट्स्कीले आफ्नो निरन्तर क्रान्तिको सिद्धान्तअनुसार साम्यवादमा नपुग्दासम्म क्रान्तिकारी आन्दोलन चलाइरहने तर समाजवादी सत्ता कहीँ पनि स्थापना गर्न नसकिने बताउँथे। त्यसकारण पनि ट्राट्स्कीले युरोपका कुनै पनि देशहरूमा एक्लाएक्लै क्रान्ति सम्पन्न हुन नसक्ने बताएका थिए। उनका लागि रुसमा मात्र क्रान्ति सम्पन्न गर्ने कुरा सम्भव थिएन। समाजवादी क्रान्तिमा पनि सर्वहारा वर्गको अधिनायकत्व रहने भएकाले त्यो समाज समाजवादी हुन सक्दैनथ्यो तर लेनिनले ट्राट्स्कीका संशोधनवादी विचारहरूको खण्डन गर्नुभएको थियो र रुसमा सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न हुन सक्ने र सर्वहारा वर्गको अधिनायकत्व स्थापना गर्न सकिने स्पष्ट गर्नुभयो।

संशोधनवादी तमाम नेतृत्वमध्ये कार्ल काउत्स्की पनि एक थिए। काउत्स्कीले भनेका थिए, 'सर्वहारा वर्गको शासनमा किन यस्तो रूप धारण गर्ने अथवा यस्तो रूप किन धारण गर्न के आवश्यक छ ? जसले प्रजातन्त्रसँग मेल खाँदैन ? काउत्स्कीको संशोधनवाद बुर्जुवा आदर्शवाद तथा बुर्जुवा उदारतावादसँग मेल खान्थ्यो। कम्युनिस्टका नाममा देखापरेका गैरमार्क्सवादी, उदारवादी पुँजीवादी काउत्स्कीको प्रश्नको जबाफ मार्क्स र एङ्गेल्सका भनाइहरूबाट दिनुभएको थियो। लेनिनले मार्क्सको भनाइ दोहोऱ्याउँदै समाजवादी सत्ताभित्र सर्वहारा वर्गको अधिनायकत्वको आवश्यकता स्पष्ट गर्नुभएको थियो।

माओको नेतृत्वमा चीनमा पनि संशोधनवादविरुद्धको सङ्घर्ष तीव्र बनेको थियो। रुसमा ट्राट्स्की, बुखारिनजस्ता संशोधनवादी नेताहरूले जस्तै चीनमा छन तुस्यूजस्ता संशोधनवादी नेताहरूले उत्पादक शक्तिको सिद्धान्त अघि सारेर समाजवादी क्रान्तिभन्दा अगाडि पुँजीवादी क्रान्ति अनिवार्य भएको बताएका थिए। छन तुस्यूको भनाइमा चीन अति गरिब देश भएको कारण त्यहाँ क्रान्ति गर्ने कुरा सम्भव थिएन। चीनमा क्रान्ति सम्पन्न गर्नका लागि पहिले चीनमा उत्पादक शक्तिको विकास हुन आवश्यक हुनेछ र त्यसप्रकारको शक्ति पुँजीवादी क्रान्तिबाट मात्र पैदा हुन सक्नेछ। तसर्थ चिनियाँ समाजमा समाजवादी क्रान्तिका लागि आवश्यक उत्पादक शक्ति मजदुर वर्गको विकास हुनका लागि पुँजीवादी क्रान्ति आवश्यक थियो। त्यसकारण छन तुस्यू पुँजीवादी क्रान्तिका पक्षमा थिए।

सुधारवाद तथा संशोधनवादको बेग्लै नमुना इन्डोनेसिया र चिलीको कम्युनिस्ट आन्दोलनमा देख्न सकिन्छ। चिलीको कम्युनिस्ट पार्टीले ख्रुस्चेभको तीन शान्तिपूर्ण सिद्धान्त : शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण प्रतिस्पर्धा र शान्तिपूर्ण रूपान्तरणका आधारमा समाजवादमा जान सकिने कार्यदिशा अपनाएपछि पार्टी चुनावी प्रक्रियाबाट सरकारमा पुगेको थियो। कुनै कम्युनिस्ट पार्टी सरकारमा जानुले सत्तालाई आफैँमा सर्वहारा वर्गको अधिनायकत्वमा लान सक्दैन, क्रान्तिकारी पार्टी सरकारमा पुगे पनि सत्तामा भने बुर्जुवा वर्गको अधिनायकत्व कायम हुन सक्छ। पुरानो बनिबनाउ बुर्जुवा सत्ता पूर्ण रूपमा ध्वस्त वा नयाँमा रूपान्तरण नगरीकन बुर्जुवा वर्गको अधिनायकत्वभित्र सर्वहारा वर्गको सरकार टिकिरहनु सम्भव हुँदैनथ्यो र त्यो चिलीमा सम्भव भएन पनि। जतिबेला क्रान्तिकारी सरकारले सत्ताका संयन्त्रहरूलाई परिवर्तन गर्न खोज्यो, साम्राज्यवादी र पुँजीवादीहरूका दलालहरू रहेको चिलीको सेना, प्रशासन तथा वित्तीय संस्थाहरूको आडमा त्यहाँको सेनाले अमेरिकी साम्राज्यवादको निर्देशनमा कम्युनिस्ट आन्दोलनमाथि दमन चलायो र ठूलो नरसंहारको थालनी गऱ्यो। चिलीमा चलाइएको आमहत्यामा चिलीका करिब एक लाख जनताको हत्या गरिएको विश्वास गरिन्छ।

चिलीमा त्यहाँको पार्टीले अख्तियार गरेको संशोधनवादी कार्यदिशाले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा अत्यन्त महँगो पाठ सिकाएको छ। चिलीमा त्यहाँका क्रान्तिकारीहरू तथा आमजनतामाथि गरिएको नरसंहार अभियानले माओले भन्नुभएको सत्यलाई अरू स्पष्ट पारेको छ- आफ्नो सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन।

इन्डोनेसियामा कम्युनिस्ट पार्टी इन्डोनेसिया पीकेआईको नेतृत्व सन् १९५१ देखि सन् १९६५ को ३० सेप्टेम्बर आन्दोलन अथवा गेराकान ३० सेप्टेम्बरसम्म कमरेड आइदितले गरेका थिए। उनको नेतृत्वमा रहेको कम्युनिस्ट पार्टी पीकेआईले त्यहाँको राष्ट्रवादी शक्तिसँग संयुक्त मोर्चा गरी सरकारसमेत बनायो। सरकारमा जानुअघि कम्युनिस्ट पार्टी आमजनतामा जति प्रख्यात थियो सर्वहारा अधिनायकत्वबिना त्यो बचाइराख्न पार्टीका लागि सम्भव थिएन किनभने त्यहाँ सर्वहारा वर्गको अधिनायकत्वबिना मुलुक स्वाधीन हुन सक्दैनथ्यो। आर्थिक, राजनीतिक, सामाजिक परिवर्तन हुन सक्दैनथ्यो। तमाम जातजाति र भाषाभाषीका समस्या पनि समाधान हुन सक्दैनथ्यो। फलस्वरूप, त्यहाँको कम्युनिस्ट पार्टी पीकेआईले एउटा सशस्त्र विद्रोह गर्ने निर्क्योल गऱ्यो, जनताको आफ्नो फौजी सङ्गठनबिना गरिएको विद्रोह केवल आफ्नै लागि मात्र घातक रहेन, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा समेत धक्का दिन पुग्यो।

सन् १९६५ को आमहत्यापछि बचेका क्रान्तिकारीहरूले स्थितिको मूल्याङ्कन गरेका छन्। उनीहरूले भनेका छन्- पीकेआईले क्रान्तिका सन्दर्भमा मार्क्सवाद-लेनिनवादका आधारभूत मान्यताहरूको परित्याग गरेकै कारण ३० सेप्टेम्बरको घटना हुन पुगेको थियो। ती क्रान्तिकारीहरूले इन्डोनेसियाको संशोधनवादका सन्दर्भमा यस्तो निष्कर्ष निकालेका थिए :

१. सेप्टेम्बर ३० को घटना आन्दोलन नभई वाम दुस्साहसवाद थियो।

२. पार्टीले रणनीतिक र कार्यनीतिक प्रश्नहरूमा सैद्धान्तिक र व्यावहारिक गल्तीहरू गरेको थियो।

३. पार्टी मुख्यतया वाम अवसरवाद-संशोधनवादको प्रतिरूपका रूपमा विकास भएको थियो।

४. इन्डोनेसियामा संशोधनवादको विकास भयो।

३० सेप्टेम्बरको घटना वाम दुस्साहसवाद थियो भन्ने सन्दर्भमा त्यो दस्ताबेजमा भनिएको छ, 'जी-३०-एसको प्रक्रिया वाम दुस्साहसवाद नै थियो। सुरुदेखि नै यसले बुर्जुवाहरूको प्रक्रियाको नक्कल गरेको थियो। यो मूलतः ट्राट्स्कीवादी षड्यन्त्र र आतङ्कमा टिकेको थियो र यसले देशभक्त फौजलाई फाँसीको स्थितिमा छाड्यो जुन दोस्रो उलटभन्दा बढी हुनु हुँदैनथ्यो।'

त्यस्तैगरी पार्टीले रणनीतिक र कार्यनीतिक क्षेत्रमा सैद्धान्तिक र व्यावहारिक गल्तीहरू गरेको थियो भन्ने सन्दर्भमा उल्लेख गरिएको छ, 'मार्क्सवादी-लेनिनवादी रणनीति जुन सर्वहारा क्रान्तिको मुख्य विज्ञान हो। यसलाई लामो समयदेखि पार्टीनेतृत्वले परित्याग गरेको थियो। यसैको पराकाष्टाका रूपमा जी-३०-एस देखियो। पार्टीको दोस्रो अन्तर्राष्ट्रियदेखि मुख्यतः यी १५ वर्षहरूमा पार्टी नेतृत्व समग्र रूपमा रणनीति र कार्यनीतिको तय गरेको छैन र यी दुवै पक्ष एकअर्कामा छुट्टाछुट्टै भएका कारण कमजोर देखिन्छन्।

पार्टी नेतृत्वले संसद् उपयोग गर्ने नीति मात्र एउटा प्रमुख विचलन थिएन तर यसको प्रयोगका बारेमा दिएको अतिशयोक्तिपूर्ण अर्थ, सबै ध्यान, शक्तिलाई संसदीय सङ्घर्ष र शान्तिपूर्ण आन्दोलनका पक्षमा भएका अभिव्यक्ति प्रमुख समस्या थिए जसलाई सङ्घर्षको मुख्य स्वरूप ठानियो।

जी-३०-एसको जबर्जस्त विद्रोहपछि जब संसदीय सङ्घर्षको रूप देखापऱ्यो। पार्टी नेतृत्वले आफ्नो सोचाइ गुमायो र सङ्घर्षलाई ठीक ढङ्गले नेतृत्व दिन सकेन।

कार्यनीति रणनीतिको भाग हुनुपर्छ। कानुनी, संसदीय र सुधारवादी कामको सार क्रान्तिको निश्चित समयसम्म रणनीति परिवर्तन हुँदैन तर कार्यनीति रणनीतिको सहयोगी नीति भएका कारण क्रान्तिको उतारचढावसँगै यो पटकपटक परिवर्तन गरिनुपर्छ।'

त्यस्तैगरी, पार्टीभित्रको वाम अवसरवाद संशोधनवादमा कसरी परिणत भयो भन्ने सन्दर्भमा भनिएको छ, 'संशोधनवादले पार्टी नेतृत्वलाई पूरै यसरी प्रभावमा पाऱ्यो- उसको भ्रमले पार्टी नेतृत्वलाई राज्यसत्ता सशस्त्र शक्तिबाट नभई शान्तिपूर्ण तरिकाले मात्र लिन सकिन्छ भन्ने कुरा नै पार्टीको आमआधार बनायो।'

इन्डोनेसियामा संशोधनवादको विकास कसरी भयो भन्ने सन्दर्भमा त्यो दस्ताबेजमा भनिएको छ, ' इन्डोनेसियामा सचेततापूर्वक ... बाँकी पृष्ठ ५ मा

इतिहासको पानाबाट

# स्थानीय चुनाव खारेजीको औचित्य



हेमन्तप्रकाश ओली 'सुदर्शन'

पुष्पकमल दाहालको गठबन्धन सरकारले ९ फागुन २०७३ को साँझ ७ बजे कथित स्थानीय चुनावको घोषणा गर्दा हामी नेपाली शोषित-उत्पीडित श्रमजीवी जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनमा जुटिरहेका थियौँ । सोही दिन हाम्रो पार्टीका महासचिव कमरेड विप्लवले प्रेस विज्ञप्ति दिँदै भन्नुभएको छ- 'जनयुद्धको मर्मविपरीत दलाल संसदीय व्यवस्था लादिएपछि नेपालमा जनसत्ता पुनर्सङ्गठित र परिचालित भएको कुरा पनि सर्वविदितै छ । संसदीय व्यवस्थाप्रति जनताको असहमति र जनसत्ता सञ्चालन भइरहेको सन्दर्भमा हामी यो चुनावको कुनै औचित्य नरहेको स्पष्ट गर्न चाहन्छौँ ।'

हामीले जनयुद्धको पहलकदमी अघि बढाउँदै संसदीय व्यवस्थाका विरुद्ध हतियार उठाएका हौँ र साम्राज्यवाद तथा प्रतिक्रियावादका कुनै पनि प्रलोभनमा नफसेर नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादमा नपुगुन्जेल हतियार बिसाउनु जनताप्रति अपराध हुन्छ भन्ने कसम खाएका हौँ । यो कुरा दुनियाँलाई थाहा छ र दस्तावेजमा लिपिबद्ध छ । वैज्ञानिक समाजवादको उद्देश्यका लागि ८ हजारभन्दा बढी नेपाली जनताका सर्वोत्तम छोराछोरीहरूले सहादत प्राप्त गरेका थिए र दुई हजारभन्दा बढी बेपत्ता भएका छन् । सत्ता पक्षबाट लड्दा सेना, प्रहरी र अन्यबाट गरी सात हजारको ज्यान गएको छ । यसबाट नेपालको ८० प्रतिशत भूभाग मुक्त भएको थियो । जनताको जनसत्ता, जनसेना, जनमिलिसिया, जनप्रशासन, जनअदालत र जनप्रतिनिधिसभा बनेको थियो । जनयुद्ध र जनआन्दोलनको बलले राजतन्त्र पनि शासन सत्ताबाट हट्यो । विडम्बनाको कुरा धोकेबाज नेताहरूका कारणले भारतीय साम्राज्यवादको स्वार्थअनुरूप लोकतान्त्रिक गणतन्त्रका नाममा पुनः दलाल पुँजीवादी संसदीय व्यवस्था लादियो । दुनियाँलाई थाहा छ, आज पुष्पकमल दाहाल र बाबुराम भट्टराई पुरानै संसद्वादी र सामन्तवादी दलालहरूसँग साँठगाँठ गरी देशमा संसदीय फासिवाद लागू गरिरहेका छन् । सहिद र बेपत्ताहरूको सपनामाथि विश्वासघात भएको छ ।

हामी जुन सत्ताका विरुद्ध लडेका थियौँ, त्यही सत्ताको सुदृढीकरणका लागि कथित स्थानीय चुनावमा भाग लिनु भनेको सहिदहरूको रगतमाथि होली खेल्ने गद्दारहरूकै साथ दिनु हो, जनतालाई वैज्ञानिक समाजवादको बाटो देखाउनुको सट्टा त्यतापट्टि कालो बादल लगाएर दलाल पुँजीवादी संसदीय व्यवस्थाकै पूजा गर्नु हो, राष्ट्रियताको पहरेदार बन्नुको सट्टा भारतीय साम्राज्यवादको कारिन्दा बन्नु हो । यसकारण हामीले स्थानीय चुनाव खारेजी र जनसत्ताको निर्वाचन गर्ने अभियान अघि बढाएका छौँ । दोस्रो कुरा, संसद्वादीहरूले आफ्नो संविधानले निर्धारण गरेको प्रदेश नं. ३, ४ र ६ अन्तर्गतको 'स्थानीय निर्वाचन' सम्पन्न भएको घोषणा गरेका छन् । यस क्रममा उनीहरूले दलाल पुँजीवादी संसदीय व्यवस्थाअन्तर्गत भएको कथित स्थानीय चुनावको औचित्य नरहेको र जनताको जनसत्ता आवश्यक भएको भन्दै शान्तिपूर्ण तरिकाले राजनीतिक अभियान चलाइरहेका नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र जनतामाथि फासिवादी दमन चलाएका छन् । वैशाख ३१ गते कालीकोटको मालकोटमा दाहाल सरकारले शान्तिपूर्ण तरिकाले विरोध प्रदर्शन गरिरहेका जनतामाथि गोली चलाएको छ । उक्त गोली प्रहारबाट एकजनाको मृत्यु भएको छ भने ४ जना सख्त घाइते भएका छन् । सयौँ जनतालाई चोटपटक लागेको छ । यसको प्रतिरोधमा सयौँ जनताले प्रहरी, सशस्त्र प्रहरी र सेनाको घेरा तोडी मतदान बाकस कब्जा गरी जलाइदिएका छन् । यसैगरी देशव्यापी रूपमा हाम्रो पार्टीका केन्द्रीय सदस्य, क्षेत्रीय ब्युरो सदस्य र जिल्ला समितिका सचिवलगायत सयौँ कार्यकर्ताहरू पुलिस हिरासतमा थुनिएका छन् । प्रशासनले सार्वजनिक अपराधसम्बन्धी मुद्दा चलाइरहेको छ । 'कम्युनिस्ट' नामधारी सरकारको यो फासिवादी ताण्डव नृत्यले पञ्चायती व्यवस्थालाई समेत बिर्साइदिएको छ । यी तथ्यहरूले स्थानीय चुनाव खारेजीको औचित्यलाई पुष्टि गरिरहेका छन् ।

तेस्रो कुरा, चुनावी गठबन्धनले कम्युनिस्ट नामधारी नेकपा (एमाले र नेकपा (माके प्रतिक्रियावादमा पतन भएका छन् । एमालेले राप्रपासँग गरेको गठबन्धन र माकेले काङ्ग्रेससँग गरेको गठबन्धनले यही पुष्टि हुन्छ । एमालेको विषय त पुरानो भइसकेको छ । माकेको यो चुनावी गठबन्धन वर्ग-आत्मसमर्पणवाद र राष्ट्रिय आत्मसमर्पणवादको थप प्रमाण हो । एकातिर पुष्पकमलले आफ्नी छोरीलाई मेयरमा जिताउन र अर्कोतिर भारतीय साम्राज्यवादी शासकको विश्वास प्राप्त गर्न यो गठबन्धन गरेका छन् । यो संसदीय व्यवस्थाअन्तर्गतको स्थानीय चुनावमा भाग लिनु भनेको वर्गसमन्वयवादमा फसी भारतीय गुप्तचर संस्था 'र' को स्वार्थ पूरा गर्नु हो । यही कुरामा कथित स्थानीय चुनाव खारेजीको औचित्य रहेको छ ।

चौथो कुरा, कम्युनिस्ट पार्टीका नाममा जनतालाई पुँजीवादी संसदीय व्यवस्थाको दलदलमा फसाउने षड्यन्त्रका विरुद्ध एकीकृत जनक्रान्तिद्वारा स्थानीय जनसत्ताहरू निर्माण गर्दै वैज्ञानिक समाजवादमा पुग्ने बाटो स्पष्ट गर्न हाम्रो नेपाल कम्युनिस्ट पार्टीले स्थानीय चुनाव खारेजीको अभियान चलाएको हो । यही स्पष्ट बाटोमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र जनताहरू अघि बढिरहेका छन् । कम्युनिस्ट लक्ष्य र उद्देश्यतिर लम्केको अभियानलाई अलमल्याउन खोज्ने, भ्रमित पार्ने र षड्यन्त्र गर्नेहरू दलाल पुँजीवादको मतियारहरू तथा साम्राज्यवादका कारिन्दाहरू हुन् जसले कम्युनिस्ट नकाव धारण गरेका छन् । हाम्रो स्थानीय चुनाव खारेजी अभियानले उनीहरूको नकाव च्यातिदिएको छ । पुँजीवादका मतियार र कम्युनिस्टहरूबीच भिन्नताको रेखा स्पष्ट रूपमा खिचिएको छ ।

पाँचौँ कुरा, हामीले विचारधारात्मक तथा राजनीतिक र व्यावहारिक रूपले जनता र जनताका मित्रहरूबीच पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यदिशा र कार्यक्रम स्पष्ट पार्दै गएका छौँ । परिणामस्वरूप विचारले भौतिक रूप लिँदै गएको छ । जनसत्ता, जनसङ्गठन र जनकारबाहीहरूमा यो कुरा प्रकट भएको छ । कुल मतदाता सङ्ख्याको ६० प्रतिशतले प्रथम चरणको मतदानमा भाग नलिनु, मतदान गर्न गएकाहरूमा पनि कुनै जाँगर नहुनु, कतिपय बुथहरू जनताद्वारा फ्याँकिनु, उम्मेदवारको घरमा कालो झन्डा गाडिनु, संसद्वादी पार्टीहरू आपसमै कुटपिटमा उत्रनु र कतिपय ठाउँमा आपसमा गोली हानाहानसमेत हुनु हाम्रो कार्यदिशाका असरहरू हुन् ।

अतः जनयुद्धको लक्ष्य र उद्देश्यलाई पुनर्स्थापित गर्न, नेपाल राष्ट्रलाई साम्राज्यवादबाट बचाउन, वर्गसमन्वयवादका विरुद्ध लड्न, यो सरकारको फासिवादी चरित्र नङ्ग्याउन, वैज्ञानिक समाजवादको बाटो अलमलिन नदिई क्रान्ति अघि बढाउन हाम्रो पार्टीले कथित स्थानीय चुनाव खारेजी अभियान अघि बढाइरहेको छ । 'एकीकृत जनजागरण तथा प्रतिरोध अभियान' मा अघि बढौँ । मालकोटका जनताले प्रस्तुत गरेको चम्किलो बाटोलाई अभिनन्दन गर्दै अघि बढ्नु हाम्रो कर्तव्य हो ।

(रातो खबर साप्ताहिकबाटै साभार)

# दलाल पुँजीवादी राज्यसत्ताको विकल्प वैज्ञानिक समाजवाद



सन्तोष बुढामगर

भनिन्छ, नेपालमा कम्युनिस्टहरूको दुईतिहाइ बहुमतको सरकार छ । इवाट्ट हेर्दा हो किजस्तो पनि देखिन्छ तर सत्य त्यो होइन । यो त सामाजिक दलाल पुँजीवाद समाजवाद हो अर्थात् दलाल पुँजीवादी नामधारी कम्युनिस्टहरूको सरकार । यसको सार दलाल पुँजीवाद हो । जनता र राष्ट्रप्रेमी नेपाली नागरिकले बुझ्नुपर्ने कुरा यहीँनिर हो ।

खुसीको कुरा एक वर्ष नहुँदै यी कथित कम्युनिस्टहरूको सरकारको धज्जी उडेको छ । यी असफल मात्र भएका छैनन्, बदनाम पनि भएका छन् । यो कम्युनिस्टहरूको असफलता होइन, दलाल संसदीय व्यवस्थाको असफलता हो । यो यसकारणले पनि स्वाभाविक थियो भने पहिलो त नेपाल होस् वा विश्वभरि जुनसुकै देशमा पनि साम्राज्यवादले कम्युनिस्टको सत्ता र सरकारलाई हेर्न त के सुन्न पनि चाहन्न । त्यो चाहे क्रान्तिकारी होस् वा संसद्वादी पुँजीवादी कम्युनिस्ट, त्यसलाई सफल त के एक वर्ष पनि सरकारमा टिक्न दिँदैनन् ।

दोस्रो कारण नेपालमा कम्युनिस्टविरोधी जनमत पनि छ । यो सामाजिक रूपले पछि परेको चेतनाको कारणले सम्भव भएको हो । यसलाई वैज्ञानिक शिक्षा र चेतनाले मात्र हल गर्दछ । यही पिछडिएको चेतना र अवैज्ञानिक शिक्षाको जगमा उभिएको राजनीतिको उपज नै कम्युनिस्टविरोधी राजनीतिक दलहरूको जन्म हुन्छ । नेपालमा काङ्ग्रेस, राप्रपा, मधेसवादी दलहरू, क्षेत्रवादी, जातिवादी, धर्मवादी दलहरूको उपस्थिति यसैको जगमा भएको छ । यी सब कम्युनिस्टविरोधी छन् र ती सब साम्राज्यवादले संसदीय व्यवस्थाको बहुलवादी सिद्धान्त र कम्युनिस्टविरोधी व्यवस्थाका रूपमा खडा गरेका व्यवस्थाका अभिन्न अङ्ग हुन् । त्यसैले यी जतिखेर पनि कम्युनिस्टका विरुद्ध उभिन्छन् । स्वार्थ र कुर्सीको प्रलोभनमा सजिलै किनबेच हुने, यता र उता गरिरहने डोलायमान चरित्रका भएको हुनाले साम्राज्यवादले सजिलै किनिदिन्छन् । तिनको चरित्र र सोचाइ पनि प्रतिगामी र यथास्थितिवादी भएकाले यी कम्युनिस्टका पक्षमा हुँदैनन् । क्षणिक लाभका लागि समर्थन गर्न सक्छन् तर ती वैज्ञानिक समाजवादको विरोध गर्छन् ।

तेस्रो कारण हो- छिमेकी देश भारत कम्युनिस्टविरोधी हुनु, नेपाल भौगोलिक रूपले भूपरिवेष्ठित देश हुनु र यसको तीनतिरबाट भारतले घेरिनु, स्थलमार्ग, जलमार्ग र हवाईमार्ग सबै भारतको भूमि र आकाश प्रयोग गर्नुपर्ने बाध्यता, नेपाल प्राकृतिक साधनस्रोतको दृष्टिले धनी हुनु, आर्थिक उन्नतिको कारणले अहिले विश्वमै तहल्का मच्चाइरहेको जो आफ्नै विशिष्टताको समाजवाद वा कम्युनिस्ट देशका रूपमा चिनिन्छ, चीनसँग नेपालको सीमा जोडिनु अर्थात् कम्युनिस्ट सत्ता असफल बनाउन चीनलाई चारैतिरबाट घेर्ने साम्राज्यवादी रणनीतिअन्तर्गत नेपाल सामरिक दृष्टिले महत्वपूर्ण ठाउँमा अवस्थित हुनु जसको कारण सबै पुँजीवादी-साम्राज्यवादी देशहरूको गिद्देदृष्टि नेपालमा परिरहेको छ । साथै भारत र नेपालका शासक जातिहरू एउटै नश्ल, भाषा, संस्कृति, भावनात्मक रूपले दाइभाइको साइनो लगाउँदै आउनु आदिका कारण राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक हिसाबले भारतले निरन्तर हस्तक्षेप र निगरानीभित्र राख्दै नेपाललाई लामो समयदेखि अर्धउपनिवेश बनाउँदै आउनु र पछिल्ला दशकहरूमा नवउपनिवेश बनाउँदै आउनु आदिका कारण यो कथित कम्युनिस्टहरूको सरकार भए पनि यसलाई सफल हुन नदिनु नै सबै साम्राज्यवादीहरूको रणनीति छ । कसरी हुन्छ आफ्नो दलाल सरकार खडा गरेर नेपालबाट कम्युनिस्ट सिध्याउने तत्कालिक रणनीति छ भने दीर्घकालिक हिसाबले चीनलाई घेराबन्दी गरेर संसारमै कम्युनिस्टहरूको नामोनिशान मेट्ने र कम्युनिस्ट सत्ता नै असफल भएको साबित गर्ने साम्राज्यवादी रणनीति छ । यसअन्तर्गत अमेरिका, भारत, युरोपियन, यूएनको समेत चासो नेपालमा बढेको छ । उत्तरकोरिया, क्युबालगायत कम्युनिस्ट देशहरूलाई घेराबन्दी, नाकाबन्दी गरेर असफल बनाउने दृश्यहरू हामीले देखिरहेकै छौँ । यी सबै यसै रणनीतिअन्तर्गत छन् र हरेक चुनावहरूमा साम्राज्यवादीहरूको प्रत्यक्ष चलखेल र हस्तक्षेप भएको पनि हामी देखिरहेकै छौँ । यी सब यसै रणनीतिअन्तर्गत भइरहेको छ । नेपाल त सधैँ यसको सिकार बन्दै आएको छ । त्यसको सामना गर्न नसकेर प्रचण्ड, केपीहरू साम्राज्यवादको टाङमुनि छिरेर उनीहरूको चाप्लुसी, दलाली गरेर सत्तामा पुग्ने र सरकार टिकाउने दौडमा काङ्ग्रेससँग प्रतिस्पर्धा गरिरहेका छन् । सत्य के हो भने साम्राज्यवादले कम्युनिस्टहरूलाई दलाल त बनाउँछ तर बदनाम र सन्तुलनका लागि मात्र । उनीहरूलाई कम्युनिस्ट बन्न नदिन र कम्युनिस्टहरूको बदनाम गराउने हदसम्म प्रयोग गर्दछ तर तिनको हातबाट विकास, समृद्धि र परिवर्तनको आस गर्नु मूर्खता र अबुझपना मात्र हो ।

त्यसैले हाम्रो पार्टीको गत निर्वाचनपछिको केन्द्रीय समितिको बैठकले के निष्कर्ष निकालेको थियो भने यो निर्वाचनमा स्पष्ट दुईतिहाइ बहुमत नपाए पनि कम्युनिस्टहरूको बहुमत आएकाले संसदीय नियमअनुसार कम्युनिस्टहरूको सरकार बन्नेछ । सक्दासम्म साम्राज्यवादीहरू पहिलो त सरकार नै बन्न नदिनेमा जानेछन् । बनाउने स्थिति बनेमा दलालीको सर्तमा झुकाएर मात्र सरकारमा लानेछन् । तर त्यो अवस्था आयो भने त्यो कम्युनिस्ट सरकार नाम मात्रको कम्युनिस्ट भए पनि त्यसलाई लामो समय टिक्न दिने छैनन् । टिक्न दिए भने उनीहरूको टाङमुनि छिराएर मात्र केही समय टिकाउनेछन् । यस अवस्थामा कम्युनिस्ट सरकारले धेरै ठूलठूला बदनामी र कमाउनेछ । कम्युनिस्ट सरकारका नाममा कम्युनिस्टको बदनाम गर्नेछन् । उनीहरूले सत्तामा बस्न र सत्ता टिकाउन ठूलठूला राष्ट्रघातका घटनाहरू गराउनेछन् । महँगी, भ्रष्टाचार, कमिसन, तस्करी, कालोबजारी, देशका प्राकृतिक साधनस्रोतहरू बेचिने क्रम झन् तीव्र हुनेछ । आफ्नो सुखसुविधाका लागि कर, महसुलहरू बढाउनेछन् । यसको विरोध हामी स्वाभिमानी नेपाली जनता, राष्ट्रवादी र देशभक्त क्रान्तिकारी सचेत नागरिकले गर्नु पर्नेछ र त्यो अवस्थामा फेरि दमन, धरपकड, झूट्टामुद्दा, जेलनेल र ठूलठूला नरसंहार तथा रक्तपातका घटनाहरू गराउनेछन् । जनता झन् समस्यामा पर्नेछन् । देश ऋणमाथि ऋणमा डुब्दै जानेछ । देश सङ्कटमा पर्नेछ र यसले उचित र अग्रगामी निकास खोज्नेछ । त्यसको समाधान यो दलाल पुँजीवादी संसदीय व्यवस्थाले दिनेछैन । त्यस बेला सरकारप्रति व्यापक असन्तुष्टि बढ्नेछ र जनताले यसको विकल्प खोज्नेछन् । यसले देशमा गुणात्मक सङ्घर्षको सम्भावनालाई निम्त्याउनेछ । त्यसबेला क्रान्तिकारीहरूको पहलकदमी पुगेन भने देश प्रतिगमनको गम्भीर सिकार बन्नेछ । यसको परिणाम देश कि त साम्राज्यवादको गुलाम र कठपुतली बन्ने छ, कि जनताले नयाँ व्यवस्था स्थापना गर्नेछन् भन्ने हाम्रो निष्कर्ष थियो । अहिले देश हाम्रो त्यो निष्कर्षको सेरोफेरोबाट अघि बढिरहेको छ ।

यसै सन्दर्भमा यो पनि भनेका थियौँ- त्यो अवस्थामा प्रचण्ड, केपीहरूको कथित विकास, समृद्धि र परिवर्तनको नाराले हावा खानेछ । यो जनता ढाँट्ने र सरकारमा जाने नाराभन्दा अरू केही हुने छैन किनकि यो दलाल संसदीय व्यवस्थामा काङ्ग्रेस आओस् कि कथित कम्युनिस्ट जो आए पनि सत्तामा जानेहरूबाहेक जनताका लागि यो व्यवस्था असफल व्यवस्था हो । किनकि यो व्यवस्थामा साम्राज्यवादले नेता, कार्यकर्ता, जनता, सांसद, मन्त्री, कर्मचारी, सचिव, पुलिस, सेना र अदालतका न्यायाधीशसमेत किनिदिन्छ । यसका लागि यिनले लोकप्रियता कमाउन र जनता झुक्याउन न्याय, स्वतन्त्रता, मानवअधिकार, लोकतन्त्र, गणतन्त्र, समानुपातिक, समावेशी, विकास, समृद्धि, समाजवादजस्ता नारा खुब ओराल्छन् र जनतालाई बेबकुफ बनाउँछन् । यो साम्राज्यवादी नारा हो । त्यसैले यो संसदीय लोकतन्त्र सामाजिक दलाल पुँजीवादीहरूको जनता बेबकुफ र उल्लु बनाएर क्रान्तिकारी कम्युनिस्टहरूलाई दबाउन, क्रान्ति र परिवर्तनलाई भुत्ते पार्ने र प्रतिगमनतिर धकेल्ने प्रतिगामी कदमभन्दा केही होइन भन्ने कुरा हामीले चुनावकै बेला प्रस्ट पार्दै चुनाव खारेजीका लागि आह्वान गरेका थियौँ । आज त्यो सत्य साबित हुँदै आएको छ ।

अर्को कुरा आज यो कथित कम्युनिस्ट सरकार असफल र बदनाम भएको छ । यो यस्तो हुनु थियो, हुन्थ्यो र भयो पनि । यो स्वाभाविक थियो र अनिवार्य पनि थियो । किनकि हामी यो कुरा कथित स्थानीय र सङ्घ/प्रदेशको चुनावको बेलादेखि विभिन्न माध्यमबाट जनताका बीच भनेको भन्यै छौँ । यो भनिरहँदा हामीलाई जेल, नेल गरियो । झूट्टा मुद्दाहरूको ओइरो लगाइयो । कति साथीहरू चुनावको बेला सहिद पनि भए, कति घाइते-अपाङ्ग भए । आज पनि केही साथीहरू झूट्टा मुद्दामा जेलमा छन् । नेताहरूलाई इन्काउन्टर गर्ने वा मारिदिनू भन्ने प्रचण्ड-केपीको आदेश छ रे । यति हुँदाहुँदै पनि यी असफल र नाकामी हुँदै गएका छन् । हामी यो सरकार कम्युनिस्टको होइन है, यो सामाजिक दलाल पुँजीवादको हो भनेका भन्यै छौँ । यो संसदीय व्यवस्था हो, जनताको व्यवस्था होइन । यो दलालहरूको गठजोडमा बनेको सरकार हो, कोही पनि कथित कम्युनिस्टको सरकारको भ्रममा पर्न जरुरी छैन ।

सबैलाई थाहै छ, सत्ता पुरानै छ । नियमकानुन पुरानै छन् । मान्छे पनि उही पुरानै छन् । पार्टी पनि पुरानै छ । नाम जेजे गरे पनि उही त हुन् । हिजो राजाका पालामा पनि उही, आज पनि उही । संविधानमा राजा, राजतन्त्र भन्ने पदावली हटाइएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र लेखिएको छ, फरक यति हो । त्यसकारण यो व्यवस्था नयाँ बोतलमा पुरानै रक्सी भरिएको, झट्ट हेर्दा नयाँ हो कि भन्ने भ्रम दिने पुरानै व्यवस्था हो । यो दलाल पुँजीवादी व्यवस्था हो । यसमा नक्कली कम्युनिस्टहरूको लोगो (त्बन) लागेकाले केही भ्रम पर्न गएको छ । यसमा भ्रम पर्नु हुँदैन ।

त्यसकारण यो सरकार कम्युनिस्टको सरकार होइन र यसको असफलता कम्युनिस्टहरूको असफलता होइन । बरु सत्य के हो भने यो असफलता दलाल पुँजीवादी संसदीय व्यवस्थाको असफलता हो । यो बदनामी सामाजिक दलाल पुँजीवादको बदनामी हो । कम्युनिस्ट भ्रम मात्र हो । साथै केपी-प्रचण्डहरूको सरकारको विकल्प फेरि काङ्ग्रेसको सरकार वा राजा ज्ञानेन्द्रको आगमन हुन सक्दैन । यी दुईको आगमनले पनि इतिहासको अग्रगामी कदममा धेरै ठूलो रक्तपातलाई निम्त्याउनेछ । बितेको कुरा फर्केर आउँदैन । त्यो भूत भइसकेको हुन्छ । यो नबुझेको मान्छेलाई तर्साउने काल्पनिक विषयवस्तु मात्र हो । विगत भनेको इतिहास हो । त्यो सकारात्मक होस् वा नकारात्मक होस् त्यो इतिहास हो र इतिहासबाट शिक्षा लिने हो, न कि इतिहासलाई जस्ताको तस्तै ब्युँताउने । इतिहास भनेको वर्तमानको तीतो विगत हो । त्यसैले राजनीतिक इतिहासलाई वर्तमानको राजनीतिक म्युजियमको विषयवस्तुमा संरक्षित गर्नुपर्छ । राजा, काङ्ग्रेस, एमाले, माओवादी अब इतिहास बनिसकेका छन् । यो भावी पिँढीलाई इतिहास जान्ने वा पढ्ने अवसर मिलोस् तर समाज विकासको पाइला सधैँ अग्रगामी गतिमा अघि बढ्छ । यसलाई कसैले रोकेर रोक्न सक्दैन । यसको मतलब हो- यो दलाल पुँजीवादले जति रोक्न खोजे पनि वैज्ञानिक समाजवादलाई रोक्न सक्दैन । रुसी जनताको सर्वहारा क्रान्तिलाई न जारशाहीले रोक्न सक्यो न हिटलरले । नेपालमा पनि नेपाली जनताको मुक्तियुद्ध र क्रान्तिको चाहनालाई न यो सामाजिक दलाल पुँजीवादले रोक्न सक्छ, न त साम्राज्यवादले । यो त विकासको अग्रगामी धार हो जो गन्तव्य (साम्यवाद) मा नपुग्दासम्म निरन्तर अघि बढिरहन्छ । एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद अब यसको एक मात्र विकल्प हो ।

२१ माघ, २०७५

रातो खबर साप्ताहिक

# नयाँ जनवाद, वैज्ञानिक समाजवाद र माओवाद



अनिल शर्मा

*अनुभवहीन अवस्थामा गल्ती प्रत्येक कम्युनिस्टले गर्न सक्छ तर जे कुरा गलत हो भन्ने सिद्ध भइसकेको छ त्यसलाई कम्युनिस्टले अनुभव गरिरहँदैन ।*

**क. गोन्जालो**

नेपाल कम्युनिस्ट पार्टीको न्यूनतम् कार्यक्रम नै वैज्ञानिक समाजवादी व्यवस्था हुने निष्कर्षमा पुगेको सर्वविदितै छ । यसले आफ्नो परिधिभित्र विभिन्न खालका बहसलाई सतहमा ल्याएको छ । कतिपयले माओवादलाई अस्वीकार गरेको आरोप पनि लगाएका छन् । यहाँ नयाँ जनवादी व्यवस्था र समाजवादी व्यवस्थालाई अध्यक्ष माओले कुन परिस्थितिमा, कसरी हेर्नुभएको थियो र अध्यक्ष माओले चीन तथा विश्व-परिस्थितिअनुसार कसरी 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्नुभएको थियो भन्ने कुरा प्रस्तुत गर्न खोजिएको छ । यसले नेपाल कम्युनिस्ट पार्टीको कार्यदिशा बुझ्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।

राजनीतिकर्मीहरू पार्टीको क्रान्ति गर्ने तरिका (कार्यदिशा) र क्रान्तिपछि स्थापित हुने राजनीतिक व्यवस्थाका विषयमा स्पष्ट हुनुपर्छ । यो विषय वैचारिक रूपले सङ्गठित हुने विषय पनि हो । पार्टीको नीति र कार्यदिशा बुझ्नुको महत्वको सन्दर्भमा अध्यक्ष माओ भन्नुहुन्छ, 'हामीले पार्टीको आमकार्यदिशा र आमनीति साँच्ची नै बिर्सियौं भने हामी अन्धा, अपरिपक्व र गोब्रे बुद्धि भएका क्रान्तिकारी बन्नेछौं । त्यस्तो स्थितिमा आफ्नो काम, विशेष कार्ययोजना र विशेष नीति लागू गर्दा दिशाविहीन भएर कहिले देब्रे र कहिले दाहिनेतिर धर्मराउनेछौं र त्यसबाट हाम्रो कामको सत्यानास हुनेछ ।

(माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ४, पृष्ठ २५९, नेपाली संस्करण) ।'

अध्यक्ष माओले हामीलाई सिकाउनुभएअनुसार हामीले हाम्रो नीति, कार्यदिशाका विषयमा राम्रो जानकारी राख्नुपर्छ । अन्यथा हामीले जनतालाई कसरी दीक्षित गरौंला र कसरी जनमत निर्माण गर्न सकौंला ? क्रान्तिपछि स्थापना हुने समाज व्यवस्थाप्रति आश्वस्त नभएसम्म जनता क्रान्तिमा कसरी सहभागी होलान् त ?

चीनमा सोभियत सङ्घको जस्तो समाजवादी क्रान्ति भएको थिएन । चीनको क्रान्ति पुँजीवादी जनवादी भने पनि त्यो न पूरै पुँजीवादी थियो न त वैज्ञानिक समाजवादी नै थियो । त्यो पुँजीवादी र समाजवादी अर्थव्यवस्थाको मिश्रित अर्थव्यवस्था थियो । अर्थव्यवस्थाको मेरुदण्ड राजकीय अर्थव्यवस्था अर्थात् समाजवादी अर्थव्यवस्था नै थियो । तर निजी अर्थव्यवस्थालाई पनि निषेध गरिएको थिएन । क्रान्तिलगत्तै अर्थव्यवस्थालाई समाजवादी र सहकारी अर्थव्यवस्था (योगदान झन्डै ५० प्रतिशत) को स्वरूप अर्धसमाजवादी थियो । त्यसको साथमा निजी पुँजीवाद र व्यक्तिगत अर्थव्यवस्था पनि समानान्तर रूपमा चलिरहेको थियो । चीनको नौलो जनवादी आर्थिक ढाँचा हेर्दा चीनमा पुँजीवादी जनवादी व्यवस्था भनिए पनि सुरुदेखि नै समाजवादी व्यवस्था थियो । तर त्यो सोभियत सङ्घको जस्तो थिएन । अध्यक्ष माओ भन्नुहुन्छ, 'राजकीय अर्थव्यवस्थाको स्वरूप समाजवादी र सहकारी अर्थव्यवस्थाको स्वरूप अर्धसमाजवादी हुन्छ । यी दुईथरी अर्थव्यवस्था र निजी पुँजीवाद, व्यक्तिगत अर्थव्यवस्था र राज्य तथा पुँजीपतिहरूले संयुक्त रूपले काम गर्ने राजकीय पुँजीवादी अर्थव्यवस्था यी सबैको योग नै जनवादी गणतन्त्रको अर्थव्यवस्थाका प्रमुख तत्वहरू हुनेछन् र यिनै तत्वहरूबाट नौलो जनवादी आर्थिक ढाँचा बन्नेछ ।'

(माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ४, पृष्ठ ४०१, नेपाली संस्करण) ।

अर्थतन्त्रको ढाँचा मूलतः समाजवादी प्रकृतिको भएपनि चीनमा सुरुदेखि नै समाजवादी व्यवस्था थियो कि थिएन ? प्रश्न उठ्छ । एकातिर सामन्तवाद-साम्राज्यवादविरोधी संयुक्त मोर्चा बनाउनुपर्ने र अर्कोतिर निजी पुँजीवादलाई निषेध गर्न तत्काल नसकिने अवस्था भएको कारण समाजवाद घोषणा नगरिएको देखिन्छ ।

चिनियाँ कम्युनिस्ट पार्टी र डा. सन यात सेन नेतृत्वको राष्ट्रिय पुँजीपति वर्गको बीचमा संयुक्त मोर्चा बनेको थियो । क्रान्तिपछि पनि पुँजीवादी व्यवस्था जारी रहने कुरा सुनिश्चित नहुँदा (गर्न नसक्दा) संयुक्त मोर्चा विघटन हुन्थ्यो । त्यसैले राष्ट्रिय पुँजीपति वर्गलाई आश्वस्त पार्न अध्यक्ष माओ तल्लीन हुनुहुन्थ्यो । अध्यक्ष माओ भन्नुहुन्छ, 'चीनको वर्तमान चरणका निम्ति बन्न लागेको व्यवस्था चीनको इतिहासको वर्तमान चरणको उपज हुनेछ र भविष्यमा निकै लामो समयसम्म चीनमा एउटा विशेष रूपको राज्य र राजनीतिक सत्ता रहनेछ । एउटा यस्तो रूप जो रुसी व्यवस्थाभन्दा एकदम बेग्लै खालको तर हाम्रा निम्ति भने एकदमै आवश्यक र तर्कसङ्गत अर्थात् जनवादी वर्गहरूको आपसी सहयोगमा आधारित नौलो जनवादी राज्य र राजनीतिक सत्ताको रूप हुनेछ ।'

(माओ त्सेतुङका चुनिएका रचनाहरू, भाग ३, पृष्ठ १८८, अनुवाद : खगेन्द्र सङ्ग्रौला, सिर्जनशील प्रकाशन, काठमाडौं, २०५७) ।

जमिनदार वर्ग र जापानी साम्राज्यवादका विरुद्ध सारा प्रगतिशील, जनवादी र देशभक्त शक्तिहरूलाई गोलबन्द गर्नका लागि कम्युनिस्ट र पुँजीपति दुवै वर्गको साझा राज्य जसमा सर्वहारा वर्गको नेतृत्वमा चल्ने राजनीतिक सत्ताको परिकल्पना गरिएको थियो । राष्ट्रिय पुँजीपति वर्गलाई आश्वस्त पार्न त्यसप्रकारको जनवादी राज्य लामो समयसम्म चल्छ भन्ने अध्यक्ष माओको घोषणा थियो । उहाँ भन्नुहुन्छ, 'हाम्रो नौलो जनवादको सामान्य कार्यक्रम पुँजीवादी जनवादी क्रान्तिको चरणभरि अर्थात् अनेकौं दशकसम्म अपरिवर्तित रहनेछ ।'

(उही, पृष्ठ १८८) ।

जापानी साम्राज्यवादका विरुद्ध भीषण देशभक्तिपूर्ण युद्ध चलिरहेको र संयुक्त मोर्चाको बहस चलिरहेको समयमा पुँजीपति वर्गलाई आश्वस्त पार्नैपर्थ्यो । क्रान्तिलगत्तै चीन पनि समाजवादमा जानुपर्छ भन्ने बहस चीनमा चलिरहेको थियो । त्यसको कारण पुँजीपति वर्ग संयुक्त मोर्चामा जान हिचकिचाइरहेको थियो । त्यस्तो अवस्थामा अध्यक्ष माओले क्रान्तिपछि पनि चीनमा नौलो जनवादी व्यवस्था लामो समयसम्म चलिरहने र पुँजीपति वर्ग त्रसित हुनु नपर्ने स्पष्ट पार्नुभएको थियो । त्यसकारण अध्यक्ष माओको धारणालाई तत्कालीन परिस्थितिको आवश्यकताको दृष्टिले हेर्नुपर्छ । त्यो कुनै अपरिवर्तनीय सिद्धान्त होइन । अध्यक्ष माओले दशकौंसम्म चल्ने भनेको व्यवस्था अध्यक्ष माओकै कार्यकालमा दशकौं चलेन, चलाइएन । परिस्थितिमा परिवर्तन आउनासाथ आफ्नो पूर्वअडानविपरीत अध्यक्ष माओले चीनमा समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने घोषणा गर्नुभएको थियो ।

पार्टी, सेना र संयुक्त मोर्चालाई क्रान्तिका तीनवटा जादुगरी हतियार भनिएको छ । यी तीनमध्ये संयुक्त मोर्चालाई प्रभावकारी बनाउनका लागि जनवादी गणतन्त्रको नारा दिइएको थियो । यो कुरालाई प्रस्ट पार्दै माओ त्सेतुङ भन्नुहुन्छ, 'फासिस्टवादका विरुद्ध साझा सङ्घर्ष चलाउनको निमित्त फासिस्टवादविरोधी संयुक्त मोर्चा चीनमा मात्र होइन, संसारभरि नै आवश्यक र सम्भव पनि छ । त्यसैले गर्दा हामी चीनमा एउटा राष्ट्रिय र जनवादी संयुक्त मोर्चा स्थापना गर्ने पक्षमा डटेका छौं । यिनै आधारमा हामीले मजदुर-किसानको जनवादी अधिनायकतन्त्रको स्थानमा सबै वर्गहरूको एकतामा आधारित जनवादी गणतन्त्रस्थापना गर्ने प्रस्ताव अघि सारेका हौं ।'

(माओ त्सेतुङका चुनिएका रचनाहरू, भाग २, पृष्ठ २५, अनुवाद : खगेन्द्र सङ्ग्रौला, विश्व नेपाली पुस्तक सदन, काठमाडौं, २०५८) ।

चीनको यो अनुभव हेर्दा राजनीतिक व्यवस्थाको चरित्र कस्तो हुने भन्ने कुरा नेपालको वर्तमान अवस्थामा संयुक्त मोर्चाको स्वरूप कस्तो होला भन्ने आधारमा निरूपण गर्नुपर्छ । नेपालमा दलाल पुँजीपति वर्ग सत्तारूढ छ भन्नेमा कसैको विमति छैन । सामन्तवादको अस्तित्व अर्थतन्त्र (आधार) मा भन्दा संस्कृतिमा बढी देखिन्छ । आज सामन्तवादको नेतृत्वसमेत दलाल पुँजीपति वर्गले नै गरेको छ । तसर्थ दलाल पुँजीपति वर्ग र किसान, मजदुर, श्रमिक तथा उत्पीडित समुदायबीचको अन्तरविरोध नै नेपाली समाजको प्रधान अन्तरविरोध हो । दलाल पुँजीपति वर्ग प्रहारको निशाना भएपछि संयुक्त मोर्चा नेपालमा चीनको भन्दा फरक प्रकारको हुन जान्छ । त्यसकारण नेपालमा अब राज्यप्रणाली पनि चीनको भन्दा फरक हुन जान्छ ।

चीनमा सधैं पुँजीवादी जनवादी राज्यव्यवस्था नै रहिरहन्छ त ? अध्यक्ष माओले त्यसो नहुने र वर्तमान अवस्थामा नै समाजवादका अंशहरू रहेको, भावी वैज्ञानिक समाजवादी व्यवस्थाका चरणहरू समावेश रहेको खुलासा गर्नुभयो । कूटनीतिक चालबाजीको कारणले मात्र पुँजीवादी जनवादी व्यवस्था कहिलेसम्म रहन्छ भन्ने कुरा किटान गर्नुभएन । अध्यक्ष माओ भन्नुहुन्छ, 'यसमा (चिनियाँ क्रान्तिको अभिभारा) पुँजीवादी जनवादी क्रान्ति (नौलो जनवादी क्रान्ति) र सर्वहारा समाजवादी क्रान्ति अर्थात् क्रान्तिका वर्तमान र भावी दुवै चरणहरू समावेश भएका छन् ।'

(उही, पृष्ठ २९०) ।

अध्यक्ष माओका रचनाहरूलाई गम्भीरतापूर्वक हेर्दा राज्यको आधार (अर्थतन्त्र) समाजवादी बनाइरहने विषयमा दृढ रहेको बुझ्न सकिन्छ । उहाँले 'राजकीय अर्थतन्त्र समाजवादी हुने र त्यसले राज्य अर्थतन्त्रको नेतृत्व गर्ने' बताउनुभएको छ । चिनियाँ शासनप्रणाली (आधार) मूलतः समाजवादी भएपछि अधिरचना (राज्यव्यवस्था) कसरी पुँजीवादी जनवादी हुन्छ त ? प्रश्न उठ्छ । तसर्थ चीनको शासन प्रणाली सुरुदेखि नै मूलतः समाजवादी चरित्रको थियो । अध्यक्ष माओ भन्नुहुन्छ, 'सर्वहारा वर्गको नेतृत्वमा चल्ने नौलो जनवादी गणतन्त्रमा राजकीय उद्योग प्रतिष्ठानहरूको स्वरूप समाजवादी हुनेछ र त्यो समस्त राष्ट्रिय अर्थव्यवस्थाको नेतृत्वदायी शक्ति हुनेछ तर यस गणतन्त्रले सामान्य पुँजीवादी निजी सम्पत्तिचाहिँ हरण गर्नेछैन र जनजीविकामाथि प्रभुत्व कायम नगर्ने खालको पुँजीवादी उत्पादनको विकासमा बन्देज लगाउनेछैन किनभने चीनको अर्थव्यवस्था ज्यादै पिछडिएको छ ।'

(उही,पृष्ठ ३१२) पुँजीवादी र निजी स्वामित्वले जनतामाथि प्रभुत्व कायम गर्ने स्तरमा फैलिन नदिने घोषणासमेत गर्नुभएबाट विषय छर्लङ्ग हुन्छ । नेपालमा हाल दलाल पुँजीवादी सत्ता सत्तारूढ रहेको छ भन्नेमा एकरूपता देखिन्छ । दलाल पुँजीवादका विरुद्ध समाजवादी क्रान्ति हुनुपर्ने स्वतः स्पष्ट हुँदैन र !

चीनमा शासकीय स्वरूप निर्धारण गर्दा मित्रशक्तिहरूको खोजी गर्ने विषयलाई केन्द्रमा राखिएको थियो । त्यहाँ किसान, मजदुर र राष्ट्रिय पुँजीपति वर्ग आधारभूत रूपमा सामन्तवाद र साम्राज्यवादविरोधी शक्तिहरू थिए । त्यसकारण अध्यक्ष माओले नौलो जनवादी व्यवस्थाको परिकल्पना गर्नुभयो । त्यसो गर्दा समाजवादी व्यवस्थाको निर्माणमा अवरोध नहोस् र संयुक्त मोर्चा सुदृढ होस् भन्ने कुरालाई ध्यान दिइएको थियो । अध्यक्ष माओ भन्नुहुन्छ, 'चीनमा पहिलेका सबै क्रान्तिकारी सङ्घर्षहरूले यति कम उपलब्धि हासिल गर्नुको कारण के थियो भने ती सङ्घर्षहरू शत्रुमाथि हमला गर्नको लागि सच्चा मित्रहरूसित एकताबद्ध हुन सकेनन् ।'

(माओ त्सेतुङका चुनिएका रचनाहरू, भाग १, पृष्ठ १, नेपाली संस्करण) ।

नेपाली क्रान्तिबारे छलफल गर्दा संयुक्त मोर्चाको प्रश्नलाई केन्द्रमा राखेर राज्य प्रणालीसम्बन्धी नीति निर्माण गर्नुपर्छ ।

आजसम्म जति पनि देशहरूमा सर्वहारा क्रान्तिहरू भए, क्रान्तिका कार्यदिशाहरू दोहोरिएका छैनन् । भूगोल, समय, समाज विकासको स्तर, शोषणको रूप, परम्परा र मनोविज्ञान, शक्ति सन्तुलनको स्थिति अनेक पक्षमा रहेका विविधताका कारणले कार्यदिशामा विविधता हुन्छन् । त्यस कुरालाई बुझ्ने सन्दर्भमा भीआई लेनिन भन्नुहुन्छ, 'पूर्वेली देशहरूमा जसको जनसङ्ख्या रुसको भन्दा कता हो कता धेरै छ र जसको सामाजिक स्थितिमा कता हो कता बढी विविधता छ अब जुन क्रान्तिहरू हुनेछन् निःसन्देह तिनमा रुसी क्रान्तिको दाँजोमा कता हो कता बढी विशिष्टताहरू प्रकट हुनेछन् भन्ने कुरा हाम्रा युरोपेली कूपमण्डुकहरू देख्न पनि सक्दैनन् ।'

(लेनिन, सङ्कलित रचनाहरू, भाग ८, हाम्रो क्रान्तिबारे 'नि सुखानोभका टिप्पणीहरूको प्रसङ्ग' पृष्ठ ११३) ।

महान् लेनिनले पूर्वेली देशहरू (मुख्यतः चीन) को क्रान्तिको चरित्र र कार्यदिशाका विषयमा बहस हुँदा यस्तो धारणा राख्नुभएको थियो । उहाँले पछौटे उत्पादन सम्बन्ध, औपनिवेशिक अवस्था र कृषिप्रधान चीनजस्ता देशहरूको क्रान्तिलाई रुसी चस्माले हेर्नु गलत हुने जिकिर गर्नुभएको थियो । यहींनेर मार्क्सवादको सिर्जनात्मक विकास र समृद्धिको प्रश्न उठ्छ । नेपाली क्रान्तिको सन्दर्भमा चीन र नेपालको (१९४९ को चीन र २०१८ को नेपाल) वस्तुगत र आत्मगत अवस्थामा ठूलो परिवर्तन भएको छ । त्यसकारण सन् १९४९ को चिनियाँ क्रान्तिको अनुभव आजको नेपाली क्रान्तिमा जस्ताको तस्तै प्रयोग गर्न सकिन्न । हामीले त्यसो भन्दा कतिपय जडसूत्रवादी मित्रहरूले हामीमाथि आफ्नो दैनिक कर्म र क्रान्तिकारी नैतिकताभन्दा पर पुगेर आरोपहरू थोपर्ने गरेका छन् । चिनियाँ क्रान्तिका अनुभवहरू सार्वभौम सत्यहरू हुन् तर ती अर्को देश र समयमा ऐतिहासिक परिस्थितिमा निर्भर भएर मात्र (निरपेक्ष रूपमा होइन) लागू हुन्छन् । त्यसलाई अझ राम्ररी बुझ्न मार्क्स र एङ्गेल्सको एउटा भनाइ हेरौं, 'गत पच्चीस वर्षभित्र परिस्थिति जतिसुकै बदलिएको भए पनि यस घोषणापत्रका आमसिद्धान्तहरू वर्तमान समयमा पनि खास रूपमा उत्तिकै सही छन् । एकदुई ठाउँमा सानातिना केही सुधार ल्याउन सकिन्थ्यो । स्वयम् घोषणापत्रमा भनिएझैं यसका मूल सिद्धान्तहरूको व्यावहारिक क्रियान्वयन जहाँसुकै र जहिले पनि विद्यमान रहेका ऐतिहासिक परिस्थितिहरूमा निर्भर रहनेछ ।'

(मार्क्स-एङ्गेल्स, पेरिस कम्युन, २४ जुन १८७२, सन् १८७२ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्रको जर्मन संस्करणको भूमिका, पृष्ठ ३४१) ।

ऐतिहासिक अनुभवहरूलाई परिस्थितिअनुसार त्यहाँका नयाँ र पुराना विशिष्टताहरूअनुसार आत्मसात गर्नुपर्ने विषयमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले स्पष्ट पार्नुभएको छ । त्यसकारण चिनियाँ क्रान्तिका अनुभवहरूलाई बेवास्ता गर्न खोजिएको होइन, झन् दह्रो गरी कसरी समात्न र समृद्ध गर्न सकिएला भन्ने हाम्रो चिन्ता हो । जडसूत्रवादले कसरी हानि पुऱ्याउँछ भन्ने सन्दर्भमा अध्यक्ष माओ भन्नुहुन्छ, 'मार्क्सवाद-लेनिनवाद वस्तुगत यथार्थबाट जन्मेको र त्यसैको कसीमा जाँचिएको सबभन्दा सही वैज्ञानिक र क्रान्तिकारी सत्य हो । तर मार्क्सवाद-लेनिनवादको अध्ययन गर्ने धेरै मानिसले यसलाई निष्प्राण सूत्र ठान्छन् । यसरी तिनले सिद्धान्तको विकासलाई अवरुद्ध पार्दछन्, आफू र अरू कमरेडहरूलाई हानिगर्छन् ।'

(माओ, सङ्कलित रचना, भाग ३, कार्यशैली सुधार गर, पृष्ठ २३) ।

नेपाली क्रान्तिको बाटो तय गर्दा नेपाली कम्युनिस्टहरूले विश्वका सारगर्भित अनुभव र नेपाली विशिष्टताहरूलाई ख्याल गर्नुपर्छ र ती एकअर्कोको अन्तरविरोधी हुनु हुन्न भन्ने हाम्रो चिन्ता र चासो हो । त्यसक्रममा नै एकीकृत जनक्रान्तिको कार्यदिशा ठोस गरिएको हो । यो कार्यदिशा सही छ भन्ने हाम्रो धारणा (परिकल्पना) छ । यो निष्कर्ष हावामा नभएर निश्चित आधारसहित गरिएको छ । यसलाई व्यवहारमा लागू गरेर अन्तिम निष्कर्षमा भन्न सकिन्छ- हामी त्यसका लागि इमानदार प्रयास गरिरहेका छौं ।

आजसम्म जति पनि क्रान्तिहरू भएका छन् तिनीहरूको बाटो सुरुमा शतप्रतिशत देख्न सम्भव भएको छैन । नेपाली क्रान्ति पनि त्यसको अपवाद हुन सक्दैन । लेनिनले 'युद्ध कस्तो हुन्छ भन्ने कुरा तपाईं जान्न चाहनुहुन्छ ? चाहनुहुन्छ भने युद्ध गर्नोस्' भन्नुभएको थियो । जसरी विज्ञानको नयाँ आविष्कारको प्रक्रिया हुन्छ अथवा हाम्रा पुर्खाहरूले जीवनयापनका साधन पत्ता लगाउँदा मृत्यु स्वीकार गरे (मर्न बाध्य भए), ज्ञान आर्जन गरेर नयाँ तथ्यहरू पत्ता लगाए, क्रान्ति पनि पूर्वसञ्चित ज्ञानमा टेकेर नयाँको खोजी गर्ने प्रक्रियामा पत्ता लाग्ने विषय हो । भीआई लेनिनले भन्नुभएको छ, 'कुनै पनि क्रान्तिको बाटो सुरुदेखि नै पूरापूर देख्न सकिँदैन र अनेकपटक अन्धकारमा पाइला चाल्नु पर्नेछ । अँध्यारामा छामछाम-छुमछुम गर्नुपर्नेछ तर अघि लम्कने तरिकाचाहिँ यही नै हो ।'

(क. गोन्जालोका विचारहरू, पृष्ठ १२१, पेरूको क्रान्ति समर्थक समिति, नेपाल, २०४९ पुस) ।

कसैले नहिँडेको बाटो हिँड्नु, नयाँ गोरेटो खन्नु, लड्नु फेरि उठ्नु, सकारात्मक-नकारात्मक शिक्षाद्वारा समृद्ध हुनु र नेपाली क्रान्तिको बाटो निश्चित गर्नु हाम्रो ऐतिहासिक दायित्व हो । अर्को कुनै उपाय हामीसँग हुनै सक्दैन । क्रान्ति लड्दै सिक्दै गर्ने विषय हो । यो कुनै गणितको सूत्र होइन । हारदेखि डराउनेहरूले युद्धलाई बुझ्न र जित्न सम्भव हुँदैन । कार्ल हेनरिक मार्क्स भन्नुहुन्छ, 'जित्ने कुरामा एकदमै सुनिश्चित भई सारा समस्याहरू हल गरेर क्रान्तिको थालनी गर्न पाए कति सजिलो हुँदो हो । यसो हुनु सजिलो हुँदो हो तर क्रान्ति भने यस्तो हुँदैन । समस्याचाहिँ यसप्रति प्रतिबद्ध हुनु र यसलाई अघि बढाउनु नै हो, चाहे हामीले जस्तोसुकै मूल्य चुकाउनु परोस् र जस्तोसुकै प्रयास गर्नु परोस् ।'

(उही, पृष्ठ १२१ ।

क्रान्ति अपार सम्भावना, चुनौती र अनिश्चयको क्षेत्र हो । जसका सम्पूर्ण प्रश्नको जबाफ समयअगाडि नै दिन सकिन्न । यो लड्दै सिक्दै जाने विषय हो ।

असीको दशकमा पेरूमा जनयुद्धको पहलकदमी भयो । क. अविमायल गुजमान 'गोन्जालो' ले त्यसको पहल गर्नुभयो । उहाँले प्रतिक्रान्तिकाविरुद्ध महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई थप समृद्ध गर्ने प्रयास गर्नुभयो । अध्यक्ष माओका योगदानहरूलाई 'माओवाद' कारूपमा संश्लेषण तथा प्रचार गर्नुभयो । 'माओवाद' लाई समृद्ध गर्ने प्रक्रियामा क. गोन्जालोको मुख्य भूमिका रहेको छ । उहाँले निरन्तर क्रान्तिको सिद्धान्तलाई लागू गर्ने प्रयास गर्नुभएको थियो । पेरूमा जनयुद्ध सुरु भएको एक दशक वरपर (सन् १९८९) मा कमरेड गोन्जालो गिरफ्तार हुनुभयो । निरन्तर क्रान्ति, वार्ताप्रक्रिया, जनयुद्ध र चीनमा प्रतिक्रान्तिका विरुद्ध सङ्घर्षका विषयमा नयाँ बहस छेड्नुभयो । चीनमा भएको प्रतिक्रान्ति, कोरिया र भियतनाम विभाजनजस्ता घटनाहरूको संश्लेषण गर्दै क. गोन्जालोले 'हामी उत्तरकोरिया र दक्षिणकोरिया, उत्तरभियतनाम, दक्षिणभियतनाम चाहन्नौं, हामी सिङ्गो पेरू चाहन्छौं' भन्नुभएको थियो । प्रतिक्रियावादी वर्गलाई 'आत्मसमर्पण सहज बनाउन' कालागि अवसर प्रदान गर्न वार्ता हुन सक्ने, अन्य कुनै प्रयोजनको लागि स्वेत सत्तासँग वार्ता नहुने विचार उहाँले सार्वजनिक गर्नुभएको थियो । क्रान्तिको कुनै न कुनै समय पुरानो सत्तासँग वार्ता तथा टेबुलको सङ्घर्ष गर्नुपर्ने धारणा क. गोन्जालोको थियो । प्रत्यक्ष लडाइँमा पराजित भएको अवस्था वा जित्न नसक्ने परिस्थितिमा क्रान्तिकारीहरूलाई थकाउन-गलाउन र षड्यन्त्र गर्न पुरानो सत्ताले वार्ताको औजार प्रयोग गर्ने धारणा क. गोन्जालोको थियो । यी समग्र प्रयोग र विचारलाई 'गोन्जालो' विचारकारूपमा संश्लेषण गरियो । पेरूको जनयुद्धले नयाँ आशा र बहस चलिरहेको थियो । त्यही बीचमा क. गोन्जालोको गिरफ्तारी भएकाले पेरूको प्रयोग र बहसमा अवरोध पैदा भयो ।

पेरूको जनयुद्धले धक्का खाइरहेको बेला नेपालमा जनयुद्ध सुरु भयो । त्यसले तीव्र गतिमा विकास गऱ्यो । नेपालको जनयुद्धलाई 'प्रचण्डपथ' कारूपमा संश्लेषण गरियो । २०५७ सालमा संविधानसभाको चुनाव, प्रचण्डपथ, २१ औं शताब्दीको जनवाद आदि बहसमा आयो । त्यसलाई आरसीपी अमेरिका, भाकपा (माओवादी) लगायत भाइचारा पार्टीहरूले आलोचना गरेका थिए । २०६३ पछिको शान्तिप्रक्रियापछि नेपालमा प्रतिक्रान्ति भयो । त्यसकारण नेपालको प्रयोग पनि सफल हुन सकेन । विश्व कम्युनिस्ट आन्दोलनमा पछिल्लो अवधिमा आरसीपीअमेरिका र त्यसका नेता बब अभाकियनले नयाँ बहस ल्याएका छन् । उनले नयाँ छाल आउनुपर्ने (आउने) भनेका छन् । बबको धारणाअनुसार त्यो नयाँ छाल यसरी आउनेछ -

१) दर्शन र सङ्घर्ष तथा चिन्तनको तरिका
२) अन्तर्राष्ट्रियतावाद
३) सर्वहारा अधिनायकत्व
४) रणनीतिक शैली

क. लेनिनदेखि अध्यक्ष माओसम्म विश्वक्रान्तिको पहिलो छाल पूरा भएको र विश्वक्रान्तिको दोस्रो चरण (नयाँ छाल) आवश्यक रहेको क. बबको विचार छ । नयाँ छाल कसरी उठ्छ त, क. बबका निश्चित विचार छन् । लेनिन र माओको मृत्युपछि प्रतिक्रान्ति हुनुमा द्वन्द्ववादको प्रयोग गलत भएको, नकारको नकारसम्बन्धी गलत बुझाइभएको, स्टालिनको समयमा सोभियत समाजवाद समाजवादतिर नभएर अन्धराष्ट्रवादतिर अग्रसर भएको, चीन पनि त्यही बाटोमा अग्रसर भएको, निरन्तर क्रान्तिलाई विज्ञान र कलासहित लागू गर्नुपर्ने अर्थात् प्रतिस्पर्धात्मक शैलीमा लागू गर्नुपर्ने सर्वहारा वर्गको भित्रै छनोटको अधिकार हुनुपर्ने,सर्वाहारा सत्ताको जनआलोचना र जननिगरानी हुनपर्ने सर्त वा विचार छन् ।

लेनिनले सर्वहारा वर्ग मार्क्सवादी चेतना र सत्ता सञ्चालन गर्न लायक अनुभवसहित सत्तारूढ हुनुपर्छ' भन्नुभएको थियो । त्यसो नहुँदा सांस्कृतिक क्रान्ति माओकै विरुद्ध गएको क. बबको आरोप छ । क. बब अभाकियनको यो विचारलाई 'नयाँ संश्लेषण' भनेर सूत्रबद्ध गरिएको छ । क. बबको यो विचारलाई भारत, टर्की, इटाली, अफगानिस्तानलगायत देशहरूका माओवादी पार्टीहरूले विरोध गरेका छन् । क. बबको नयाँ संश्लेषण माओवाद र अन्ततः क्रान्तिकारी मार्क्सवादकै विरुद्ध रहेको उनीहरूको दाबी छ । क. बबको विचार प्रयोगमा जाने तत्काल आधार पनि देखिएको छैन ।

आज विश्व कम्युनिस्ट आन्दोलनमा प्राधिकार पूर्ण नेतृत्वको अभाव छ । जसको कारण बहस केन्द्रित हुन सकिरहेको छैन । विषय उठ्नसाथ अध्ययन होइन, आलोचना वा अन्धसमर्थन हुने गरेको छ । विचारको विकासकालागि के गर्ने त ? क. कञ्चन भन्नुहुन्छ, 'क्रान्तिको विकास गर्ने ज्ञान पनि अरु विज्ञानमा जस्तै यसको वैज्ञानिक परीक्षणबाट पुष्टि हुने कुरा हो तर कम्युनिस्टहरूमा दुई समस्या देखा पर्न सक्छन्ः पहिलो, विचारको विकासबारे आफूले केही अवधारणा अगाडि सार्नेबित्तिकै त्यसलाई प्राधिकारकारूपमा ग्रहण गर्ने र अर्को अरूले केही प्रस्ताव अगाडि सार्नेबित्तिकै त्यसको निषेध गर्ने ।' जसरी वैज्ञानिकहरूले नयाँ खोज प्रस्ताव हुनासाथ प्रयोगशालामा प्रामाणिक नहुँदासम्म अध्ययनको विषय बनाउँछन्, त्यसरी नै कम्युनिस्ट आन्दोलनमा पनि नयाँ विचार वा बहसलाई अध्ययनको विषय बनाउनुपर्ने लेखकको धारणा छ । नेकपाले नेपाली कम्युनिस्ट आन्दोलनका यी सकारात्मक र नकारात्मक शिक्षाहरूलाई अध्ययन गर्दै नेपाली क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने निर्णय गरेको छ । आफ्ना सोचाइहरूलाई व्यावहारिक रूप दिने प्रयास गरिरहेको छ । त्यसअनुसार एकीकृत जनक्रान्ति कार्यदिशामार्फत वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने निष्कर्षमा पुगेको छ । त्यसभन्दा अगाडिका कुनै पनि सङ्घर्ष वा सत्ताले नेपाली समाजका समस्याहरूलाई समाधान गर्न सक्दैन । वैज्ञानिक समाजवादी क्रान्तिले नै नयाँ जनवादी क्रान्तिको कार्यभारसमेत पूरा गर्दै (निषेध होइन) अगाडि बढ्नेछ । माओवादलाई अब त्यसरी समृद्ध गर्नुपर्छ । त्यसो गर्नु सम्भव र आवश्यक दुवै छ भन्ने नेकपाको धारणा छ । मार्क्सवादको पूर्वज्ञानहरूको समुच्च आत्मसातीकरण, विज्ञानमा पैदा भएको एकीकृत चरित्रको आत्मसातीकरण र समाज विज्ञानमा (यहाँ नेपाली क्रान्ति) थप विकास एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद हो । दलाल पुँजीवाद र नेपाली जनताकाबीचमा प्रधान अन्तरविरोध भएका कारण अब नेपालमा समाजवादी क्रान्ति अनिवार्य बन्न गएको छ ।

नयाँ सुखानीबाट (२०७५ कात्तिक)

# जनमहायज्ञको बलि चढाउने पुँजीवाद– मुर्दावाद !

क्लारा जेट्किन

**तपाईंहरूका श्रीमान् र छोराहरू खै ?**

हुनेखाने वर्गको धन तथा शक्तिका लागि जनमहायज्ञ (Hecatomb) को बलि चढाउने पुँजीवाद- मुर्दावाद ! युद्ध मुर्दावाद ! समाजवादतर्फ अघि बढौँ ।

विगत आठ महिनादेखि उनीहरू युद्धमोर्चामा छन् । उनीहरू आफ्नो जागिर र घरबाट खेदिएका छन् । किशोरहरू, आफ्ना बुबाआमाका भरोसा तथा आशाका केन्द्रहरू, अधिबैंसे मानिसहरू, कपाल पाकेकाहरू, परिवारको पालनपोषण गर्नेहरू, ती सबै सैनिक बर्दी पहिरेर सुरुङहरूमा निरस जीवन बिताइरहेका छन् र कडा परिश्रमद्वारा निर्मित हरेक वस्तुलाई ध्वंस गर्ने आदेश पालन गर्न विवश छन् ।

लाखौँलाख मानिसहरू, आमचिहानमा निदाइरहेका छन्, सयौँ-हजारौँ मानिसहरू सैनिक अस्पतालमा हातखुट्टा भाँचिएर वा शरीर अङ्गभङ्ग भएर, अन्धा भएर, क्षतविक्षत मस्तिष्क तथा महामारीबाट आक्रान्त या शक्तिहीन अवस्थामा लडिरहेका छन् । आगो लागी डढेका गाउँ तथा सहरहरू, भत्केका पुलहरू, उजाडिएका बनजङ्गल तथा बरबाद भएका खेतहरू तिनीहरूको कामको निशानी हुन् ।

सर्वहारा महिलाहरू हो ! कसैले तपाईंलाई भनेको होला, तपाईंका श्रीमान् तथा छोराहरू आफ्ना कमजोर श्रीमती र बच्चाहरूको रक्षा गर्न र घरपरिवारको पहरेदारी गर्न लडाइँमा गएका हुन् भनेर तर वास्तविकता के हो त ? अहिले दूर्वल महिलाहरूको काँधले दुई गुणा बोझ खेप्नुपरेको छ । संरक्षणको गुन्जाइस नभएका तपाईंहरू दुःखमय कठिन जीवन भोगिरहनुभएको छ । तपाईंका बच्चाहरू भोकभोकै जाडोले कठ्याङ्ग्रिएका छन् । तपाईंहरूको टाउको ओत्ने छानालाई भत्काइदिने धम्की दिइएको छ । तपाईंहरूको चुलो चिसो र खाली छ ।

कसैले तपाईंलाई भाइभतिजा तथा उचनिचबीच भाइचारा, धनी र गरिबबीचको सङ्घर्षको अन्त्य हुनेबारे भनेका होलन् । ठीक छ । सङ्घर्षको अन्त्य भन्नुको अर्थ त उद्यमीले तपाईंहरूको ज्याला घटाएको, व्यापारी तथा अविवेकी सट्टेबाजले मूल्य बढाएको तथा जमिनदारले तपाईंलाई बेदखल गर्ने धम्की दिएकोलाई पो बुझाउने रहेछ । राज्यले तपाईंलाई कङ्गाली बनाउँछ भने बुर्जुवा कल्याण अधिकारीहरूले तपाईंलाई असाध्यै थोरै खोले (soup) को भाग लगाएर कन्जुस बन्न जोड दिन्छन् । तपाईंलाई यस्तो भयङ्कर युद्धको पीडा भोगाउने युद्धको उद्देश्य के हो त ? तपाईंलाई भनेका होलान्-पितृभूमिको भलाइ र रक्षाका लागि हो भनेर । पितृभूमिको रक्षा केलाई भनिन्छ ?

यसले युद्धद्वारा मारिएका, लङ्गडा, बेरोजगार, माग्ने तथा टुहुरा बनाइएका दसौँ लाखको भलाइ भन्ने बुझाउँदैन र ? पितृभूमिको भलाइमा कसले खतरा पुर्‍याउँछ ? सीमापारि खडा भएका बर्दीधारी मानिसहरू जसले तपाईंका आफ्ना मानिसहरूले चाहेजस्तो युद्ध कत्ति चाहेका थिएनन् जसलाई थाहा छैन किन आफैँले आफ्ना दाजुभाइहरूको हत्या गर्नुपरेको छ ? अहँ, होइन । विशाल जनसमुदायले भोग्नुपरेको कठिनाइबाट फाइदा उठाउन खोज्नेहरू तथा दमनमाथि आफ्नो प्रभुत्व कायम गर्न खोज्नेहरूबाट पितृभूमिलाई खतरा पुगेको छ । यो युद्धबाट कसले फाइदा उठाउँछ ? हरेक देशका केवल सानो अल्पसङ्ख्यकले ।

राइफल र तोपहरू, कवचहरू, पनडुब्बी, युद्धपोत उत्पादन गर्नेहरू, जहाज कम्पनीका मालिकहरू एवम् सैनिक आवश्यकता सामग्री आपूर्ति गर्ने ढुवानीकर्ताहरूले फाइदा उठाउँछन् । उनीहरूलाई फाइदा पुर्‍याउने स्वार्थमा जनताबीच आपसमा यसरी युद्ध भड्काउने घृणास्पद काम हुँदैछ । यो युद्ध केवल पुँजीपतिहरूका लागि मात्र फाइदाजनक छ । जसले ती वस्तुहरूको उत्पादन गर्‍यो, तिनैले त्यसलाई उपभोग गर्न नपाएपछि ती केही नभएको बुङ्गा तथा शोषित समुदायको श्रमको सङ्ग्रह होइन र ? ती वस्तु किन्न उनीहरू अत्यन्तै गरिब छन् । श्रमिकको पसिनाले यी वस्तुहरूको निर्माण गर्‍यो तथा तिनै श्रमिकको रगतले यी वस्तुका लागि नयाँ विदेशी बजार निर्माण गर्नुपर्ने थियो । पुँजीपतिहरूले जहाँ प्राकृतिक सम्पदाहरू लुट्न तथा अत्यन्तै सस्तो श्रमशक्तिको शोषण गर्न चाहन्छन् त्यहाँ उपनिवेशहरू जितेको नौटङ्की गरिन्छ ।

पितृभूमिको सुरक्षा होइन, बरु यिनै कुराहरूको वृद्धि गर्नु युद्धको उद्देश्य हो । पुँजीवादी व्यवस्था यही चाहन्छ र मानिसले मानिसको शोषण र उत्पीडन नगरी त्यो व्यवस्था टिक्नै सक्दैन । यो युद्धबाट मजदुर हरूलाई कुनै फाइदा छैन, बरु उनीहरूले आफ्नो सर्वस्व तथा सबैभन्दा प्यारो वस्तुसमेत गुमाउनुपर्ने अवस्थामा आइपुगेका छन् ।

श्रमिकका श्रीमतीहरू, महिला मजदुरहरू हो ! द्वन्द्वरत देशका पुरुषहरूको मुखमा ताल्चा लगाइएको छ । युद्धले तिनको बुद्धि भुटिदिएको छ । तिनको इच्छालाई स्तम्भित बनाइएको छ र तिनको अन्तरहृदयलाई कुरूप पारिएको छ तर तपाईं महिलाहरूले मोर्चामा रहेका आफ्ना प्रियजनहरूको चिन्ताले ग्रस्त हुँदाहुँदै अझ ठगिनु र कष्टसमेत सहनुपरेको छ भने आफ्नो शान्तिको चाहना तथा युद्धविरोधी भावना व्यक्त गर्न के पर्खिरहनुभएको छ ?

तपाईंहरू के कुरामा हिचकिचाइरहनुभएको छ ? अहिलेसम्म त तपाईंहरू आफ्ना प्रियजनहरूका लागि धैर्य बन्नुभयो । अब भने तपाईंहरूले आफ्ना पति र छोराहरूका लागि केही गर्नैपर्छ । हत्या अति नै भो ! यो भनाइ धेरैको मुखबाट निस्किएको छ, लाखौँलाख महिलाहरूले यो कुरा उठाएका छन् । ती सुरुङहरूमा यो प्रतिध्वनित भाइरहेको छ जहाँ जनताका छोराहरूको विवेक यो हत्याविरुद्ध उत्तेजित भएको छ ।

जनताका महिला श्रमिकहरू ! यी कठिन दिनहरूमा, जर्मनी, बेलायत, फ्रान्स तथा रुसका समाजवादी महिलाहरू एकत्रित भएका छन् । तपाईंका कठिनाइ र पीडाहरूबाट तिनको हृदय विचलित भएको छ । उनीहरूले तपाईंहरूलाई आफ्नै र आफ्ना प्रियजनहरूका लागि शान्तिको काम गर्न अनुरोध गरिरहनुभएको छ । जसरी उनीहरूको सोचाइ लडाइँका मैदानहरू नाघ्दै आपसमा मिलेको छ, त्यसरी नै सबै देशबाट तपाईंहरू पनि शान्ति ! शान्ति ! को आवाज उठाउन एकत्रित हुनुपर्छ ।

विश्वयुद्धले तपाईंहरूबाट असाध्यै ठूलो बलिदानको माग गरेको छ । तपाईंले दुःख-कष्ट सहेर हुर्काउनुभएका छोराहरू, कठिन सङ्घर्षहरूमा तपाईंलाई साथ दिएका श्रीमान्हरू तपाईंहरूबाट खोसिएका छन् । यी बलिदानको तुलनामा अन्य सबै बलिदानहरू तुच्छ र निरर्थक देखिन्छ । सम्पूर्ण मानव जातिले तपाईं द्वन्द्वरत देशका सर्वहारा महिलाहरूतिर आशाको दृष्टिले हेरिरहेका छन् । तपाईंहरूलाई वीराङ्गना र मुक्तिदाता बन्ने सौभाग्य प्राप्त भएको छ ।

एउटै इच्छा, एउटै कर्ममा जुट्नुहोस् । तपाईंहरूका श्रीमान् र छोराहरूले अहिलेसम्म भन्न नसकेका कुरालाई लाखौँलाख स्वरहरूमा एकैचोटि भन्नुहोस् । सबै देशका श्रमिक जनताहरू भाइभाइ हुन् । ऐक्यबद्ध जनताको शक्तिले मात्र हत्यालाई रोक्न सक्छ ! समाजवादले मात्र मानवजातिको भाबी शान्ति सुनिश्चित गराउन सक्छ । हुनेखाने वर्गको धन तथा शक्तिका लागि जनमहायज्ञ (Hecatomb) को बलि चढाउने पुँजीवाद- मुर्दावाद ! युद्ध मुर्दावाद ! समाजवादतर्फ अघि बढौँ ।

***(क्लारा जेट्किनले प्रथम विश्वयुद्धताका त्यसविरुद्ध दिएको भाषणको अनुवाद- सम्पादक ।)***

## विश्व कम्युनिस्ट ....

वर्गसङ्घर्ष त्यागियो । शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन गर्ने भन्ने विषयका सबै आधारभूत प्रक्रियालाई अगाडि सारियो ।'

सन् १९७० को दसकमा मलेसियामा क्रान्तिकारी आन्दोलनको ज्वाला दन्किएको थियो । कम्युनिस्ट पार्टी मलेसियाको स्थापना भएपछि त्यहाँका आमजनतामा उत्साह छाएको थियो तर सन् १९७६ मा माओको निधन र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको विश्रामपछि मलेसियाको क्रान्तिकारी आन्दोलनले समेत विश्राम लिन पुग्यो । मलाया कम्युनिस्ट पार्टी सन् १९३० मा स्थापना गरिएको थियो र यो पार्टीले मलाया राष्ट्रिय मुक्ति सेनाको निर्माणसमेत गरेको थियो । मलाया राष्ट्रिय मुक्तिसेनाले बेलायती साम्राज्यवादका विरुद्ध समयसमयमा भीषण युद्धहरू लड्यो तर त्यो पार्टीका नेता लाई तेको आत्मसमर्पणवादी कार्यनीतिका कारण सन् १९४५ मा बेलायती साम्राज्यवादीहरूसँग सहअस्तित्वको नीति अख्तियार गर्‍यो । पछि जानकारीमा आयो-लाई ते बेलायती साम्राज्यवादीहरूको पार्टीभित्रको गुप्तचर थियो र उसलाई कारबाही गरेपछि चीन पेङको नेतृत्वमा सन् १९४८ र सन् १९५८ मा बेलायती साम्राज्यवादका विरुद्ध राष्ट्रिय मुक्तियुद्ध लड्यो तर मलेसियाको नेतृत्वमा देखापरेको राजनीतिक अकर्मण्यता र पार्टीको सुधारवादी तथा संशोधनवादी कार्यदिशाका कारण भीषण वर्गसङ्घर्षको प्रक्रियाबाट अगाडि बढेको पार्टी भए पनि त्यसले अन्ततः सन् १९८९ मा त्यहाँको सरकारका अगाडि आत्मसमर्पण गर्न पुग्यो र त्यो पार्टी एउटा वैधानिक बुर्जुवा पार्टीका रूपमा पतन हुन पुग्यो ।

महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावका कारण फिलिपिन्समा पनि सन् ६० को दसकमा सशस्त्र युद्ध चलेको थियो । तानशाह रामोसका विरुद्ध त्यहाँको पार्टीले राष्ट्रवादी बुर्जुवा एकिनोसँग संयुक्त मोर्चा खडा गर्‍यो । तानशाह रामोसको अन्त्यपछि फिलिपिन कम्युनिस्ट पार्टीका संस्थापक अध्यक्ष प्रोफेसर जोसे मारियासिसोनलाई गिरफ्तार गरी कडा एकान्तबासमा राखियो । सिसोनको रिहाइपछि पार्टीले सङ्गठनभित्र पैदा भएको सुधारवादका विरुद्ध वैचारिक सङ्घर्ष चलाउँदै शुद्धीकरण अभियान चलायो । अहिले फिलिपिन्स कम्युनिस्ट पार्टीले छापामार युद्ध चलाइरहेको छ ।

क्रान्तिकारी पार्टीभित्र पैदा हुने संशोधनवादी धारका कारण तमाम क्रान्तिकारी आन्दोलनहरूले नोक्सान बेहोर्नुपरेका इतिहास प्रसस्त पाइन्छन् । टर्की कम्युनिस्ट पार्टीको प्रश्न होस् वा भारतीय कम्युनिस्ट पार्टीको, बङ्गलादेशको क्रान्तिकारी आन्दोलनको प्रश्न होस् वा श्रीलङ्काको क्रान्तिकारी आन्दोलनको, सबै देशहरूमा संशोधनवादका विरुद्धको सङ्घर्षबिना कुनै पनि स्थानहरूमा क्रान्तिकारी नेतृत्व र क्रान्तिकारी आन्दोलनको विकास हुन सकेको छैन । टर्कीमा इब्राहिम काइप्पाकाया, भारतमा चारु मजुमदार, बङ्गलादेशमा सिरज सिकन्दर तथा श्रीलङ्का मासन-मुगथासनको नेतृत्व र उहाँहरूको नेतृत्वमा चलेका क्रान्तिकारी आन्दोलनहरू संशोधनवादका विरुद्धको सङ्घर्षका परिणामहरू हुन् ।

नेपालमा पनि संशोधनवादको प्रभाव खुला र छद्म दुवै रूपमा देखापर्छ । एमालेको संशोधनवाद खुला रूपमा देखापर्छ भने मोहनविक्रम सिंहको संशोधनवाद छद्म रूपमा । चीनमा भएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति तथा ख्रुस्चोभी संशोधनवादका विरुद्ध माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले चलाएको महान् बहसले नेपालको क्रान्तिकारी आन्दोलनमा पनि प्रत्यक्ष असर पार्नु स्वाभाविक हुन्थ्यो । यसको परिणाम सन् १९४९ मा स्थापना भएको कम्युनिस्ट पार्टीभित्र सन् ६० र सन् ७० को दसकमा सैद्धान्तिक र राजनीतिक विषयमा गम्भीर बहस चल्यो जसको परिणाम नेपालको कम्युनिस्ट आन्दोलन विभिन्न समूहमा विभक्त भएको कुरा स्पष्ट छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) एमालेको दक्षिणपन्थी संशोधनवाद, मोहनविक्रम समूहको जडसूत्रीय नवसंशोधनवाद तथा अन्य समूहहरूका विभिन्न रूप र रङका संशोधनवादी धारका विरुद्धको तीव्र वैचारिक सङ्घर्ष र समाजमा विद्यमान भीषण वर्गसङ्घर्षको बीचबाट विकास हुँदै आएको छ । हाम्रो पार्टीले अत्यन्त प्रतिकूल विश्वपरिस्थितिमा पनि महान् जनयुद्धमा एकपछि अर्को गरी सफलता हासिल गर्दै आयो । यसबीचमा हामीले मार्क्सवाद-लेनिनवाद-माओवादमा नयाँ विकास गरेका छौँ र यो विचारलाई नयाँ उचाइमा संश्लेषण गर्न आवश्यक भइसकेको छ । आधुनिक संशोधनवाद जसले कार्यनीतिको आवश्यकता भन्दै सुधारवादको मुखौटोसहित पार्टीभित्र घुस्ने काम गर्दछ । त्यसले क्रान्तिकारी आन्दोलनलाई सुधारवादतिर लैजाने खतरा पनि त्यत्तिकै रूपमा रहेको छ ।

आधुनिक संशोधनवाद वा सुधारवाद नयाँ नयाँ तर्क र बहसका साथ अगाडि आइरहेको छ । आधुनिक संशोधनवादको व्यवस्थित विश्लेषण आधुनिक संशोधनवादीहरू माइकल हार्डिट र एन्टोनियो नेग्रीले साम्राज्य 'इम्पायर मल्टिच्युड' भन्ने पुस्तकमा आधुनिक साम्राज्यवादका विशेषताहरूलाई राम्रोसँग खुलासा गरेका छन् । सुधारवादको आमविशेषता युरोपियन कम्युनिज्मदेखि युरो कम्युनिज्म, बर्नस्टिनदेखि एमालेसम्मका संशोधनवादीहरूसम्म एकैनास रहँदै आएका छन्, वर्गसङ्घर्षको परित्याग, वर्गसमन्वयप्रतिको मोह, क्रान्तिकारीहरूप्रतिको शत्रुता, क्रान्तिविरुद्ध षड्यन्त्र र छलछाम आदि । सुधारवादका आमविशेषताहरू हार्डिट र नेग्रीहरूमा पनि देख्न सकिन्छ । साम्राज्य 'इम्पायर' सन् २०००, बृहत् ' मल्टिच्युड' सन् २००४ मा उनीहरूले साम्राज्यवाद अब साम्राज्यवाद नरहेर केवल साम्राज्य रहेको र वर्गसङ्घर्षबिना नै राष्ट्र राज्यहरूको अन्त्य र एक विश्व हुने कुरा बताइरहेका छन् । हार्डिट र नेग्रीको संशोधनवादले अब वर्गसङ्घर्ष होइन, वर्गसङ्घर्षबिना नै साम्राज्यवादको विकास प्रक्रियाबाटै समाजवादी समाजमा आधारभूत रूपले रूपान्तरण हुने कुरा पत्ता लगाएको कुरा इम्पायर र मल्टिट्युडमा विश्लेषण गरेका छन् । इम्पायरमा उनीहरूले तर्क गरेका छन्, 'साम्राज्य भनेको साम्राज्यवादभन्दा पर पुँजीवादको नयाँ युगमा प्रवेश हो जहाँ लेनिनले प्रतिपादन गर्नुभएका साम्राज्यवादी युगका विशेषताहरू लागू हुँदैनन् ।

विशेषतः राष्ट्र राज्य 'नेसन स्टेट' को भूमिका यो युगमा अत्यधिक मात्रामा घटेको छ । साम्राज्य भनेको विश्वमै कुनै पनि ठाउँ नछाडीकन पुँजीवादी सम्बन्ध लादिएको व्यवस्था हो । उत्पादन र सञ्चारको सम्बन्ध संसारभर एकापसमा कसरी जोडिएका छन् भने जो विगतमा कहिल्यै कल्पना गर्न सकिँदैनथ्यो । यसबाट नयाँ मजदुर उदाएको छ जसबाट नयाँ वर्गको उदय हुँदै गएको छ । विश्वका गाउँहरूमा नाटकीय परिवर्तनहरू भएका छन् । अहिलेको साम्राज्यवादी व्यवस्थामा कुनै केन्द्रवा केन्द्रहरू छैनन् ।' हार्डिट र नेग्रीको संशोधनवाद पनि ठीक त्यही किसिमले अभिव्यक्त हुन्छ जसरी जर्मनीमा काउत्स्की, रुसमा ट्राट्स्की र बुखारिन, चीनमा छन तुस्यू र देङ सियाओपिङबाट उपरि संरचनाबाट अलग आर्थिक आधारको विकास र उत्पादन सम्बन्धबाट अलग उत्पादक शक्तिको विकासको सिद्धान्त अगाडि सारिएको थियो । त्योभन्दा अगाडि हार्डिट र नेग्री भन्दछन्- इम्पायरमा 'उत्पादक शक्ति उत्पादन सम्बन्धसँग विलय हुनेछ ।' आधुनिक संशोधनवादले उत्तरआधुनिकतावादी मान्यतालाई सीधै अँगाल्दछ र साम्राज्यवादी विश्वव्यवस्थालाई साम्राज्यका रूपमा ग्रहण गर्दछ ।

सुधारवाद वा संशोधनवाद क्रान्तिकारी आन्दोलनको एउटा विशेष उपज हो । जब क्रान्तिकारी आन्दोलनमा कठिनाइहरू पैदा हुन्छन् जब आन्दोलनले नयाँ कार्यदिशा र कार्यनीतिको माग गरिरहेको हुन्छ जब पार्टीभित्र वैचारिक, राजनीतिक रसङ्गठनात्मक एकता कमजोर हुन थाल्छ त्यही अवस्थामा पार्टीभित्रैबाट सुधारवाद वा संशोधनवाद पैदा हुने खतरा रहन्छ । सुधारवाद क्रान्तिकारी आन्दोलनभित्र सिर्जनात्मकताको पर्दाभित्र पैदा हुने वैचारिक समस्या पनि हो । यसको नवीनतम् दृष्टान्त पेरूको आन्दोलनमा देख्न सकिन्छ । अध्यक्ष गोन्जालोको गिरफ्तारीपछि त्यहाँको पार्टी पीसीपीको एउटा हिस्साले आसुमिर दस्ताबेजका नाममा आत्मसमर्पणका ११ बुँदा अगाडि सारेको थियो । त्यसले क्रान्तिकारी युद्धको अन्त्य, जनमुक्ति सेनाको विघटन, हतियार सरकारलाई बुझाइदिनुपर्ने, पार्टीको विघटनलगायत मागहरू अगाडि सारेको थियो ।

नेपालको क्रान्तिकारी आन्दोलन अहिले एउटा गम्भीर घुम्तीमा आइपुगेको छ । वस्तुगत अवस्थाका हिसाबले आन्दोलन रणनीतिक प्रत्याक्रमणमा रहेको छ भने कार्यनीतिका हिसाबले हामी वार्ता र कूटनीतिको समायोजनको अभ्यास गरिरहेका छौँ । नेपाली समाजको सङ्क्रमणकालीन चरित्रका कारण पनि यो सुधारवादी प्रवृत्तिको विकास हुन अत्यन्तै अनुकूल अवस्था हो । इतिहासमा देखापरेका सुधारवादका विभिन्न प्रवृत्तिहरूको अध्ययन र आँकलन गर्दै आन्दोलनको विशिष्ट अवस्थामा पैदा हुने सुधारवादका विरुद्ध हाम्रो पार्टीले ऐतिहासिक मुकाबिला गर्ने कुरा स्पष्ट छ । नेपाली कम्युनिस्ट आन्दोलनमा आमरूपमा जनसमुदाय यो कुरामा चिरपरिचित रहेका छन्- विगतमा संशोधनवादी नवसंशोधनवादी, ट्राट्स्की तथा बुखारिनवादीहरूले ठीक त्यसैगरी भन्ने गर्दथे- माओवादी क्रान्तिकारीहरूबाट अनावश्यक रूपमा त्रसित हुनु पर्दैन । केही समयभित्र उनीहरूलाई पूर्ण नियन्त्रणमा लिइनेछ । जस्तो इटलीमा त्यहाँका समाजवादी पार्टीका संशोधनवादी नेता तुराती र उनका मण्डलीहरूबाट भन्ने गरिन्थ्यो- 'क्रान्तिकारी खतरा यति धेरै छैन इटलीमा निराधार चिन्ता लिनु परोस् ।' तुरातीले बेलायतको एउटा पत्रिकालाई अन्तर्वार्ता दिँदै भनेका थिए, 'म्याक्सिमालवादीहरूले जनतालाई केवल जागृत र उत्तेजित बनाउन सोभियत सिद्धान्तको आगोमा पत्त ा हम्किरहेका छन् । तथापि यो सिद्धान्त शुद्ध पौराणिक धारणा मात्र हो, यस्तो अपरिपक्व कार्यक्रम हो जो व्यवहारमा उपयोगयोग्य छैन ।' संशोधनवादको यो भद्दा नमुना इटालीको समाजवादी पार्टीका तुरातीमा त्यत्तिकै भेटिन्थ्यो जति आज माओवादी एकताका नाममा पार्टीको पहिचान माओवाद जो माओवादी सिद्धान्त केवल केही 'जडसूत्रवादी', केही 'सङ्कीर्णतावादी' हरूको क्रान्तिकारी भावनामा पत्त ा लगाउन साधन मात्र बनेको छ त्यसको अन्त्य गर्न कुनै बार नलाग्ने केही व्यक्तिहरूले ठान्दछन् ।

संशोधनवाद जति नयाँ रङ र ढङ्गसँग समायनुकूल प्रस्तुत भए पनि उसको वास्तविक चरित्र एकै हुने गरेको पाइन्छ त्यो हो क्रान्तिकारी मूल्य र मान्यताबाट आत्मसमर्पणवाद । इटलीका पाल्मिरो तोलियाटी र फ्रान्सका मोरिस थोरेज आत्मसमर्पणका भद्दा नमुनाहरू हुन् । हामीलाई फेरि लेनिनको भनाइ सम्झना हुन्छ- क्रान्तिकारी कार्यदिशा सही वा गलत हुने कुराले सबै कुराको फैसला गर्दछ । त्यसमा माओले थप्नुभएको वाक्यांशले अझ संवेदनशील बनाउँछ- कार्यदिशा सही छ भने आफूसँग नभएका चीजहरू प्राप्त हुन्छन् र त्यो गलत छ भने आफूसँग भएका सबै चीजहरू पनि गुम्नेछन् । इटलीका कम्युनिस्ट नेता तोलियाटीको नेतृत्वमा कम्युनिस्ट आन्दोलन यति सशक्त थियो- इटालियन जनसेनाले मुसोलिनीको दम तोडेको थियो तर बुर्जुवा वर्गसँगको उनको वर्गसमन्वयवाद वा निम्नबुर्जुवा उदारतावादले बुर्जुवा वर्गले स्वयम् जनसेनाको दम तोडिदियो । आज तोलियाटीसँग जोडिएको इटलीको कम्युनिस्ट आन्दोलन अतीतको कथा बनेको छ र नयाँ क्रान्तिकारीहरूका लागि पुस्तकालयका सन्दर्भ सामग्री बनेको छ । फ्रान्सका क्रान्तिकारी आन्दोलनका हिरो मोरिस थोरेज जबसम्म अनुकूल अवस्था थियो, उनी नेता थिए र जब प्रतिकूल अवस्था आयो उनले जीवनको भिक मागेका थिए ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवाद आन्दोलनको एक अपरिहार्य अङ्ग बन्दै आएको छ । यस प्रवृत्तिसँगको भीषण वैचारिक राजनीतिक एवम् सङ्गठनात्मक सङ्घर्षले मात्र देशमा क्रान्तिकारी आन्दोलनको विकास सम्भव हुँदै आएको छ । नेपालको क्रान्तिकारी आन्दोलनका लागि विश्वका नकारात्मक शिक्षाहरू, संशोधनवादी अनुभवहरूले क्रान्तिकारी दर्शन र विज्ञानमा अडिग रहन एउटा नकारात्मक दृष्टान्त निश्चित रूपले दिनेछन् जसरी त्यसका विरुद्ध मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका भीषण वैचारिक एवम् राजनीतिक सङ्घर्षहरूले सकारात्मक शिक्षा दिने गरेका छन् ।

स्रोत : समकालीन विश्व कम्युनिस्ट आन्दोलन (२०५५)

**गाउँबासीमा अनुरोध**

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**बुढानिलकन्ठ नगरपालिका**
**काठमाडौं, बागमती प्रदेश**

# तीन लाल बस्तीको नयाँ सन्देश



पूर्णबहादुर सिंह

'पुरानोको ध्वंस र नयाँको निर्माण' महान् जनयुद्धको उद्देश्य हो । जनयुद्धले पुरानो रूढिवादी एवम् परम्परागत संस्कृतिको विस्थापन मात्र गरेन, नयाँ संस्कृतिको बीजरोपण एवम् स्थापना पनि गरेको छ । सामाजिक रूपान्तरण र प्रबुद्ध समाज निर्माणको आधारशिला पनि जनयुद्धले निर्माण गरेको छ ।

हरेक नयाँ ठाउँले हरेक मानिसलाई नयाँनयाँ अनुभव एवम् अनुभूति दिलाउँछ । नेपालको प्रजातान्त्रिक आन्दोलन, कम्युनिस्ट आन्दोलन र दसबर्से जनयुद्धमा एक फरक पहिचान, योगदान र भूमिका बोकेको रामेछाप जिल्ला मेरा लागि एकपटक पुग्नैपर्ने ठाउँमध्येको एक हो । गत वर्ष विविध कारणले जान सकिएन । फलस्वरूप हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठानले मेरो अनुपस्थितिकै बीचमा प्रथम विद्यार्थी सहिद गङ्गालालको जन्मस्थल भँगेरीमा मेरो 'शैक्षिक आन्दोलन र एकीकृत जनक्रान्ति' पुस्तकको प्रथम लोकार्पण गराएको थियो । यो वर्ष जसरी पनि पुग्ने चाहना थियो र पुगियो ।

रामेछाप यात्राको फरक एवम् नयाँ नाम- 'सिर्जनानगर सिर्जनायात्रा २०७२' थियो । यो यात्राका पहलकर्ता एवम् आयोजक आदरणीय कमरेड अशोक सुवेदीलाई म अन्तस्करणदेखि नै आभारसहित धन्यवाद व्यक्त गर्दछु र यो यात्राका जीवन्त अनुभूतिहरूलाई शब्दद्वारा अभिव्यक्त गर्दै सङ्क्षेपमा साट्न पनि चाहन्छु ।

०७२ साल चैत २४ गते ऐतिहासिक दिनमा नै हाम्रो यात्राको प्रारम्भ भयो । पञ्चायती निरङ्कुश शासनको तख्ता पल्टाउने जनआन्दोलनले एउटा उत्कर्ष ०४६ साल चैत २४ गतेका दिन लिएको थियो । काठमाडौँको कोटेश्वरमा हाम्रो यात्राको पहिलो सम्पर्क स्थान थियो । पुष्प न्यौपाने भाइलाई बाइकमा पुऱ्याउन अनुरोध गरेपछि एकै वचनमा मलाई कोटेश्वर- जडीबुटीसम्म पुऱ्याइदिए । त्यसपछि कमरेड अशोक सुवेदीको सम्पर्कमा पुगियो । ४०-४५ जना विभिन्न विधाका स्रष्टाहरूको साथमा नेपाली महिला आन्दोलनकी अग्रज आदरणीय दिदी शान्ता श्रेष्ठ र इतिहासविद् आदरणीय प्रा.डा. सुरेन्द्र केसीको पनि उत्साहजनक सहभागिता एवम् सहयात्राले हाम्रो यात्रामा अझै उत्साह थपियो । ४-५ घन्टाको समय र लामो दूरी पार गरेपछि हामी बेलुका ४-५ बजे रामेछापको भँगेरी पुग्यौँ । रिजर्भ गाडी विभिन्न व्यक्तित्वहरूको सहभागिता, बातचित र नयाँ एवम् ऐतिहासिक स्थानतर्फको यात्रा भएकाले लामो दूरीको बाटो र समय बितेको पत्तै नपाई हामी आकस्मिक रूपले भँगेरी पुगेको अनुभूति भयो ।

निरङ्कुश जहानियाँ राणा शासन अन्त्य गरी मुलुकमा प्रजातन्त्र (जनतन्त्र) स्थापना गर्न सङ्घर्षको बीजरोपण एवम् आफ्नो जीवनको कुर्बानी गर्ने प्रथम विद्यार्थी सहिद तथा प्रजातन्त्रका प्रणेता गङ्गालाल श्रेष्ठ र सामन्तवाद तथा साम्राज्यवादको शोषण-उत्पीडनबाट नेपाल र नेपाली जनतालाई मुक्ति दिलाउने नेपाली कम्युनिस्ट आन्दोलनका संस्थापक महासचिव कमरेड पुष्पलालको जन्मभूमि भँगेरीमा पहिलोपटक पुग्न पाउँदा गौरवानुभूतिको सीमा रहेन ।

गङ्गालाल र पुष्पलाल (दाजुभाइ) को प्रतिमा राखिएको ठाउँ (जन्मस्थान) मा हाम्रो यात्राको पहिलो कार्यक्रम सम्पन्न भयो । कमरेड अशोकले सञ्चालन गरेको उक्त कार्यक्रममा प्रा.डा. सुरेन्द्र केसी, शान्ता श्रेष्ठ र मैले यात्रा, पुष्पलाल-गङ्गालाल-कृष्णलाल (तीन लाल) का बारेमा छोटो मन्तव्य राख्यौँ । अन्य सबै सहभागी र यात्रुले परिचयसहित अनुभूतिपरक प्रतिक्रिया राख्नुभयो । उक्त स्थानको इतिवृत्तान्त सविस्तार बुझ्ने हामी सबैको चाहना समयको पाबन्दीले दिएन । त्यसको सारांश कमरेड अशोकले बताउनुभएको थियो । त्यसलाई नै पहिलो आधार मानेर भविष्यमा यस ऐतिहासिक ठाउँको अध्ययन एवम् अनुसन्धान गर्ने जिम्मेवारी भविष्यलाई नै दिँदै एउटै शिलामा हित-जून साहित्य प्रतिष्ठानको अगुवाइ र लगानीमा अढाइ वर्षअघि मूर्तिकार नरेन्द्र भण्डारीद्वारा तयार पारिएको प्रतिमाको स्थापन एवम् माल्यार्पण गरी हामी कवि हितप्रसाद उपाध्याय र ममतामयी जूनमाया सुवेदीको जन्म/कर्मघर सिर्जनानगरतर्फ प्रस्थान गऱ्यौँ ।

मुलुकका साझा विभूति, जनतन्त्र र कम्युनिस्ट आन्दोलनका अग्रजहरूको त्यो जन्मभूमिप्रतिको उपेक्षाले नेपालको राजनीतिमा जहरका रूपमा मौलाएको गलत संस्कार र इतिहास एवम् अग्रजहरूप्रतिको त्यो बेवास्ताले मेरो मानसपटलमा 'इतिहासले कसैलाई सिक्न कर गर्दैन तर इतिहासबाट सिक्न नचाहनेहरू पछि पर्छन्' भन्ने कुरा निकै गहिरो गरी बाटाभरि घुमिरह्यो । प्राडा सुरेन्द्र केसीको 'गुरुलाई नमान्नेहरू गलत हुन्' भन्ने कुराले मलाई पोल्यो । शान्ता दिदीले गङ्गालाल र पुष्पलालको जीवन, परिवार र सङ्घर्षको छोटो अनुभूति बताउनुभएको थियो । त्यो मेरा लागि प्रेरणाको पाठशाला पनि बनिरहनेछ । त्यो भूमिलाई त एउटा महत्वपूर्ण पर्यटकीय स्थल तथा अध्ययन केन्द्र बनाइनुपर्ने हो । मेरो मनमा आक्रोश पनि पैदा भयो- कसैले इतिहासबाट सिक्न चाहँदैन र इतिहासप्रति गौरव गर्नुको सट्टा पश्चाताप गर्छ भने आत्महत्या गरेर मरे हुन्छ ।




भँगेरीबाट झमक्क साँझमा ओरालो लागेका थियौँ, राति करिब ९:३० बजे हामी सिर्जनानगर पुग्यौँ । ठूलो टिमलाई मेसमा खानाको व्यवस्थापन गरेर कमरेड अशोकका दिदी-बहिनी मीरा, इन्दिराले गरेको प्रतीक्षा, टिमको सामूहिक खानपिन र सामूहिक बसाइले मलाई जनयुद्धकाल र आधारइलाकामा गठित जनकम्युनमा पुगेको अनुभूतिलाई पुनर्ताजगी गरायो ।

२५ गते बिहानको चिया-नास्तापछि क. अशोकले दिनभरिको कार्यक्रमको तालिका सुनाउनुभयो । त्यसपछि हामी 'सिर्जनानगर सिर्जनायात्रा २०७२' को ब्यानरसहित सिर्जनानगर खाँदबारीको सिरानमा स्थानीय जनसमुदायले निर्माण गरेको एउटा मन्दिरको अवलोकन गरी खाँदबारीतर्फ फर्मेसनबद्ध प्रस्थान गऱ्यौँ । खाँदबारी पुगेपछि विगत लामो समयदेखि स्थानीय सामन्तहरूले किसानहरूलाई कसरी कति धेरै सास्ती दिएका रहेछन् र पाँच सय वर्षअघि किसानको सामूहिक श्रमबाट निर्मित उक्त भूमिलाई कसरी हडपेका रहेछन् भन्ने कुराको अध्ययन गर्ने र बुझ्ने अवसर पनि प्राप्त भयो ।

बिहानको खानापछि औपचारिक कार्यक्रमको सुरुआत हितप्रसाद उपाध्याय जूनमाया सुवेदी स्मति हलमा भयो । साहित्यकार एवम् कवि बुबा हितप्रसाद उपाध्याय र ममतामयी आमा जूनमाया सुवेदीको सालिक र विद्रोही किसानहरूको स्मृतिमा निर्मित ५० फिट अग्लो विद्रोह स्तम्भको अनावरण आदरणीय दिदी शान्ता श्रेष्ठले सयौँ जनता र हामी अभियन्ताहरूको गडगडाहट तालीको बीचमा गर्नुभयो । यात्राको बीचमा असारे भाकामा श्यामबहादुर भावुकद्वारा लिखित काव्यका हरफ र सामूहिक रूपमा अभिव्यक्त स्वरलहरीले हाम्रो यात्रालाई अझै सङ्गीतमय तथा साहित्यमय साबित गरेको थियो ।

सभाहलको औपचारिक कार्यक्रममा मन्तव्य, पुस्तक लोकार्पण, सम्मानपत्र वितरण, नगद पुरस्कार वितरण, अतिथि कविता वाचन, गीत गायन, कविता प्रतियोगिता र चित्रकला कार्यशाला तथा प्रदर्शनी पनि सम्पन्न भयो । धनसम्पत्ति नभएको गरिबको नाम धनबहादुर भएजस्तो नभएर सिर्जनानगर साँच्चिकैको सिर्जनानगर पो रहेछ । रूढिवादी, परम्परागत र पुरानो-जीर्ण-रूढ संस्कृतिलाई सबक दिएर नयाँ संस्कृतिको उद्गमस्थल अनि साहित्य क्षेत्रमा बहुप्रतिभाशाली स्रष्टाहरूको केन्द्रीय भूमिजस्तो पो रहेछ सिर्जनानगर । समग्र कार्यक्रम, सातजना सशक्त सहभागी बालकवि-कवयित्रीबीचको कडा प्रतिस्पर्धा र १४ जना युवा कविबीचको प्रतियोगिता, आमालगायत गीत र कविताहरूको जोडदार प्रस्तुतिले म विश्वस्त भएँ- सिर्जनाको खानीको अर्को नाम नै सिर्जनानगर रहेछ । मानवसभ्यताको प्राचीन उद्गमस्थल सिन्धुघाँटी, नीलघाँटी र ग्रिस भनेर किताबमा पढ्न पाइन्थ्यो तर सिर्जनाको उद्गमस्थल, सिर्जनानगर भनेर लेख्दा र बुझ्दा अत्युक्ति नहोला भन्ने मेरो ठहर छ ।

जनयुद्धको थालनीका बेला बेथान (तीफदि) को र त्यसपछि दोरम्बाको वीरता एवम् बलिदान रामेछापको फरक परिचय हो । पुरानो संस्कार र संस्कृतिको तिलाञ्जली दिएर नयाँ संस्कार र संस्कृतिको पक्षपोषणको येनान पनि हो रामेछापको सिर्जनानगर । कथा, कविता र साहित्यमा मात्र होइन, सामाजिक रूपान्तरणको अभियानमा निरन्तर सङ्घर्षको यात्रामा अगुवाइ गरिरहेको छ सिर्जनानगरले । संसारमा एकपटक मात्र प्राप्त हुने आमाबुबाप्रतिको वास्तविक दायित्व : सेवा, सम्मान एवम् श्रद्धाका दृष्टिले क. अशोक सुवेदी मेरो पनि प्रेरणाको धरोहर हुनुहुन्छ । कम्युनिस्ट, त्याग, बलिदान र समर्पणको खोक्रो ढोङ फुक्ने नक्कली 'बाबाजी' हरूका लागि सिर्जनानगर सबक बनेर खडा भइरहेको छ । जहाँ पुरानो रीतिरिवाज, चालचलन, धर्मसंस्कारको विकल्प नयाँले लिइरहेको छ । आमा-बुबाका लागि असल छोराछोरीको अपेक्षा सार्वभौम सत्य हो । तर सुपुत्र एवम् असल सन्तानको नमुना क. अशोक सुवेदीलाई मान्न सकिन्छ । सामाजिक सद्भाव मात्र होइन, पारिवारिक सहिष्णुता र सद्भावको एउटा ज्वलन्त उदाहरण सासू-ससुराको साँचो सेवा गर्ने बुहारी (उमा सुवेदी) को सम्मान त्यस दिनको कार्यक्रमको धेरै आयाममध्ये एक नयाँ आयाम थियो । सालिक र स्मारकहरूमा त्यसका निर्माता श्रमजीवी श्रमिकहरूको नाम अङ्कित गर्ने, कलाकार, स्रष्टा, संस्कृतिकर्मी र श्रमिकहरूलाई सम्मान गर्ने संस्कृति पनि नयाँ, प्रगतिशील, समाजवादी र अनुकरणीय जनसंस्कृति हो, त्यसको आरम्भ सिर्जनानगरबाट भएको छ ।




हाम्रो यात्राको तेस्रो दिन चैत २६ गते हितप्रसाद उपाध्याय र अशोक सुवेदीको जन्मघर र जूनमायाको कर्मघर नयाँघरको कार्यक्रममा अखिल नेपाल ललितकला सङ्घका अध्यक्ष क. अग्निराज पौडेल 'अराप' र म छुट्यौँ । तर पनि 'लालबस्ती' चलचित्र, 'सिर्जनानगर सिर्जनायात्रा २०७२' वृत्तचित्र, 'आमा' श्रव्यदृश्य गीति एल्बमका धेरै अभिनयकर्तामध्ये हामी पनि भयौँ । यी सबै पलहरू स्मरणीय रहे ।

खानपिनपछिको कार्यतालिका तीन लाल (गङ्गालाल-पुष्पलाल-कृष्णलाल) को तामाकोसीकिनार आकासेमा रहेको सालिक हेर्ने र आजाद जन्मस्थल खुर्कोट हुँदै काठमाडौँ फर्किने थियो । चिनियाँ जनवादी क्रान्ति, भारतीय स्वतन्त्रता सङ्ग्राम र रुसी अक्टोबर क्रान्तिपछि 'यात्री' कविताद्वारा भौतिकवादको पक्षपोषण गर्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाका नाममा स्थापित देवकोटाचोकबाट हामी तीन लालको सालिक हाटेचौरतर्फ अघि बढ्यौँ । गङ्गालाल र पुष्पलालका बारेमा त पहिले नै केही उल्लेख गरेँ । राणा शासनविरुद्धको सङ्घर्षलाई 'मकैको खेती' द्वारा ऊर्जा थप्ने सुब्बा कृष्णलाल अधिकारी रामेछाप मात्र होइन, हामी सबै नेपालीका लागि उत्तिकै सम्मानित स्रष्टा सहिद हुनुहुन्छ ।


प्रजातान्त्रिक आन्दोलन, कम्युनिस्ट, आन्दोलन, माओवादी आन्दोलन र सांस्कृतिक आन्दोलनको जीवन्त अध्ययनका दृष्टिले मात्र होइन, बाबा-आमा र सच्चा सन्तानबीचको सुमधुर सम्बन्ध बुझ्ने अवसर पनि यसपटकको रामेछाप सिर्जनानगरको तीनदिने यात्राबाट प्राप्त भयो । तसर्थ '२१ औँ शताब्दीका श्रवणकुमार' र त्रिलाल (तीन लाल) बस्तीको यात्राले हामी सबैलाई नयाँ शिक्षा एवम् सन्देश दिइरहेको छ । सिर्जनानगर र रामेछापबाट सिकौँ ।

२० वैशाख, २०७३

## कविता

### सुभद्राहरू भन्छन्...

(सन्दर्भ : २४ औँ सांस्कृतिक प्रतिरोध दिवस)



रसुवाली कवि

अलपत्र परेको युद्धलाई
अलपत्र परिरहनबाट जोगाउनू
मादलहरू ठीक गरी बजाउनू
कसैगरी नभुल्नू सहिदका रगतहरूलाई
बलिदानलाई खरिद-बिक्री हुनबाट जोगाउनू
लेन्डुप दोर्जेहरूबाट हरहमेसा देशलाई
बचाइराख्नू

सुभद्राहरू भन्छन्
लालीगुराँसका थुँगाहरू टिपेर
सहिदको चिहानमा चढाउँदैमा
देश मुक्त हुँदैन
एक थान लालसलाम ठोकेर
पूरा हुँदैन सहिदको सपना
एक मिनेट मौनधारण गर्ने सभामा
सहरको गुन्डा पनि उपस्थित हुनसक्छ
सहिदको फोटो बोकेर हिँडेको
नामुद दलाल पनि हुन सक्छ
जोगाउनु सपनालाई अलपत्र हुनबाट ।

सूब सेनहरूले
कृष्ण सेनका कविता पढ्न सक्छन्
चुनुका गीत घन्काउँदै हिँड्ने
लार्क्याल लामा पनि हुनसक्छ
२०५२ को लालध्वजले
२०६४ मा बाबुराम भट्टराई बनेर
झुक्याउन सक्छ
मै हुँ पूर्ण विराम भनेर ।
नरेन्द्रले जनयुद्धको भावधारा गाउन सक्छन्
सलाम रोल्पा लेख्ने बराlले
फोकोवादको सिद्धान्त रचेर अत्याउन सक्छन्
रक्तिम परिवार छोडेर भागेकाहरूले
सामना परिवारका गीतमाथि हमला गर्न सक्छन्
गौरको रगतमा होली खेल्ने उपेन्द्रहरूले
आदरणीय मास्टरसाबको महिमा गाउन सक्छन्
जनसांस्कृतिक महासङ्घको झन्डामा
पतेराहरूले गुँड लगाउन सक्छन्
यो खराब हावा चलेको समय हो
यो दूषितहरूले शोषितहरूलाई ठगिरहेको समय
हो
पलपल होस गर्नू

कवितालाई हतियारझैँ बनाउन जरुरी भइसक्यो
कविताका खेतालाहरूले
बारुदलाई गीतहरूमा उन्न ढिला भइसक्यो
झुप्राका गायकहरूले
अग्नि दाइ
अग्निकै कुचीले तयार गर्न हतार भइसक्यो
क्रान्तिको ललित चित्र
चौतारीमा गाउँदै जनताका गीत हामीले नाच्न
ढिला भइसक्यो
एउटा पुष्पलाल जरुर चाहियो मुलुकलाई
एउटा आँधी खोजिरहेकै छ यो समय

नेपालका माओहरूले नेपालका खुस्चेबहरूलाई
निषेधविरुद्ध निषेधको सूत्र घोकाउने बेला हो
यो
नेपालका पुटिनहरूले नेपालका जेलेन्स्कीहरूलाई
मिसाइल बर्साउने बेला हो यो
नेपालका चारु मजुमदारहरूले नेपालका इन्दिरा
गान्धीहरूलाई
ग्रामीण वर्गसङ्घर्षको दस्ताबेज सुनाउने समय
हो यो
नेपालका लेनिनहरूले नेपालका
जारशाहीहरूलाई
वैज्ञानिक समाजवादले परास्त गर्ने समय हो यो

सुभद्राहरू भन्छन्
बन्दुकको नालमा अडिएको सत्तालाई
ढाल्न बन्दुक नै चाहिन्छ

योद्धाहरू हो
परेड ठीक गरी खेल ।

पृष्ठ १ बाट क्रमशः

# संसदीय व्यवस्थाप्रतिको दृष्टिकोण

मेटाउँदैन, यस्ता क्रान्तिहरूको समय गृहयुद्धलाई तीव्रतम् बनाइदिने तयारी गरिदिन्छ। सन् १८७१ को वसन्तको पेरिसवाला र सन् १९०५ को हिउँदका रुसी घटनाहरूले स्पष्ट रूपमा देखाइदिए- गृहयुद्धमा यस्तो तीव्रता कसरी अनिवार्यतः आउँछ।'

(लेनिन, हिन्दी, भाग ३, मार्क्सवाद र संशोधनवाद, पृ. ३८१)।

माओले त्यसैलाई थप व्याख्या गर्दै पुरानो पुँजीवादी जनवादले जनताका पक्षमा काम गर्न नसक्ने भइसकेको बताउनुभयो।

नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएदेखि नै संसदीय व्यवस्थालाई हेर्ने सन्दर्भमा पार्टीमा बहस भए तर सैद्धान्तिक एवम् व्यावहारिक दुवै दृष्टिले तीखो बहस २०४६ सालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय संसदीय व्यवस्था स्थापना भएपछि अगाडि आयो। पञ्चायती व्यवस्था ढलेर संसदीय व्यवस्था स्थापना भएपछि देशमा एक प्रकारले परिवर्तनको वातावरण बन्यो। काठमाडौँका सडकहरूमा अबिरजात्रा गरिए। सोही खुसीयालीमा वैशाख २७ गते काङ्ग्रेस-एमालेहरूले खुलामञ्चमा विजयसभा आयोजना गरे। त्यसलाई पार्टीका मुख्य नेताहरूले सम्बोधन गरे तर जनता, विशेषतः युवाहरू यो सम्झौताबाट पूरै खुसी थिएनन्। श्रमिक वर्गमा प्रशस्त असन्तुष्टिहरू थिए। खुलामञ्चमा गिरिजाले भाषण गर्दा 'यो जित जनताको जित हो, यो जित राजाको पनि जित हो' मात्र के भनेका थिए। त्यसपछि पूरै सभा उनका विरुद्ध विद्रोहमा उत्रियो र उनीविरुद्ध ढुङ्गामुढा नै भयो। उनले बोल्न नै पाएनन्। गणेशमानले बोलेपछि मात्र जनमास केही शान्त भएर कार्यक्रम हुन सकेको थियो। उता पञ्चहरूको अवस्था भागाभागजस्तै बनेको थियो तर नेकपा (मशाल) ले त्यो सम्झौतालाई तुरुन्तै खारेज गऱ्यो। अर्को दिन वैशाख २८ गते खुलामञ्चमै राजा-काङ्-वाम सम्झौताको विरोध र सम्झौतालाई धोका भन्दै नेकपा (मशाल) सहित सहभागी संयुक्त राष्ट्रिय जनआन्दोलनले विशाल विरोधसभा आयोजना गऱ्यो। सभालाई मशाल, मसाल, मालेमासहितका नेताहरूले सम्बोधन गरेका थिए। त्यस बेला नेकपा (मशाल) को महामन्त्रीमा प्रचण्ड थिए। उनले आफ्नो वक्तव्यमा बहुदलीय व्यवस्थाबारे लेख्दै भनेका थिए, 'आज विश्वमा सर्वहारा वर्गको स्वतन्त्र राजनीतिक नाराका आधारमा नउठेको आन्दोलन जतिसुकै व्यापक भए पनि, जतिसुकै बलिदानीपूर्ण भए पनि अन्ततः जनतालाई धोका नै हुन जाने कुरा बारम्बार पुष्टि भइरहेको छ। इरानमा शाह भगाउँदा उठेको आन्दोलनले खोमेनीलाई सत्तामा ल्याएर जनताले के पायो? संसारको नम्बर एक तानाशाह र क्रान्तिकारी कार्यकर्ता तथा जनताको आमहत्या। मार्कोसलाई लखेटेर फिलिपिन्सका जनताले के पाए? अर्को अमेरिकी दलाल एकिन्वोद्वारा निर्मम लुट। अफगास्तिान, श्रीलङ्का, भारत, रुस, चीनलगायत विश्वका विभिन्न मुलुकमा भइरहेका घटनाले यो कुरा राम्रोसँग पुष्टि गरिरहेका छन्। संसद् केही प्रगतिशील हुने जमाना रुसको महान् अक्टुबर समाजवादी क्रान्तिपछि खत्तम भएको छ। त्यो अवस्थामा सामन्त, दलाल एवम् नोकरशाही पुँजीपति वर्गकै एउटा गुटको सट्टा अर्कोलाई सत्तामा पुऱ्याउने कसरत गर्नुभन्दा घृणित र हास्यास्पद काम कम्युनिस्टका लागि अर्को हुन सक्तैन।'

(प्रचण्ड, नेपाली क्रान्तिका समस्याहरू, भाग १, सर्वहारा वर्गको स्वतन्त्र धार र पुच्छरवादको समस्या, पृ. ६१)।

बहुदलको भ्रममा जनता नपरून् भनेर नेकपा (मशाल) ले नारा दियो, 'संसदीय व्यवस्थाको भ्रममा नपरौँ, नयाँ जनवादी क्रान्तिको तयारी गरौँ',

नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, ग्रन्थ १, पृ. १६३)।

सोही दृष्टिकोण र निर्णयका आधारमा देशभरि भन्डाफोर-सभाहरू आयोजना गरिए। सुरुमा नागरिकलाई परिवर्तनको वातावरणमा बहुदलीय व्यवस्थाको विरोध पचेको थिएन तर जब संसद्वादी, विशेषतः काङ्ग्रेसले स्वेच्छाचारिता प्रदर्शन गर्न थाल्यो, जनतामाथि दमन र राष्ट्रघाती सम्झौताहरू गर्न थाल्यो, तब बिस्तारै जनतालाई त्यो सही लाग्न थाल्यो। अन्ततः बहुदलीय संसदीय व्यवस्था जनताको व्यवस्था होइन; यो सामन्त तथा दलाल पुँजीपति वर्गको सत्ता हो, जनताको मुक्ति, अधिकार र देशको स्वाधीनताका लागि जनताको प्रजातन्त्र अर्थात् नयाँ जनवादी व्यवस्था अनिवार्य छ भन्नेमा जनता स्पष्ट भए र नयाँ क्रान्तिका पक्षमा देखिन थाले।

नेपाल कम्युनिस्ट पार्टी (मशाल) ले संसदीय व्यवस्था जनताको व्यवस्था नभएको बारे वैचारिक-राजनीतिक दृष्टिकोण प्रस्तुत गर्दै सामन्ती तथा नोकरशाही दलाल पुँजीवादी व्यवस्थालाई फालेर नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्नुपर्नेमा जोड दियो। नयाँ जनवादी क्रान्ति, दीर्घकालीन जनयुद्ध र नयाँ जनवादी सत्ताबारे अगाडि सारेका धारणाप्रति अरू सरदर पार्टी, नेता र बुद्धिजीवीलाई खासै सरोकार नभएजस्तो देखिए पनि राजनीतिक विचारमा चाख राख्ने, विषयको अन्तर्यलाई मसिनो गरी विश्लेषण गर्ने र बुझ्नेले यसलाई अर्थपूर्ण रूपमा लिएका थिए। उनीहरूले क्रान्ति सफल-असफल के हुन्छ तर क्रान्ति हुने सन्दर्भमा सत्य नजिकका अड्कलबाजी लगाए।

यहाँनेर एउटा पक्ष के छ भने प्रचण्डको नेतृत्वमा पार्टी आएपछि पञ्चायतविरोधी सङ्घर्ष चलिरहेकै समयमा नेपाल कम्युनिस्ट पार्टी (मशाल) ले जनयुद्धको पहल गर्ने जमर्को गरेको थियो। यसबारे प्रचण्डले लेखेका छन्, 'पहिलो– देशको वस्तुगत आवश्यकताअनुरूप पार्टीलाई ढाल्दै लैजान जरुरी भएको, दोस्रो– राजनीतिक दिशा र नीति निर्णयको परीक्षा पनि व्यवहारमै गएर हुने भएको र तेस्रो– आत्मगत तयारीकै काम पनि क्रान्तिकारी सङ्घर्षबिना हुन नसक्ने देखिएकाले सानै रूपमा भए पनि योजनाबद्ध ढङ्गले ठोस कार्ययोजना बनाएर क्रान्तिकारी सङ्घर्षको कामलाई अगाडि बढाउन आवश्यक ठानियो। तदनुसार क्रान्तिकारी सङ्घर्षलाई यसरी परिभाषित गरियो, 'आज हामीलाई यस्तो क्रान्तिकारी सङ्घर्षको आवश्यकता छ जसबाट दीर्घकालीन जनयुद्धको मञ्जिलमा पुग्नका लागि राम्रो आधार तयार पार्न सकियोस् र जुन यसप्रकारको उद्देश्य प्राप्तिको दिशामा राम्रो पूर्वाभिनय बन्न जाओस्। यसप्रकारको सङ्घर्षलाई हामीले क्रान्तिकारी जनसङ्घर्षका रूपमा परिभाषित गर्नुपर्दछ। एकातिर यसप्रकारको सङ्घर्ष दीर्घकालीन जनयुद्धको उद्देश्यको कडीबाट निर्दिष्ट हुँदै विकसित भइरहेको हुन्छ भने अर्कोतिर यसले देश र जनताको चेतनाअनुरूप कानुन र व्यवस्थाको परिधि तोड्दै अगाडि बढ्ने काम गर्दछ।' तर पार्टीको आत्मगत शक्तिको समस्या र राजनीतिक माहोल तयार हुन नसकेको निष्कर्ष निकाल्दै सशस्त्र सङ्घर्षमा प्रवेश गरिएन। जब बहुदलीय संसदीय व्यवस्था आयो, त्यसपछि पार्टीले जनताको मुक्ति, क्रान्ति र नयाँ जनवादी सत्ताको विषयलाई जनताका बीचमा प्रस्टसँग राख्न र त्यस दिशामा तयारी केन्द्रित गर्ने मौका प्राप्त गऱ्यो। तयारीलाई वैचारिक र सङ्गठनात्मक रूपले सुदृढ गर्न प्रचण्डहरूले नै पहिले पार्टी एकताको पहल अगाडि बढाए भने पछि वैचारिक रूपले कार्यदिशा (कसरी क्रान्ति अगाडि बढाउने भन्ने) का विषयमा बहस चलाए।

पार्टी एकताका सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (मशाल), नेपाल कम्युनिस्ट पार्टी (विद्रोही मसाल) नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) र सर्वहारावादी श्रमिक सङ्गठनबीचको एकता सम्पन्न भयो र पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र) राखियो। यसले क्रान्तिकारीहरूलाई सङ्गठित गर्न सहयोग पुऱ्यायो। त्यसपछि 'एकताकेन्द्र' भित्र नेपाली क्रान्तिको कार्यदिशा के हुने भन्नेमा ठूलो बहस सुरु भयो। प्रचण्ड-बाबुराम, किरणहरूले दीर्घकालीन जनयुद्धको कार्यदिशा अगाडि सारे भने लामाजीहरूले जनविद्रोहको कार्यदिशा अगाडि सारे। प्रचण्डहरूले मार्क्सवाद-लेनिनवाद-माओवादलाई प्रस्तुत गरे भने लामाहरूले मार्क्सवाद-लेनिनवाद-माओ विचारधारालाई पथप्रदर्शक सिद्धान्त मान्ने विचार राखे। यी विषयलाई टुङ्ग्याउनका लागि २०४८ सालमा एकता महाधिवेशन आयोजना गरियो। महाधिवेशनमा बहुमतले पथप्रदर्शक सिद्धान्तमा मार्क्सवाद-लेनिनवाद-माओवाद पारित गऱ्यो भने सैन्य-कार्यदिशाका रूपमा दीर्घकालीन जनयुद्धलाई पारित गऱ्यो। त्यसबारेमा प्रचण्डले लेखे, 'यही परिवर्तनको मूलमा पनि जनताको स्वतन्त्र हितको आंशिक अभिव्यक्तिका रूपमा भन्दा बढी आजको युगमा जनतालाई धोका दिन सजिलो पर्ने साम्राज्यवादीहरू र सामन्तवादीहरूको गठबन्धनको हितको अभिव्यक्तिका रूपमा रहेको छ। यसप्रकारको परिवर्तनलाई जनताको विजयका रूपमा ग्रहण गर्नु वास्तवमा साम्राज्यवाद र सामन्तवादको हातमा खेल्नु नै हो। ... यो कुरालाई सामन्तवादमाथि पुँजीवादको विजयका रूपमा जस्तो कि नेपालमा कतिपय कम्युनिस्टहरूले ग्रहण गरेका छन्। ग्रहण गर्नु सिद्धान्त र स्पष्ट रूपमा संशोधनवादमा नै फस्नु हो। हामीले यो कुरालाई सामन्तवादमाथि पुँजीवादको आंशिक विजयका रूपमा भन्दा बढी सामन्तवाद र साम्राज्यवादको नयाँ समीकरणका रूपमा नै ग्रहण गर्नुपर्दछ।'

(नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, ग्रन्थ १, खण्ड ६ भाग १, छैटौँ एकता महाधिवेशनमा प्रस्तुत मस्यौदा तथा पारित राजनीतिक प्रतिवेदन, पृ. १९४)।

यसै सन्दर्भमा प्रचण्डले अझै अगाडि गएर लेखेका छन्, 'मार्क्सवादीहरूले संसदीय व्यवस्था जनतालाई भ्रम दिई आफ्नो शोषण अक्षुण्ण राख्ने पुँजीपति वर्गको पाखण्डी व्यवस्थाका रूपमा सुरुदेखि भण्डाफोर गर्दै आएका छन् भने संशोधनवादीहरूले संसदीय व्यवस्थालाई सुरुदेखि प्रगतिशील बताएर हरतरहले त्यसको रक्षा गर्ने कसरत गर्दै आएका छन्। साम्राज्यवादको विश्व-व्यवस्थाका रूपमा भएको विकास सर्वहारा क्रान्तिको विजय एवम् प्रथम र दोस्रो विश्वयुद्धपछिको संसदीय व्यवस्थामा रहेको न्यूनतम् पुँजीवादी राजनीतिक अधिकार निश्चित गर्ने चरित्रसमेत नष्ट भई त्यो सम्पूर्ण उदाङ्गो भएर आएको छ। ...आजको अवस्थामा संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरूले संसदीय व्यवस्थामाथि प्रत्यक्ष प्रहार गरी जनयुद्धको तयारीमा लाग्नु अनिवार्य बन्दै गएको छ।'

(ऐ, वर्तमान परिस्थिति र आगामी संसदीय निर्वाचनसम्बन्धी प्रस्ताव, पृ. ३२०)।

त्यसैगरी, संसदीय व्यवस्थाका सन्दर्भमा बाबुरामले लेखे, 'संसदीय प्रजातन्त्र भनेको बुर्जुवा वर्गको अधिनायकत्वको साधन हो। त्यसैले संसारका विभिन्न देशमा बुर्जुवा वर्गको ठोस विकासको अवस्था र स्वरूपअनुसार संसदीय व्यवस्थाका पनि आफ्नै मोडेल, संविधान, मूल्य-मान्यता परम्परा छन्।'

(बाबुराम भट्टराई, नेपाली क्रान्तिका आधारहरू, पृ. १३२)।

उनले अगाडि लेखेका छन्, 'विश्व कम्युनिस्ट आन्दोलनको इतिहास र मालेमावादको विज्ञानले भन्छ– संसदीय बाटोबाट न वास्तविक शक्ति सञ्चय नै सम्भव छ, न प्रगतिशील सुधार नै सम्भव छ, न त आमूल परिवर्तन नै सम्भव छ। शिरदेखि पैतालासम्म सशस्त्र बलले सज्जित भएर बसेको विद्यमान प्रतिक्रियावादी राज्यसत्तालाई शान्तिपूर्ण संसदीय बाटोबाट निषेध गरेर आमूल परिवर्तन गर्छु भन्नु हुट्टिट्याउँले आकाश थाम्छु भन्नुजस्तै होइन र?'

(पूर्ववत्, पृ. १०२)

जनयुद्धको कार्यदिशा पारित भएपछि संसदीय व्यवस्थाविरुद्ध विलम्ब नगरी त्यसको प्रयोगको बहस अगाडि आयो। जनयुद्धलाई प्रयोगमा लैजानुपर्ने विषय उठेपछि लामा-प्रकाशहरूले अहिले जनयुद्ध गर्ने समय भएको छैन, त्यो गरेमा उग्रवादी गल्ती हुने भन्दै विरोध गरे। जनयुद्धलाई लागू गर्नेतिर जानुपर्छ भन्ने र बेला भएको छैन र कार्यदिशा वस्तुवादी छैन भन्ने पक्षबीच दुई लाइन सङ्घर्ष उत्कर्षमा पुग्यो। लामाजीहरूले पार्टीका विरुद्धमा खुलेआम विद्रोहको अपिल गरे। त्यसलाई चर्चा गर्ने क्रममा प्रचण्डले लेखे, 'अल्पमतको नेतृत्वका अराजकतावादी र विसर्जनवादी क्रियाकलापहरू खुलेर बाहिर आए। समर सेनबाट पुनः पार्टीका सम्पूर्ण जिम्मेवारीहरूबाट अलग भएर व्यापक रूपमा पार्टीका विरुद्ध जाने काम भयो र सुईको अन्तर्वार्तामार्फत सार्वजनिक रूपमा पार्टीका गोपनीयता भङ्ग गर्ने, दुस्मनलाई उक्साउने, अन्तर्विरोधलाई सार्वजनिक गर्ने तथा भिन्नमतकै अर्को केन्द्रीय सदस्यले 'बन्दुके आतङ्क' भनी पार्टी सदस्यबाट नै राजीनामा दिने काम गरेर अन्तर्विरोधलाई शत्रुतापूर्ण दिशामा लैजाने काम भयो।'

(नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, ग्रन्थ १, पृ. ३०७)।

अगाडि बढेर लामा-प्रकाशहरूलाई संसद्वादी प्रवृत्ति भएको भन्दै प्रचण्डले लेखे, 'अल्पमत जनआन्दोलन र जनसङ्घर्षलाई सङ्घर्षको प्रधान रूप बताउँछ। जनसङ्घर्षद्वारा जनआधार निर्माण गरी 'सशस्त्र सङ्घर्ष' मा फड्को हान्ने कुरा गर्दछ। पार्टीका सम्पूर्ण गतिविधिलाई वैधानिक वैज्ञानिकतातिर धकेल्ने कुराको लगातार वकालत गर्दछ। स्पष्ट छ, यसप्रकारको सोचाइ सुधारवाद र विसर्जनवादको अभिव्यक्ति मात्र हो र त्यसको नयाँ जनवादी क्रान्ति दीर्घकालीन जनयुद्धसँग कुनै नाता छैन। सशस्त्र विद्रोहको रणनीतिअन्तर्गतका सम्पूर्ण कार्यनीतिको वकालत गरेर तथा त्यो रणनीतिसँग सम्झौता गरेर तयार पारिएको राजनीतिक कार्यदिशासँग क्रान्तिकारी कार्यदिशाको कुनै गम्भीर बहस नै हुन सक्दैन।'

(उही, पृ. ३०२)।

उनले लामाजीहरूलाई आरोपित गर्दै लेखे, 'आज अल्पमतको नेतृत्वलाई देशका सम्पूर्ण संशोधनवादी, अवसरवादी र यहाँसम्म कि कतिपय अवस्थामा प्रतिक्रियावादीसम्मको सहयोग प्राप्त भएको छ र अल्पमत पक्षको उनीहरूसँग हजार किसिमका सम्बन्धहरू छन्।'

(उही, पृ. ३०९)।

सङ्घर्ष बढ्दै गएपछि लामाहरू खुलेआम रूपले जनयुद्धका विरुद्ध बोल्न थाले र बाहिरै प्रचण्डहरूले 'बन्दुक बोक्न थालेको, आफू सहमत नहुने, पार्टी नयाँ बनाउने' भन्दै हिँडे। बैठकमा जाँदा नै 'पार्टी फुट भएमा नयाँ पार्टी बनाउन तयार हुनू' भन्दै आफ्ना कार्यकर्तालाई अपिल गरे। अन्ततः पार्टीबाट लामाहरूलाई कारबाही गरियो। प्रचण्डहरूको नेतृत्वमा पनि एकताकेन्द्रलाई पुनर्गठन गरेर २०५१ सालमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) निर्माण गर्ने कार्य भयो।

माओवादी पार्टी निर्माण भएपछि पार्टीपङ्क्तिमा एकखालको उत्साह, ऊर्जा र विश्वास पैदा भयो। बहुदलीय संसदीय व्यवस्थाविरुद्ध व्यापक रूपले भन्डाफोर अभियानहरू देशव्यापी रूपले सञ्चालन भए। जाली-फटाहाविरुद्ध ग्रामीण वर्गसङ्घर्ष र राज्यआतङ्कविरुद्ध प्रतिरोध सङ्घर्षहरू उठान भए। उता राज्य पनि माओवादीविरुद्ध 'रोमियो अप्रेसन' देखि अनेकौँ दमनमा उत्रियो। वर्गसङ्घर्ष चर्किंदै गर्दा पार्टीले जनयुद्धमा प्रवेश गर्ने निर्णय गऱ्यो र २०५२ साल फागुन १ गतेबाट घोषित रूपले संसदीय व्यवस्थाविरुद्ध जनयुद्ध सुरु भयो। जनयुद्ध पहल गर्दा प्रचण्डहरूले नारा दिए, 'प्रतिक्रियावादी सत्ताको ध्वंस गर्दै, नयाँ जनवादी सत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ।'

(प्रचण्ड, नेपाली क्रान्तिका समस्याहरू, भाग २, पृ. १४०)।

उनीहरूको नेतृत्वमा सिङ्गो पार्टी-पङ्क्ति मुक्ति वा मृत्युको नारा घन्काउँदै जनयुद्धमा होमियो। फागुन १४ गते गोर्खामा राज्यको गोलीबाट १४ वर्षीय विद्यार्थी दिलबहादुर रम्तेल सहिद भएपछि सुरु भएको सहिद लामबन्दी २०६३ सम्म पुग्दा लगभग ९ हजारको सङ्ख्यामा पुग्यो। यसमा पीबीएम सुरेश वाग्ले, डिभिजन कमान्डर सुनिलदेखि सर्वसाधारण किसान-मजदुरहरू रहेका छन्। पार्टी १० वर्षको भीषण वर्गसङ्घर्ष र जनयुद्धमा रहँदा संसदीय व्यवस्थालाई लगभग पराजित गरिसकिएको थियो। त्यो केवल सैन्यबलमा मात्र थियो, राजनीतिक उपस्थितिका दृष्टिले शून्य हुँदै गएको थियो। गाउँबाट आधारइलाका र स्वायत्त प्रदेशसम्म नयाँ जनवादी सत्ताहरू स्थापना भइसकेका थिए। पार्टीले संसदीय व्यवस्थालाई अन्त्य गर्ने र नयाँ जनवादी सत्ता स्थापना गर्ने लक्ष्यमा एक तहको सफलता हासिल गरिसकेको थियो।

विडम्बना! प्रचण्ड-बाबुराम आज दस वर्षको जनयुद्धपछि आफैँद्वारा भन्डाफोर गरिएको र समाप्त पार्न बन्दुक चलाएको दलाल पुँजीवादी संसदीय व्यवस्थामा निर्लज्ज प्रकारले फर्किएका छन्। उनीहरूले लाजै पचाएर संसदीय व्यवस्थाविरुद्ध सञ्चालित महान् जनयुद्धलाई राजतन्त्रको अन्त्यसँग मात्र जोडेर जनयुद्धको नै खिल्ली उडाउने, महान् सहिद, बेपत्ता योद्धा, घाइते योद्धाहरूको अपमान गरिरहेका छन्। प्रचण्ड-बाबुराम भन्दैछन्- अहिले चलिरहेको संसदीय व्यवस्था जसलाई 'लोकतान्त्रिक गणतन्त्र' वा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' भनेको ठ्याक्कै पुँजीवादी संसदीय व्यवस्था पनि होइन, नयाँ जनवादी गणतन्त्र पनि होइन, दुवैको गुण भएको नयाँ खालको व्यवस्था हो। 'यो परम्परागत संसदीय व्यवस्था पनि होइन, नयाँ जनवादी सत्ता पनि होइन, बीचको हो' भन्ने गरेका छन्। धुरन्धर राजनीतिज्ञ महोदयहरू! के राजनीतिक सत्ताको सङ्घर्षमा वर्गसत्ताभन्दा परको निर्वर्गीय सत्ताको अस्तित्व आजसम्मको इतिहास छ र हुनेवाला छ? उसो भए नेपालमा मूल रूपमा कुन वर्गको सत्ता र व्यवस्था छ त? के सत्ताले वर्गसाधनको चरित्र नै गुमाइसकेको हो त? हो भने प्रचण्डले बाम्बार दलाल पुँजीवादीको सत्ता छ, प्रतिक्रान्तिको खतरा एकदमै बढेको छ, आफूलाई सत्ताबाट घेराबन्दी छ भन्दै किन हिँडेको त? वास्तवमा यो प्रचण्डहरूको सत्ता सम्बन्धमा दिवायलियापनबाहेक केही पनि होइन। सत्ताको चरित्र मार्क्स-लेनिन-माओ सबैले भन्नुभएको र जनयुद्धको समयमा प्रचण्ड स्वयम्ले भनेको सत्य हो- यो वर्गको स्वार्थ पूरा गर्ने साधनभन्दा केही होइन। जबसम्म समाजमा वर्गहरू रहन्छन्, सत्ता वर्गनिरपेक्ष हुनै सक्दैन। कुनै न कुनै वर्गको स्वार्थ रक्षा गर्ने साधन हुन्छ। आज पनि त यही विचार र सिद्धान्त पूरै सही छ अनि कसरी आयो प्रचण्डको दिमागमा 'लोकतान्त्रिक गणतन्त्र' पुँजीवादी सत्ता र नयाँ जनवादी सत्ताभन्दा नयाँ भएको तर्क! के यो प्रचण्ड आफैँले एमालेहरूलाई भनेको 'धोकेबाज' हरूले गर्ने तर्क होइन यो! निश्चय नै यो सत्तामा आएको परिवर्तन होइन, प्रचण्डहरूको दिमागमा सत्ता-सन्दर्भमा पैदा भएको विचलन हो। यो विचलन एमालेभन्दा पनि भ्रामक र धोकापूर्ण रहेको छ।

जनयुद्धमा लामबद्ध योद्धाहरू सबैलाई थाहा छ, संसदीय व्यवस्थाविरुद्ध बन्दुक उठाउने बेला भएको छैन, संसदीय चुनाव उपयोग गर्नुपर्छ भन्दा लामाजीहरूलाई प्रचण्ड-बाबुरामहरूले दक्षिणपन्थी, अवसरवादी र विसर्जनवादी भन्ने आरोप लगाएका थिए तर आज प्रचण्ड-बाबुरामहरू संसदीय व्यवस्थामै फर्किएर क्रान्ति सकिएको तर्क गर्दै हिँडेका छन्। क्रान्ति आवश्यक छ भन्नेलाई 'अतिवादी' 'अराजनीतिक', 'पुरानो तरिकाले क्रान्ति गर्न खोज्ने' भनिरहेका छन्। उता दुस्मन भनेर घोषणा गरेका एमाले-काङ्ग्रेसलाई लोकतान्त्रिक र कम्युनिस्ट शक्ति मान्दै उनीहरूसँग मिलेर देशलाई समृद्धि र विकासको दिशामा अगाडि बढाउनुपर्छ भन्दै कुर्लिरहेका छन् भने यिनीहरूलाई के भन्ने त? के यो दक्षिणपन्थी, विसर्जनवादीभन्दा पनि खराब र घातक छैन र?! हामी देख्छौँ, नेपालमा जनताको जीवन पुँजीवादी संसदीय व्यवस्थाको राजनीतिक एवम् आर्थिक सम्बन्धद्वारा बाँधिएको छ र उनीहरू आज पनि पुँजीवादी सत्ताको उत्पीडनबाट सताइएका छन्। किसान, मजदुरहरू उत्पीडित अवस्थामा नै छन्। सुकुमबासीहरूको जीवन विगतमा भन्दा पनि झन् कष्टकर छ, महिलामाथिको उपभोगवादी थिचोमिचो र पितृसत्तात्मक उत्पीडन कायमै छ, दलितमाथिको अमानवीय थिचोमिचो कायमै छ। जनजाति, मधेसी जनतामाथिको उत्पीडन कायमै छ। युवकयुवतीहरू विगतको तथ्याङ्कलाई पनि तोड्दै विश्वभरि गुलामीका लागि बाध्य पारिएका छन् तर प्रचण्डहरू राजनीतिक क्रान्ति पूरा भएको भन्दै यसैबाट सुख-समृद्धि प्राप्त हुने, यही व्यवस्थामा सबै सहभागी बन्नुपर्ने भन्दै उफ्रिरहेका छन्। वास्तवमा यहाँ संसदीय व्यवस्थामा परिवर्तन आएको होइन, प्रचण्डहरूको दिमाग र दृष्टिकोणमा परिवर्तन आएको हो। प्रचण्ड-बाबुरामले संसदीय व्यवस्था मानेको र सघाएको कारणले एमालेलाई प्रतिक्रियावादी, लामाजीलाई दक्षिणपन्थी-विसर्जनवादी र मोहनजीलाई 'प्रतिक्रियावादी उन्मुख' भनेका थिए भने आज उनीहरूले रगतको आहालबाट फर्किएर दलाल पुँजीवादी संसदीय व्यवस्थाकै रक्षा गर्न पुगेपछि के भन्ने? विषय निकै गम्भीर छ! तर यतिचाहिँ किटेर भन्न सकिन्छ- प्रचण्डहरूको क्रान्तिकारी रङ पूरै उत्रिएको छ र उनीहरू दलाल पुँजीवादी सत्ताको रक्षकमा पतन हुन पुगेका छन्।

(महासचिव कमरेड विप्लवको पुस्तक 'महापतन', २०७५ बाट साभार)

## नेकपा बैतडीद्वारा ....

हालतमा पनि नछाड्ने प्रतिबद्धता व्यक्त गरे। गत मङ्सिर १४ गते घरबाट हराएका डम्मरको शव घरनजिकैको जङ्गलमा पुस २८ गते फेलापरेको थियो। डम्बरको हत्यामा संलग्नमध्ये हरिश अवस्थी र नवराज अवस्थी बैतडी कारागारमा छन् भने रमाकान्त अवस्थी र गोपाल अवस्थी ५० हजार धरौटीमा छोडिएका छन्।

कार्यक्रममा पार्टी जिल्ला सदस्य मानदेव धानुक, अखिल (क्रान्तिकारी) बैतडी जिल्ला अध्यक्ष सुरेन्द्र धामी, श्रमिक सङ्गठन नेपाल बैतडी जिल्ला अध्यक्ष करण सार्की, जनपत्रकार सङ्गठन नेपाल बैतडी जिल्ला संयोजक पुष्कर बिष्ट, सुनर्या गाउँपालिका सचिव अम्बादत्त अवस्थीलगायतको उपस्थिति रहेको थियो।


## बर्ड फ्लु रोग सम्बन्धी जानकारी

हालै प्रदेश नं. १ का सुनरी र मोरङ जिल्लामा कुखुरा तथा हाँसमा बर्डफ्लु रोग देखा परेको हुँदा तपसिल बमोजिमको सावधानी अपनाउनु हुन सर्वसाधारणको लागि अनुरोध गरिएको छ।

**सावधानी**

- तपाई बस्ने वरपर कुनै पनि पंक्षी मरेको देख्ने वित्तिकै सचेत हुनुहोस्, आफै जान्ने भएर टिपेर फाल्नेतिर नलाग्नुहोस्।
- आफ्ना बालबालिकालाई त्यस्ता पंक्षीहरुको छेउछाउमा जान नदिनुहोस्।
- कुखुरा तथा पंक्षीको मासु मज्जाले धोएपछि राम्ररी पकाएर मात्रै खाने गर्नुहोस्।
- तपाई टोल छिमेकमा कुखुरा तथा पंक्षीहरु मरेको देख्नुभएको छ भने तुरुन्तै सरकारी अधिकारी तथा सम्बन्धित स्थानीय निकायहरुमा खबर गरिदिनुहोस्।
- यसरी तपाईको टोल छिमेकमा कुखुरा तथा पंक्षीहरु मरेको थाहा पाउनु भयो या शंका लाग्यो भने मार्क्स लगाएर हिंड्नुहोस्।
- बर्डफ्लु मानिसमा सरेमा महामारीको रुप लिन सक्छ, अहिलेसम्म मानवमा बर्डफ्लु (avian influenza virus H5N5) सरिसकेपछि उपचार गर्ने विधि नेपाल भित्रिइसकेको छैन स्वास्थ्यभन्दा ठूलो कुरा केही छैन।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

धनकुटा, सम्पर्क नं. ०२६-५२२२८०, ०२६-५२२२८३

## नेकपाको १२औं ....

छलफल हुनु स्वाभाविक रहेको र जनताको रुचि र चासोका विषयमा पार्टीमा बहस हुनु कुनै अस्वाभाविक विषय नभएको बैठकमा सहभागी केन्द्रीय सदस्यहरूले बताएका छन् ।

पार्टी महासचिव विप्लवले बैठकमा प्रस्तुत गरेको प्रतिवेदनको 'एकीकृत जनक्रान्तिका कार्यनीतिहरू र स्थानीय निर्वाचन' उपशीर्षकमा भनिएको छ, 'हामीले कार्यनीति ठोस गर्दा जहिले पनि देश, श्रमिक जनता, मित्रशक्ति र पार्टीपङ्क्तिको अवस्थालाई केन्द्र भागमा राखेर गर्नुपर्छ । कस्तो कार्यनीतिले देशको हितमा, नागरिकहरूलाई ध्रुवीकृत गर्न मद्दत गर्छ, जनता र पार्टीको सम्बन्धलाई मजबुत बनाउँछ, जनतालाई एकताबद्ध र सक्रिय बनाउँछ, पार्टी पङ्क्तिलाई जनतामा पुग्न सहज तुल्याउँछ र क्रान्तिलाई अगाडि बढाउन मद्दत गर्छ भन्ने पक्षहरूलाई ध्यान दिएर बनाउनुपर्छ । यसरी विचार गर्दा पनि यो पटकको स्थानीय चुनावलाई बहिष्कार गर्नुभन्दा प्रयोग गर्नु वस्तुवादी हुन्छ ।'

पार्टी बैठकमा केन्द्रीय सदस्यहरूले रिपोर्टिङ गर्ने र महासचिवको प्रतिवेदनमाथि सुझाव दिने क्रम जारी छ । रिपोर्टिङ र सुझावपछि पुनः महासचिव विप्लवले जबाफ दिएर प्रतिवेदन सर्वसम्मत बनाई पारित गर्दा बैठक केही दिन चल्ने बताइएको छ ।

## अखिल (क्रान्तिकारी) ....

परिणत भएको थियो । विरोधसभामा सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य तथा अखिल (क्रान्तिकारी) गण्डकी प्रदेश छात्रा विभाग प्रमुख कमला परियारले विद्यालयमा नै छात्राहरू असुरक्षित हुने परिस्थिति आउनु लज्जास्पद र निन्दनीय भएको बताइन् ।

यौनपिपासु, बलात्कारीजस्तो क्रूर अपराधी शिक्षकको भेषमा रहनुले हाम्रो समाजको वास्तविक मुखुन्डो उत्रेको बताउँदै पितृसत्ताको अहङ्कार र यौनपिपासु मानसिकताको भण्डाफोर गर्नुको विकल्प नभएको उनले बताइन् । उनले सरकारले यस्ता घटनामा अपराधीलाई तुरुन्त कारबाही नगरे छात्राहरुको आन्दोलनको शक्तिले त्यस्ता शिक्षकलाई कारबाही गर्ने चेतावनी दिइन् ।

परियारले केही दिनअघि मात्र अठारमहिने बालिकाको बलात्कारपछि हत्या भएकोमा कडा विरोध जनाइन् । यौनदुर्व्यवहार गर्ने शिक्षा विकास माविका शिक्षक मनोज पौडेलमाथि कडाभन्दा कडा कारबाही गर्न माग गर्दै विद्यालयमा छात्राहरूको सुरक्षाको सुनिश्चितता गर्न माग गरिन् ।

कोणसभाको सञ्चालन अखिल (क्रान्तिकारी) अमरसिंह मावि मूल एकाइ समितिकी सहइन्चार्ज अङ्किता वाग्लेले गरेकी थिइन् ।

मोरङको उक्त घटनामा दोषीमाथि कडा कारबाहीको माग गर्दै आन्दोलनरत विद्यार्थी तथा स्थानीय बासिन्दा र प्रहरीबीच झडप हुँदा एक महिला प्रहरी उर्मिला श्रेष्ठको ज्यान गएको छ । झडपमा केही स्थानीय, विद्यार्थी र प्रहरी घाइते भएका छन् ।

## राष्ट्रघाती एमसीसी ....

यसैगरी राष्ट्रघाती एमसीसीविरुद्ध इलाममा सडक सभा सम्पन्न भएको छ । राष्ट्रघाती एमसीसीविरुद्ध सन्दकपुर गाउँपालिकास्थित देउराली बजारमा सडक सभा सम्पन्न भएको हो । श्रमिक समुदाय मोर्चाको आयोजनामा सम्पन्न सभाले एमसीसी सम्झौताविरुद्ध कडा चेतावनी दिएको छ ।

कार्यक्रममा पार्टीका जिल्ला सदस्य तथा श्रमिक समुदाय मोर्चा इलामका अध्यक्ष प्रकाश खातीको अध्यक्षतामा सम्पन्न भएको थियो । पार्टीका जिल्ला सेक्रेटरी मौसमले उक्त कार्यक्रममा एमसीसी कुनै पनि हालतमा लागू हुन नदिने बताए । उनले नेपाली जनताले स्वाधीनताका निम्ति बलिदान गरेरै भए पनि राष्ट्रघातबाट मुलुकलाई बचाउने बताए । उनले आफ्नो पार्टी राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा अग्रपङ्क्ति उभिने र देशलाई नेतृत्व प्रदान गर्ने बताए ।

कार्यक्रममा मोर्चाका अध्यक्ष प्रकाशले यो देश विदेशीलाई सुम्पन्ने दलालहरूको मुखुण्डो उदाङ्गिएकाले अब जनताले उनीहरूलाई जनकारबाही गर्नुपर्ने बताए । कार्यक्रममा दुई वर्ष भन्दा बढी इलाम कारागारमा बसेर भर्खरै रिहा भएका दीपेश राई 'बदला' लाई स्वागत तथा सम्मानसमेत गरिएको थियो ।

यसैगरी एमसीसी परियोजनाविरुद्ध बुटवलमा जातीय तथा श्रमिक मोर्चाद्वारा विरोधसभा आयोजना गरिएको छ । बुटवलमा ६ कम्युनिस्ट पार्टी र २ मोर्चा सम्बद्ध राष्ट्रिय मुक्ति मोर्चा (जातीय/क्षेत्रीय), श्रमिक/दलित जनजातिको संयुक्त सङ्घर्ष समितिले एमसीसी परियोजनाविरुद्ध विरोध प्रदर्शनका साथै कोणसभा सम्पन्न गरेको हो ।

कोणसभामा नेकपा निकट जातीय क्षेत्रीय राष्ट्रिय मुक्ति मोर्चा नेपालको प्रतिनिधित्व गर्दै मगर मुक्ति मोर्चा नेपालका केन्द्रीय महासचिव इन्द्र घर्तीमगरले एमसीसी परियोजना नेपाली जनताले अस्वीकृत गरेको भन्दै संसद् भवनभन्दा बाहिर यो परियोजना कार्यान्वयन हुन नसक्ने बताए । उनले एमसीसी परियोजना साम्राज्यवादको बल्छी भएको भन्दै संसद्ले नेपाली जनतालाई गँड्यौलाजस्तै बनाएको बताए । महासचिव मगरले एमसीसी परियोजना कुनै हालतमा कार्यान्वयन नहुने भन्दै एमसीएको नाउँमा खडा गरिएका कार्यालयहरू बन्द गर्नुपर्ने बताए ।

यसैगरी अखिल नेपाल आदिवासी जनजाति सङ्घका राजु भुजेलले एमसीसी परियोजनालाई कार्यान्वयन हुन नदिन सम्पूर्ण देशभक्त नेपालीहरू एक हुनुपर्ने बताए । अखिल नेपाल जनजाति सम्मेलनका केन्द्रीय सदस्य रामबहादुर पुनले एमसीसी भर्खर संसद्बाट पारित गरेर कार्यान्वयन हुन लागेको भन्दै यसलाई रोक्न आन्दोलनको विकल्प नभएको बताए । त्यस्तै कार्यक्रममा उत्पीडित राष्ट्रिय मुक्ति मोर्चा नेपालका जिल्ला प्रतिनिधि प्रेम कार्कीले एमसीसी परियोजना खारेज गर्नका लागि निरन्तर सङ्घर्षको विकल्प नभएको बताए ।

ट्राफिकचोकबाट एमसीसीविरुद्ध नाराबाजीसहित सुरु भएको जुलुस सङ्गमपथ, राममन्दिरलाइन, अमरपथ हुँदै बीपीचोक नजिकै वरपीपल चौतारीमा पुगेर कोणसभा सम्पन्न भएको थियो । कोणसभामा रक्तिम परिवारले नृत्य प्रस्तुत गरेको थियो भने कार्यक्रमको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध मोर्चाकी तेजकुमारी थापाले गरेकी थिइन् ।

यसैगरी एमसीसीविरुद्ध दाङमा प्रदर्शनसहित कोणसभा सम्पन्न भएको छ । नेकपा निकट राष्ट्रिय मुक्ति (जातीय/क्षेत्रीय) मोर्चासहित नेकपा (क्रान्तिकारी माओवादी) निकट जातीय/क्षेत्रीय मोर्चा र राष्ट्रिय जनमोर्चा निकट जातीय/क्षेत्रीय मोर्चाको संयुक्त आयोजनामा एमसीसीविरुद्ध प्रदर्शनसहित कोणसभा सम्पन्न भएको हो ।

कोणसभामा मगर मुक्ति मोर्चा नेपालका केन्द्रीय कोषाध्यक्ष भीमप्रकाश पुनले व्याख्यात्मक टिप्पणीका नाममा राष्ट्रघात गरेका दलालहरूलाई नेपाली जनताले राम्रोसँग चिनेको बताए । उनले नेपाली जनतालाई विभिन्न भ्रम फिँजाएर रातारात एमसीसी पास गरे पनि जनताले लागू हुन नदिने बताए । नेता पुनले जबर्जस्ती एमसीसी लाद्न खोजे नेपालमा ठूलो विद्रोह हुने चेतावनीसमेत दिए ।

कोणसभामा अखिल नेपाल जनजाति सम्मेलन केन्द्रीय उपाध्यक्ष रमेशमान गुरुङ, मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल दाङका अध्यक्ष सूर्य यादव, नेपाल दलित मुक्ति मोर्चाका प्रतिनिधि तिलक विकले पनि सम्बोधन गरेका थिए । कोणसभाको सहजीकरण राष्ट्रिय थारु मुक्ति मोर्चा नेपालका केन्द्रीय सदस्य एवम् दाङका अध्यक्ष चुलुवाले गरेका थिए ।

## बल प्रयोगबिना ....

सदस्यसमेत रहेका एमसीसीविरुद्धका अभियन्ता नारायण शर्मा 'कमलप्रसाद' ले प्रचण्ड-बाबुरामकै कारण जनयुद्धमा गद्दारी भएको बताए । 'सहिद-बेपत्ता योद्धाका सपना पूरा हुन नसकेकोमा जनयुद्ध आरम्भकर्ताको हैसियतले मैले पनि आत्मालोचना गर्नुपर्छ तर मूल गद्दारी प्रचण्ड-बाबुरामबाट भएको हो । अहिले उनीहरूले एमसीसी पारित गरेर राष्ट्रियतामाथि पनि घात गरेका छन्', उनले भने ।

आक्रोशित हुँदै माओवादी नेता शर्माले भने, 'प्रचण्ड-बाबुरामजस्ता गद्दार बाँचेर यस्ता होनहार युवा, किशोरकिशोरीले बलिदान गर्नुपऱ्यो । गद्दारीलाई चिर्दै कमरेड विप्लवहरूले क्रान्तिको झन्डा उठाउनुभएको छ । यो स्वागतयोग्य छ । बलिदानबाट आएको जागरणलाई भुत्ते हुन दिनु हुँदैन । सम्झौता र सहमतिमा आएर क्रान्तिबाट पछि फर्किनु हुँदैन । हामी हाम्रो ठाउँबाट सघाउन तयार छौं ।'

महासङ्घकी उपाध्यक्ष तथा कार्यक्रमकी अध्यक्ष शोभा दुलालले सहिदको बलिदानको उद्देश्य र जनयुद्धका बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारीहरू अविचलित भएर लाग्नुपर्ने बताइन् । राष्ट्रघाती एमसीसीविरुद्ध आन्दोलन जारी रहेकाले क्रान्तिकारी संस्कृतिकर्मीहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा निरन्तर विचार र सिर्जनाका माध्यमबाट हस्तक्षेप गरिरहनुपर्ने उनको भनाइ थियो ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले आजको अवस्था महान् सहिदहरूको बलिदानबाट प्राप्त भएको बताए । उनले आजका क्रान्तिकारीहरू फेरि प्रतिक्रान्तिकारी नबन्लान् भन्ने कुनै निश्चित नभएकाले मार्क्सवादी संस्कृतिकर्मीहरूले खबरदारी गरिरहनुपर्ने धारणा राखे ।

प्राध्यापक डा. रामप्रसाद ज्ञवालीले दलाल र गद्दारहरूले धोका दिएर सहिदको रगतलाई भुले पनि क्रान्तिकारीले देश र जनतालाई धोका दिनु नहुने बताए । उनले क्रान्तिकारीहरूले अब संसदीय व्यवस्थामा फसेर हामी धोका दिँदैनौं भनी जनतालाई आश्वस्त पार्नुपर्ने धारणा पनि राखे । उनले नेताहरूलाई खबरदारी गर्दै र सहिदहरूलाई सलाम गर्दै कविता पनि वाचन गरे ।

महासङ्घका सचिव अशोक सुवेदीले अतिथि र आगन्तुक सहभागीलाई स्वागत गर्दै र नेपाल तथा संसारभरकै मार्क्सवादी सांस्कृतिक सहिदहरूको त्याग, शौर्य र बलिदानको चर्चा गर्दै सहिदहरूको रगतले क्रान्तिकारीहरूलाई कतै नझुकी निरन्तर अघि बढिरहन प्रोत्साहित गरिरहेको बताए । महान् सहिदहरूले शोषण र विभेदमा अडिएको दलाल संसदीय व्यवस्था अन्त्य गर्ने क्रममा रगत बगाएकाले क्रान्तिकारीहरू झुक्किएर पनि त्यो व्यवस्थामा फस्न नहुने र यो व्यवस्था अन्त्य गरी त्यसको भग्नावशेषमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा उनले राखे ।

महासङ्घको केन्द्रीय सांस्कृतिक टोली सामना परिवारका कलाकारले जनवादी गीत-सङ्गीत प्रस्तुत गरेको कार्यक्रममा सुशीलसिंह ठकुरी, रसुवाली कवि, कुशल बोगटी, लक्ष्मण तामाङ, समग्र बम, खेम आचार्य, मुक्तान थेबा, अग्निराज पौडेल 'अराप', ढुण्डीराज अधिकारी, बिहानी विक, आरोह नेपाली, पवित्रा चुनारालगायत स्रष्टाले गीत र कविताहरू प्रस्तुत गरेका थिए ।

महासङ्घकी उपाध्यक्ष शोभा दुलालको अध्यक्षता, कोषाध्यक्ष आरोह नेपालीको सञ्चालन र सचिव अशोक सुवेदीको स्वागतमा सम्पन्न कार्यक्रममा नेकपा केन्द्रीय स्कुलिङ विभागका सदस्य विपीन, नेकपा काठमाडौंका सेक्रेटरी तुल्सीनारायण, नेकपा भक्तपुरका सेक्रेटरी विजय, नेकपा रसुवाका सेक्रेटरी हरि नेपाली, नेकपा धादिङका सेक्रेटरी कुशल, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी महासचिव राजकुमारी शाही, नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनका संयोजक व्यापक नेपाली, अखिल नेपाल चलचित्रकर्मी सङ्घका अध्यक्ष विवेक सापकोटा, युवा सङ्गठन नेपालकी महासचिव विदुषी, मगर मुक्ति मोर्चाका महासचिव इन्द्र मगर, शिक्षक सङ्गठनका महासचिव लक्ष्मीराम ढकाल, श्रमिक समुदायका महासचिव त्रिलोचन लुहार, किसान महासङ्घ क्रान्तिकारीका अध्यक्ष हरि श्रेष्ठलगायत दुई सयभन्दा बढी पार्टी नेता, कार्यकर्ता र जवस मोर्चाका सदस्यहरूको सहभागिता थियो ।

जनयुद्ध जारी रहेकै समयमा २०५५ साल चैत ५ गते तत्कालीन सत्ताले काभ्रेको अनेकोटमा निहत्था अवस्थाका च्याङ्बा लामासहित सातजना जनकलाकारको बीभत्स र क्रूर हत्या गरेको दिनलाई जनयुद्धको समयदेखि नै सांस्कृतिक प्रतिरोध दिवसका रूपमा मनाइँदै आएको छ ।

## नेकपा नेता सुनिल ....

आइतबार १५ हजार ६ सय रुपैयाँ जरिबाना तिरेर उनी रिहा भएको नेकपा मोरङका इन्चार्ज नरेशले बताए । सुनिललाई जनपत्रकार संगठन नेपालले खुला आकाशमा स्वागत गरेको छ । जनपत्रकार संगठन नेपालका संयोजक शेरबहादुर विश्वकर्माले उनलाई स्वागत गरेका थिए ।

स्वागत कार्यक्रममा मोरङ जिल्ला सेक्रेटरी नरेश, जनपत्रकार संगठनका केन्द्रीय सदस्य शोभराज बराल, केन्द्रीय सदस्य तथा प्रदेश १ का संयोजक आलोक लिम्बु, सुदर्शन पाण्डेसहित पत्रकारिता तालिममा उपस्थित सबै प्रशिक्षार्थीले अभिनन्दन गरेका थिए । उनलाई राज्यले हातहतियार तथा खरखजना मुद्दा लगाएको थियो ।


भू-संरक्षण कार्यक्रम/फाइदाहरु

१. भूउपयोग योजना तर्जुमा
- प्रविधि प्रवर्धन
- जलाधार योजना तर्जुमा

२. प्राकृतिक प्रकोप रोकथाम
- पहिरो तथा गल्छी नियन्त्रण
- खहरे नियन्त्रण

३. पूर्वाधार विकास संरक्षण
- सिचाई कुलो सुधार
- सडक पाखो सुधार

४. भूमिउत्पादक संरक्षण
- संरक्षण पोखरी
- गह्रा सुधार

५. सामुदायिक भूसंरक्षण
- शैक्षिक सामाग्री उत्पादन
- तालिम गोष्ठी

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
भू तथा जलाधार व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

बन डढेलो रोकथाम गरौं, बन, जन र धनको क्षति रोकौं

- बन क्षेत्रभित्र प्रज्ज्वलनशील पदार्थप्रति, सलाई, लाइटर र आगो प्रयोग नगरौं ।
- बन जंगल हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं ।
- बन जंगलभित्र कुनै किसिमको संरचना तथा जथाभावी बाटोघाटो निर्माण नगरौं ।
- निजी जग्गामा वृक्षारोपन गरी उल्लेनीय लाभ प्राप्त गरौं ।
- बन अपराध हुन लागेको थाहा पाएमा नजिकको प्रहरी तथा बन कार्यालयमा खबर गरौं ।

डिभिजन बन कार्यालय, सुर्खेत
कर्णाली प्रदेश

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु
१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु
१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : वसन्त श्रेष्ठ, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं